सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ जेठ २०८३, सोमबार (18 May 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ३५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

अध्यादेशबारे राष्ट्रिय सभामा दलहरू विभाजित

एमाले आठवटै अध्यादेश फेल गराउने रणनीतिमा, कांग्रेस र नेकपा चार-चार तथा जनमोर्चा एक अध्यादेशको विपक्षमा, जसपा भने मौन



अध्यादेशसम्बन्धी संविधानको व्यवस्था

संविधानको धारा ११४ मा अध्यादेशसम्बन्धी व्यवस्था छ। यसको उपधारा १ मा 'संघीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ' उल्लेख छ। उपधारा २ (क)मा 'अध्यादेश जारी भएपछि बसेको संघीय संसद्को दुवै सदनमा पेस गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ' भनिएको छ। अध्यादेश संसद्मा पेस भएको ६० दिनभित्र स्वीकृत नभएमा स्वतः निष्क्रिय हुने संवैधानिक व्यवस्था छ।

कमलराज भट्ट/नयाँ पत्रिका

सरकारले ल्याएका आठवटा अध्यादेशका सम्बन्धमा माथिल्लो सदन राष्ट्रिय सभामा दलहरू विभाजित बनेका छन्। कांग्रेस र नेकपाले चार-चार अध्यादेशमा असहमति जनाएका छन् भने एमाले आठवटै अध्यादेश निष्क्रिय बनाउने पक्षमा छ। जनता समाजवादी पार्टी (जसपा) मौन छ भने राष्ट्रिय जनमोर्चाले एक अध्यादेशमा असन्तुष्टि जनाएको छ। प्रतिनिधिसभामा भन्डै दुईतिहाइ मतसहित सरकार सञ्चालन गरिरहेको रास्वपाको राष्ट्रिय सभामा उपस्थिति छैन।

सुरुमा एमाले र कांग्रेसबिच सबै अध्यादेश निष्क्रिय गराउने मोटामोटी समझदारी बने पनि कांग्रेसभित्र सेवा प्रवाहसँग जोडिएका अध्यादेश रोक्दा जनतामा गलत सन्देश जाने भन्दै प्रश्न उठेपछि दलहरू विभाजित बनेका हुन्। त्यसपछि दलहरूले आ-आफ्नै ढंगले 'अध्यादेश अस्वीकार गरियोस्' भन्ने सूचना दिएका छन्।

सरकारले २८ वैशाखमा सहकारी (पहिलो संशोधन) अध्यादेश, सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश, स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल उनमेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



● **रञ्जित कर्ण**
सांसद, कांग्रेस

सहकारीको पैसा दिने, विकासका कुराहरूलाई नरोक्ने हाम्रो सोचाइ हो। आर्थिक विकास र समृद्धि सुशासनसँग जोडिएको हुनाले त्यसमा हाम्रो असहमति हुँदैन। संवैधानिक नियुक्ति र ट्रेड युनियनको सन्दर्भमा पञ्चायती हिसाबले कुलपतिलाई दिने अधिकार फिर्ता दिनुपर्छ।



● **प्रेमप्रसाद दंगाल**
एमाले संसदीय दलका नेता

दुई-तीन दिनअघिसम्म नीति तथा कार्यक्रममा व्यस्त भएकाले छलफल गर्न भ्याएका छैनौं। हामी आठवटै अध्यादेश असफल बनाउन लाग्छौं। अरू दलसँग सल्लाह गर्दै छौं।



● **झक्कुप्रसाद सुवेदी**
नेकपा संसदीय दलका नेता

एमालेले सबैमा अस्वीकृतको सूचना हालेको छ। कांग्रेसले चारमा, हामीले पनि चारमा हालेको छौं। सदनमा छलफल गर्ने वेला दलहरूबिच मुख्य विषय छुटाउनुहुँदैन भनेर एकपटक हाम्रो छलफल हुन्छ। किनकि, एक्लाएक्लै अस्वीकृत हुँदैन। बहुमत पनि पुऱ्याउनुपऱ्यो।

■ नीति तथा कार्यक्रममै विभाजित



सरकारले ल्याएको नीति तथा कार्यक्रमकै विषयमा राष्ट्रिय सभामा दलहरू विभाजित भएका छन्। बिहीबार दुवै सदनबाट सरकारी कार्यक्रम पारित भइसकेको छ। प्रतिनिधिसभामा रास्वपाको भन्डै दुईतिहाइ उपस्थिति छ। एमाले, नेकपा, श्रम संस्कृति र राप्रपाले बहिष्कार र कांग्रेसले विरोध गर्दा पनि प्रतिनिधिसभाबाट सहजै नीति कार्यक्रम पारित भयो। राष्ट्रिय सभामा भने सत्तारूढ रास्वपाको शून्य उपस्थिति छ। तर, कांग्रेस, नेकपा र जसपाले समर्थन गरेर बहुमतले पारित गरेका छन्। एमाले र जनमोर्चा भने विपक्षमा उभिएका थिए।

विद्यालाई बलखुबाट 'वैधता'

बहिर्गमनका लागि सारथिहरूबाटै बढ्दो दबाब, स्वास्थ्य अवस्था र भूराजनीतिक परिस्थितिलगायतले शक्ति क्षीण हुँदै गएका अध्यक्ष ओलीले एकाएक विद्यालाई पार्टी मञ्चको शीर्ष तहमा उभ्याएर एमालेलाई तरंगित बनाए



● **पद्मा अर्याल**, सचिव, एमाले

विगतमा उहाँको व्यक्तित्व हेरेर सदस्यता नवीकरण नगर्ने निर्णय गरिएकै हो। अब उहाँले चाहँदा पार्टी सदस्यता रोकिँदैन।



● **कर्ण थापा**, इतरपक्षका नेता

विद्याको सदस्यता रोक्ने पूर्ववत् निर्णय आइतबारको कार्यक्रमले खण्डित गरेको छ। तर, अध्यक्ष ओलीको सोच र व्यवहारमा बदलाव आइसकेजस्तो लाग्दैन।

विश्लेषकको बुझाइ



कृष्ण पोखरेल झलक सुवेदी

पार्टी नेतृत्वबाट बहिर्गमन हुँदा राजनीतिक रूपमा असुरक्षित र सहारावीहीन हुन सक्ने मनोविज्ञान ओलीमा होला, त्यसैले भण्डारीसँग सहकार्य गर्दै केही समय नेतृत्वमा रहिरहने चाहना पनि हुन सक्छ। यसबिचमा ओली र भण्डारीबिच केही न केही सकारात्मक संवाद भएर अब पार्टीमा स्थान दिनुपर्छ भन्ने सोच विकास भएको पनि हुन सक्छ। तर, एउटै घटनालाई आधार बनाएर ठुलो 'ब्रेक थ्रु' भइसकेको निष्कर्ष निकाल्न भने अझै हतार हुने देखिन्छ।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

जेन-जी आन्दोलन र गत फागुनको निर्वाचनअघि सक्रिय राजनीतिमा फर्किने हरेक प्रयासलाई अवरुद्ध गर्दै आएका केपी ओलीले अब भने पूर्वराष्ट्रपति विद्या भण्डारीका लागि ढोका खुला गरेको सन्देश

» पृष्ठ २ मा क्रमशः

■ विद्यालाई प्रमुख अतिथि : उत्तराधिकारी कि दाउपेच?

विद्यामाथि भरोसा र उत्तराधिकारीको सन्देश

पार्टीभित्र इतर पक्षले चर्को रूपमा उठाइरहेको पुनर्गठन र पुनर्जागरणको मुद्दालाई संस्थापन पक्षकै नेता-कार्यकर्ताले साथ दिँदा ओली बहिर्गमनको संकटले घेरिएका छन्। सारथिहरूकै असहयोग, जेन-जी आन्दोलनमा भएको दमनको मुद्दा, आफ्नै स्वास्थ्य अवस्था र भूराजनीतिक परिस्थितिलगायतले ओलीसँग पहिलाजस्तो शक्ति छैन। बरु उनी वाम एकता गराउनुपर्ने दबाबसहित वार्तामा छन्। यहीबिचमा निकटस्थ भनिएका उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलले नै भेटेर सम्मानजनक बहिर्गमनका लागि दबाब दिएपछि ओलीमाथि थप नैतिक संकट आइपरेको छ। त्यही कारण पौडेल र पोखरेलले निहुँ खोजे तथा छाड्नै परेको अवस्थामा बरु पुरानै विश्वासपात्र विद्यालाई उत्तराधिकारी बनाउन सकिन्छ भन्ने सन्देश ओलीले दिएको हुन सक्ने कतिपयको बुझाइ छ।



एमाले आइतबार बल्खुमा गरेको कार्यक्रममा पूर्वराष्ट्रपति भण्डारीलगायतका नेताहरू। तस्बिर : **अमुल थापा**

संकट टार्न इतरपक्ष समेटेर पुनर्जागरण अभियान

एमाले ०४६ पछिकै ठुलो संकटबाट गुज्रिरहेको छ। पछिल्लो चुनावमा प्रत्यक्षतर्फ जम्मा नौ सिट ०४८ मा जनमोर्चा नेपालले जितेको सिटबराबर हो। समानुपातिकतर्फ जम्मा १६ सहित २५ सिट मात्र जितेपछि नेपालमा वाम पार्टीको हालत भारतको पश्चिम बंगालको जस्तो हुन लागेको भन्ने मनोविज्ञानबाट एमाले कार्यकर्ता पनि ग्रसित छन्। यसलाई माथि उठाउन पुनर्जागरणको नेतृत्व गरिरहेकी विद्यासहित पार्टीको जिम्मेवारीबाहिर रहेको ठुलो पंक्तिलाई साथमा नलिई ओली अगाडि बढ्न सक्ने अवस्थामा थिएनन्। त्यही कारण पनि ओलीले सचिवालय बैठकअघि आफ्नै नेतृत्वमा पार्टी एकजुट हुने सन्देश दिएको पनि हुन सक्छ।

इतरपक्ष कमजोर बनाएर नेतृत्वमा अझै टिकिरहने रणनीति

विद्यालाई साथमा लिँदा पार्टीभित्रका विरोधी स्वर स्वतः मत्थर बन्न सक्ने विश्लेषण पनि एमाले वृत्तमा छ। विशेष गरी नेता विष्णु पौडेल र शंकर पोखरेलले समेत दूरी बढाएपछि आफ्नै गुटभित्रको विभाजन व्यवस्थापन गर्न खोज्ने समूहले नै विद्यालाई अगाडि सार्न चाहेको कतिपयको बुझाइ छ। विद्यालाई निरन्तर 'इगेज' गराइराख्ने, तर आफू पूर्ण रूपमा बलियो नभएसम्म औपचारिक रूपमा पार्टी नेतृत्वमा नल्याउने रणनीतिमा ओली रहेको हुन सक्ने आकलन पनि छ। 'नेतृत्वमा आउनु छ भने मेरै माध्यमबाट सम्भव छ, अरूसँग मिलेर होइन,' भन्ने सन्देश प्रवाह गर्न पनि ओलीले यो दाउपेच अपनाएको हुन सक्ने केही नेताको विश्लेषण छ। त्यसो त राष्ट्रपतिबाट फर्किएपछि अध्यक्ष दिने भन्दै पदमा हुँदा भरपूर उपयोग गरेकाले ओली अहिले पनि विद्यालाई उपयोग गर्ने नीतिमै रहेको हुन सक्छन्।

नेकपासँग एकता गरेर शक्तिशाली वाम पार्टी बनाउने प्रयास

एमाले र नेकपासहित कम्युनिस्ट पार्टीहरूको 'पोजिसन' अकल्पनीय रूपमा खस्किएकाले सबै पुनर्गठन र एकताको दबाबमा छन्। करिब दुईतिहाइको शक्तिशाली सरकारसँग जुध्न पनि एक ठाउँमा उभिनैपर्ने दबाबमा वाम पार्टीहरू छन्। त्यही कारण ओली, प्रचण्डसहितका नेताहरूबिचको संवाद बार्किँदै गएको छ। नेकपाले त बैठकबाटै एकताका लागि आह्वान गरिसकेको छ। ओलीको सट्टा विद्या त्यसको सेतु बन्न सक्ने नेताहरूको बुझाइ छ। आइतबारै नेकपाका संयोजक प्रचण्डले सुर्खेतमा वाम एकताका लागि अरूसँग नभएर एमालेसँगकै एकता बढी सम्भावना रहेको बताएका छन्।

कार्यान्वयनमा आएन कैद कट्टा सुविधा



कैद कट्टासम्बन्धी नियमावली नबन्दा ६५ वर्षभन्दा माथिका पाँच सयभन्दा धेरै ज्येष्ठ नागरिक कारागारमै

मौखिक यौनजन्य दुर्व्यवहार गर्नेलाई सेवाबाट बर्खास्ती गर्न सकिन्छ : सर्वोच्च


(विस्तृत पृष्ठ ३)

लुम्बिनी प्रदेशका चारवटै गौरवका आयोजनाको निर्माण कछुवा गतिमा



राजधानी अझै अपूरो, रामपुर-कपुरकोट सडक र प्रादेशिक अस्पतालमा बजेट अभाव, विश्वविद्यालय भाडामा

(विस्तृत पृष्ठ ६)



विस्थापित सुकुमवासीको 'स्क्रिनिङ'मा कम्तीमा एक महिना लाग्ने

पहिचान समितिको, व्यवस्थापन मन्त्रालयको

टेकराज थामी/नयाँ पत्रिका

काठमाडौं उपत्यकाका नदीकिनारबाट हटाइएका सुकुमवासीको पहिचान कार्य टुंग्याउन अझै कम्तीमा एक महिना लाग्ने भएको छ। अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले दर्ता भएका सुकुमवासीको सम्पूर्ण विवरण अध्ययन (स्क्रिनिङ) गरिरहेकाले यो प्रक्रिया सक्न समय लाग्ने देखिएको हो।

विकास समितिका अनुसार हालसम्म दुई हजार ६१६ घरपरिवारका ११ हजार एक सुकुमवासी सरकारको सम्पर्कमा छन्। समितिका कार्यकारी अध्यक्ष डा. आनन्दसिंह भाटले चरणबद्ध रूपमा स्क्रिनिङको काम भइरहेको र सकेसम्म वर्षायाम सुरु हुनुअघि नै यो कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको बताए। 'अहिले स्क्रिनिङ गर्ने काम भइरहेको छ। यो काम चरण-चरणमा गर्नुपर्छ। त्यसो हुँदा यसले समय लिन्छ। सकेसम्म बर्खाअघि यो काम सक्ने लक्ष्य लिएका छौं,' उनले भने।

समितिले हाललाई सुकुमवासीको नयाँ दर्ता प्रक्रिया स्थगित गरेको छ। समितिका अध्यक्ष डा. आनन्दसिंह भाटका अनुसार विकास समितिले

» पृष्ठ २ मा क्रमशः



कीर्तिपुरस्थित राधास्वामी सत्संग भवनको होल्डिङ सेन्टर। फाइल तस्बिर

खोलाछेउबाट हटाइएका सुकुमवासीका सन्ततिले आवासीय सुविधासहित निजीमा पढ्न पाउने

सुकुमवासी १४ बालबालिकालाई आवासीय सुविधासहित निजी स्कुलमा निःशुल्क पढाउन काठमाडौं महानगर, प्याब्सन, एन प्याब्सन र अभिभावकबिच सहमति भएको छ। सम्झौताअनुसार ती विद्यार्थीले सुप्रिम बोर्डिङ स्कुल, केबिसी स्कुल, भ्याली पब्लिक स्कुल, प्रोगेसिभ स्कुल, केएमसी स्कुल, भेनस पब्लिक स्कुल, नेसनल आइडियल बोर्डिङ स्कुल, गेट वे एकेडेमी, नेक्सस इन्टरनेसनल एकेडेमीलगायतमा कक्षा १० सम्म निःशुल्क पढ्न पाउनेछन्।

दुई हजार कन्सल्टेन्सी छानबिनमा

दर्ता वा नवीकरणविनै सञ्चालित कन्सल्टेन्सीको सूची बनाएर कारबाही अभियान

पहिलो चरणमा ९५ कन्सल्टेन्सीमा छापा, ६९ सञ्चालक पक्राउ

नयाँ पत्रिका

मापदण्डविपरीत सञ्चालनमा रहेका शैक्षिक परामर्श केन्द्र (कन्सल्टेन्सी) माथि प्रहरीले कारबाही अघि बढाएको छ। दर्ता नभएका, दर्ताका लागि निवेदन दिएका तर स्वीकृति नपाएका र परामर्शको नाममा म्यानपावरको समेत काम गर्दै आएका कन्सल्टेन्सी कारबाहीको दायरामा तानिएका छन्। काठमाडौं उपत्यकामा मात्रै करिब दुई हजार कन्सल्टेन्सी दर्ताविनै सञ्चालनमा रहेको अनुमान छ।

मापदण्डविपरीत सञ्चालनमा रहेका कन्सल्टेन्सीबारे पीडित विद्यार्थीले पनि उजुरी गरेका थिए। यसलाई समेत आधार मानेर प्रहरीले शिक्षा तथा खेलकुद मन्त्रालयसँग समन्वय गरी कारबाही अभियान थालेको हो। दर्ता वा नवीकरणविनै सञ्चालित कन्सल्टेन्सीको सूची लिएर छानबिन थालिएको प्रहरी अधिकारीहरूले जनाएका छन्। पहिलो चरणमा ६९ कन्सल्टेन्सीका सञ्चालक पक्राउ परेका छन्।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले शुक्रबार ९५ कन्सल्टेन्सीमा छापा मारेको र त्यसमा ६९ सञ्चालक पक्राउ गरिएको एसपी रामेश्वर कार्कीले बताए। 'शिक्षा नियमावली र शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिकाले तोकेका मापदण्डविपरीत सञ्चालित शैक्षिक परामर्श केन्द्रमाथि कारबाही थालिएको हो,' उनले भने, 'दर्ता नै नभएका, नवीकरण नभएका र मापदण्ड पूरा नगरेका केन्द्रका ६९ जना सञ्चालक पक्राउ परेका छन्। अन्यमाथि छानबिन भइरहेको छ।'

करिब दुई हजार कन्सल्टेन्सी विनादर्ता सञ्चालनमा रहँदा कतिपय भने दर्ताका लागि निवेदन दिएर अनुमतिपत्र नपाएका छन्। त्यसमध्ये कतिपयले शैक्षिक परामर्शको नाममा म्यानपावरको समेत काम गर्दै आएको प्रहरी अनुसन्धानमा खुलेको अधिकारीहरूले जनाएका छन्।

शिक्षा मन्त्रालयमा एक हजार ४७३ कन्सल्टेन्सी दर्ता भएका छन्। त्यसमध्ये करिब नौ सयको मात्र नियमित नवीकरण छ। त्यस्तै, प्रदेशमा दुई हजारले निवेदन दिएकोमा करिब पाँच सयले मात्र अनुमति पाएका छन्। सरकारले नै अनुमतिमा ढिलाइ गरेकाले कतिपय भने समस्यामा परेका छन्।

प्रहरीले एकता ग्लोबल एजुकेसन कन्सल्टेन्सी, इन्टर ग्लोबल एजुकेसन कन्सल्टेन्सी, अल्पार एजुकेसन, ग्लोबल ग्लोरी एजुकेसन, रोयल सूर्य एजुकेसन, ब्रेन बृज एजुकेसन, सावित्री अब्रोड, इडब्ल्युसी एजुकेसनका सञ्चालकलाई पक्राउ गरेको हो। त्यस्तै, ब्रेनी इन्टरनेसनल, अक्सफोर्ड स्मार्ट एजुकेसन, गुल्मोहर एजुकेसन, ब्लुम अब्रोड एजुकेसन, अक्सब्रिज फाउन्डेसन ग्लोबल स्टडिज, ज्ञानमार्ग एजुकेसन एन्ड सर्भिस, निको कन्सल्टेन्सी, उरेसी एजुकेसन एन्ड ट्रेनिङ सेन्टर, आकृति माटिवेज, मून स्काई कन्सल्टेन्सी, सर्वज्योति एजुकेसन हबका सञ्चालकलाई पनि पक्राउ गरेको छ।

एडुक्वेस्ट इन्टरनेसनल, प्राइम पाथ, समेथन एजुकेसनल इन्स्टिच्युट, लेक्सिको एजुकेसनल नेटवर्क, गुरुबा इन्टरनेसनल, पास्कल एजुकेसन, पिएनपी एजुकेसन, पाथीभरा एजुकेसनल, मिन्नानो एकेडेमी, क्यानन टुर एन्ड ट्राभल, फ्रेस रुट्स एजुकेसन, कञ्चनजंगा कोरियान भाषाका सञ्चालकलाई पनि पक्राउ गरिएको अपराध अनुसन्धान कार्यालयले जनाएको छ। इपिटोम एजुकेसन हेल्पलाइन, ग्रिनलाइन एजुकेसन, छिन्गु कोरियन, अल्टरनेटिभ इन्टरनेसनल एजुकेसन, मेगाटेक भ्याली एजुकेसन, राइट चान्स एजुकेसन, २४ आवर कन्सल्टेन्सी, प्रोफिसियन्सी लर्निङ एजुकेसन सेन्टर कन्सल्टेन्सीका सञ्चालक पनि प्रहरी नियन्त्रणमा छन्।

युनिभर्सिटी गेटवे एजुकेसन, भिक्ट्री एजुकेसनल, जेएफआर एकेडेमी जापानिज ल्यांग्वेज स्कुल, हिमालयन एजुकेसन ग्रुप सर्भिस, ग्रिनर एजुकेसन, आयुमी नेपाल, ए टु जेड जापान एन्ड कोरियन भाषा, ग्लोबल इम्प्याक्ट एजुकेसन, स्किलपोइन्ट एजुकेसनका सञ्चालकलाई पनि प्रहरीले पक्राउ गरेको छ।

जेनिसेस एजुकेसन हब, स्टार एजुकेसन, मास्टर्स एकेडेमी एजुकेसन, अल युरोपियन एजुकेसन, जिपिसी नेपाल, सिआर एजुकेसन, एचिमेन्ट एजुकेसन एन्ड भिसा, ग्रिन एप्पल भिसा एन्ड इमिग्रेसन, क्लिक कन्सल्टिङ, फ्युचर बिलोङ्स कन्सल्टेन्सी, द क्लास रूम एजुकेसन प्रालि, आइडिबी ग्लोबल, एनआइएमबी एजुकेसन, इम्पल्स एजुकेसन, भाइब्रान्ट एजुकेसन, ड्रिम एजुकेसन, निप्पोन एज् ग्लोबल एजुकेसन, निट इन्टरनेसनल, निहोन एसिया, सेप्स एजुकेसन एन्ड कन्सल्टेन्सी र वेस्टर्न स्मार्ट सिटी एजुकेसनका सञ्चालकलाई पनि पक्राउ गरेर कारबाही प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ।

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/०४ गते

यस माछापुच्छ्रे बैंक लि. लाजिम्पाट शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/०२/३२ गतेको कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ०८ (आठौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०५३ बमोजिम दर्ता कायम भएको **श्री गौतम बुद्ध हाइड्रोपावर प्रा.लि.**।

दर्ता नं. २६८५३, दर्ता मिति : २०६०/१०/०९, पान नं. ३०१५५२९०५, दर्ता मिति : २०६०/११/२७

विद्युत खरिद बिक्री परियोजना मिति : २०६१/०४/२३

ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, अनामनगर, **संचालकहरु : निलेश अधिकारी, शान्त कुमार कार्की**

व्यक्तिगत जमानतकर्ताहरु

१. निलेश अधिकारी	२. गिरी राज अर्याल
ना.प्र.नं. ९४२८, जि.प्र.का. रूपन्देही	ना.प्र.नं. २१००९, जि.प्र.का. रूपन्देही
जारी मिति : २०५४/०८/१६	जारी मिति : २०५९/०२/२०
बाबु : बाबुराम अधिकारी, बाजे : तुल्सीराम अधिकारी	बाबु : बेल भट्ट अर्याल, बाजे : झविलाल अर्याल
ठेगाना : रूपन्देही जिल्ला, शंकरनगर गा.वि.स. वडा नं. ५	ठेगाना : रूपन्देही जिल्ला, आनन्दबन गा.वि.स. वडा नं. ४

३. शान्त कुमार कार्की

ना.प्र.नं. ८/२९४, जि.प्र.का. रूपन्देही, जारी मिति : २०४५/०९/२३

बाबु : दिल बहादुर कार्की, बाजे : बल बहादुर कार्की

ठेगाना : रूपन्देही जिल्ला, शंकरनगर गा.वि.स. वडा नं. ६

धितोमा रहेको सम्पत्तिको विवरण

१. श्री गौतम बुद्ध हाईड्रोपावर प्रा.लि. को नाममा मालपोत कार्यालय पाल्पामा दर्ता कायम रहेको, पाल्पा जिल्ला, दोभान वडा नं. ५ स्थित कित्ता नं. ५५८ र ५६८ को क्षेत्रफल क्रमश: १-८-०-० (वि.क.धु.क.) र ०-८-०-० (वि.क.धु.क.) को जग्गा र विद्युत गृह लगायत परियोजना अन्तर्गतका सम्पूर्ण लिगलगापात समेत।

२. श्री गौतम बुद्ध हाईड्रोपावर प्रा.लि. ले बैंकलाई लेखिदिएको मौज्दात तथा चल/अचल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

३. ऋणी कम्पनीले बैंकसँग गरेको हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment/Authorization Agreement) बमोजिम उत्पादन अनुमति पत्र तथा नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्झौता।

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।

४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।

५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।

६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।

७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।

८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।

९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।

१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।

११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन।

१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।

१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८३/०२/११ सोमबार १२:०० बजे सम्म	२०८३/०२/११ सोमबार दिनको ३:३० बजे
केन्द्रीय कार्यालय, लाजिम्पाट	केन्द्रीय कार्यालय, लाजिम्पाट

माछापुच्छ्रे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित

शाखा कार्यालय, लाजिम्पाट

विद्यालाई...

पृष्ठ १ बाट क्रमशः

दिएका छन्। एमालेले पहिलोपटक पूर्वउपाध्यक्षको हैसियतमा भण्डारीलाई कार्यक्रमको प्रमुख अतिथि बनाएर उनको सक्रिय राजनीतिमा पुनरागमनको संकेत गरेको छ। एमालेमा नेतृत्व परिवर्तनको बहस र वामपन्थी शक्तिबिच नयाँ एकताको प्रयास जारी रहँदा भण्डारीलाई 'प्रोजेक्ट' गर्नु राजनीतिक रूपमा अर्थपूर्ण मानिएको छ।

पार्टी सदस्यता नवीकरण नगर्ने निर्णय गरेर सक्रिय राजनीतिमा 'फुलस्टप' लगाएको एमालेले पूर्वराष्ट्रपति भण्डारीलाई पार्टी कार्यक्रमको प्रमुख अतिथि बनाएर पुनरागमनको 'रेड कार्पेट' बिछ्याएको हो। एमालेले ३३औँ मदन-आश्रित स्मृति दिवसका अवसरमा आइतबार पार्टीको पुरानो केन्द्रीय कार्यालय बल्खुपरिसरमा आयोजित कार्यक्रममा प्रमुख अतिथि बनाएसँगै भण्डारीको सम्भावित यात्राको जनाउ दिएको छ। जबकि अघिल्लो ६ साउनमा केन्द्रीय कमिटी बैठकबाटै पार्टी राजनीतिमा सक्रिय हुने भण्डारीको योजनामाथि एमालेले निर्णय नै लिएर 'ब्रेक' लगाएको थियो।

कार्यक्रम सञ्चालक महासचिव शंकर पोखरेलले भण्डारीलाई 'कमरेड' शब्दसमेत सम्बोधन गर्दै पूर्वउपाध्यक्ष र पूर्वराष्ट्रपतिका रूपमा मञ्चमा आसनग्रहण गराएका थिए। त्यति मात्र होइन, उनले वक्ताको आमन्त्रण गर्दासमेत पूर्वउपाध्यक्ष सम्बोधन गरेर एमालेमा भण्डारीको आगमनलाई राजनीतिक रूपले अनुमोदन गरेका छन्। महासचिव पोखरेलले आगामी दिनमा पार्टीको औपचारिक फोरमबाट पनि निर्णय गर्ने सन्देश दिएका छन्।

अध्यक्ष ओलीकै सहमतिमा महासचिव पोखरेलले भण्डारीलाई पूर्वउपाध्यक्षको हैसियतमा पार्टी कार्यक्रममा अतिथिका रूपमा आमन्त्रण गरेका हुन्। यसको संकेत बुझिने गरी निमन्त्रणा-पत्र लिएर केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारी शुक्रबार बालुवाटारस्थित भण्डारीनिवास पुगेका थिए। ओली कार्यक्रममा सहभागी नहुने निश्चित भएपछि शनिबार भण्डारीलाई नै प्रमुख अतिथि बनाइने जानकारी गराइएको थियो।

यसअघि पनि स्मृति दिवसको तयारीबारे औपचारिक सुझाव र निर्देशन लिन सचिव तथा मोर्चा फाँट प्रमुखसहित जनवर्गीय संगठनका नेताहरूको टोली एक महिनाअघि मदन भण्डारी फाउन्डेसनको बानेश्वरस्थित कार्यालय पुगेर भण्डारीसँग छलफल गरेको थियो। भण्डारीकै सुझावअनुसार एमालेले देशव्यापी रूपमा स्मृति दिवससम्बन्धी कार्यक्रम अघि बढाएको थियो। यही कारण मदन भण्डारी हीरक जयन्तीले आयोजना गर्ने तयारीमा रहेका केही कार्यक्रमसमेत तत्कालका लागि स्थगित गरिएको फाउन्डेसनका एक पदाधिकारीले बताए।

अध्यक्ष ओलीकै निर्देशनमा भण्डारीलाई प्रमुख अतिथि बनाइएको र उनले सक्रिय राजनीतिमा फर्किन चाहेमा सदस्यता नवीकरण रोक्नेसम्बन्धी अघिल्लो निर्णयमाथि समेत पुनर्विचार हुन सक्ने संस्थापन पक्षका नेताहरू बताउँछन्। यसै सन्दर्भमा अघिल्लो आइतबार ओली र भण्डारीबिच भक्तपुरको गुन्डुस्थित ओलीनिवासमा दुई घण्टाभन्दा लामो छलफलसमेत भएको थियो।

प्रमुख अतिथिको हैसियतमा विद्याले पनि राजनीतिक भाषण गरिन्। 'नेकपा एमालेले लोकतान्त्रिक आन्दोलन, संविधान निर्माण र विकासको यात्रामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। अब पार्टीले जनविश्वासलाई सुदृढ बनाउन जनमुखी कार्यशैली, आत्मानुशासन र सेवाभावलाई व्यवहारमा उतार्नुपर्दछ,' उनले भनिन्, 'कार्यकर्ताहरू जनताका बिचमा पुग्नुपर्दछ। जनताको दुःखसुखमा सहभागी हुनुपर्छ। र, समाजमा सकारात्मक राजनीतिक संस्कार निर्माणमा सक्रिय बन्नुपर्छ।'

एमालेभित्रको इतरपक्ष मात्र होइन, ओलीनिकट नेताहरू उपाध्यक्ष विष्णु पौडेल र महासचिव पोखरेलले समेत उनलाई बहिर्गमन गराएर पार्टी पुनर्गठन तथा पुनर्जागरण अभियान अघि बढाउने प्रयास गरिरहेका छन्। यद्यपि ओलीले आफ्नी पूर्वविश्वासपात्र भण्डारीलाई अगाडि सारेर नयाँ राजनीतिक दाउपेच खेलेको हुन सक्ने आशंकासमेत पार्टीवृत्तमै छ।

तर, विश्लेषक झलक सुवेदी अघिल्लो साता भएको संवादलाई हेर्दा अध्यक्ष ओलीमा पूर्वराष्ट्रपति विद्या भण्डारीलाई पुनः पार्टी राजनीतिमा स्थान दिने सकारात्मक सोच विकसित भइरहेको संकेतका रूपमा लिनुपर्ने बताउँछन्। 'पूर्वराष्ट्रपति विद्याको पार्टी सदस्यता नवीकरण नगर्ने अघिल्लो साउनको निर्णयदेखि आइतबार बल्खुमा उनलाई पार्टी नेताकै हैसियतमा प्रमुख अतिथि बनाएर मञ्च दिइएको घटना विपरीत घटनाक्रम देखिन्छन्। यसबाट ओली र भण्डारीबिच यसबिचमै केही न केही सकारात्मक संवाद भएको र अब पार्टीमा स्थान दिनुपर्छ भन्ने ओलीमा सोच विकास भएको हुन सक्छ,' उनले भने, 'त्यसैले भण्डारीको राजनीतिक पुनरागमनलाई 'अवैध' ठान्दै आएको एमालेले अन्ततः आइतबार आयोजित मदन-आश्रित स्मृति दिवसमार्फत उनको उपस्थितिलाई औपचारिक वैधता दिएको अर्थमा पनि यस घटनालाई बुझ्न सकिन्छ।'

ओलीले सक्रिय राजनीतिका लागि पार्टीको ढोका बन्द गरे पनि पार्टीभित्र समानान्तर समूहकी संरक्षकका रूपमा रहेकी भण्डारी संस्थापन पक्षका नेताहरूसँग निरन्तर संवादमै थिइन्। २१ फागुनको निर्वाचनमा एमालेले ०४८ सालमा तत्कालीन जनमोर्चा नेपालले प्रत्यक्षतर्फ जितेका नौ सिटबराबरमै सीमित हुनुपर्ने गरी अकल्पनीय धक्का बेहोरेपछि पार्टीभित्र अध्यक्ष ओलीले राजीनामा दिनुपर्ने तथा केन्द्रीय कमिटीदेखि पालिका तहसम्म पुनर्गठन अभियान चलाउनुपर्ने आवाज बलियो बन्दै गएको थियो। तर, नेतृत्वमाथि संकट परेका वेला सार्वजनिक रूपमा आलोचना गर्नु उपयुक्त नहुने भन्दै भण्डारीले आफ्ना निकटस्थ नेताहरूलाई समेत आक्रामक अभिव्यक्ति नदिन बारम्बार सचेत गराउँदै आएकी थिइन्।

राजनीतिशास्त्री कृष्ण पोखरेलका अनुसार ओलीले अहिले विभिन्न राजनीतिक कारणले भण्डारीसँग सकारात्मक सम्बन्ध कायम गर्दै उनलाई अगाडि सार्न खोजेका हुन सक्छन्। तर, उनका अनुसार प्रमुख अतिथि बनाइएको एउटै घटनालाई आधार मानेर अहिले नै ठुलो 'ब्रेक थ्रु' भएको निष्कर्षमा पुग्न हुँदैन। 'पार्टी संकटबाट गुज्रिरहेका वेला संगठनलाई एकताबद्ध राख्नुपर्छ भन्ने मत प्रभावी बन्दै गएपछि ओलीकै सहमतिमा भण्डारीलाई अगाडि सारिएको हुन सक्छ। अर्कोतर्फ उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलले नै विकल्प खोजेका कारण ओलीले नै संकट टार्न भण्डारीलाई अग्रसर गराउन खोजेको पनि हुन सक्छ,' उनले भने, 'पार्टी नेतृत्वबाट बहिर्गमन हुँदा आफू राजनीतिक रूपमा असुरक्षित र साहाराविहीन हुन सक्ने मनोविज्ञान ओलीमा होला, त्यसैले भण्डारीसँग सहकार्य गर्दै केही समय नेतृत्वमा निरन्तर रहने चाहना पनि हुन सक्छ। प्रमुख अतिथिका रूपमा भण्डारीलाई प्रस्तुत गरिएको घटनाले ओली-भण्डारी सम्बन्धमा 'आइसब्रेक' हुन लागेको संकेत दिएको छ। तर, एउटै घटनालाई आधार बनाएर ठुलो 'ब्रेक थ्रु' भइसकेको निष्कर्ष निकाल्न भने अझै हतार हुने देखिन्छ।'

ओलीनिकट मानिने सचिव पद्मा अर्यालले भण्डारीलाई प्रमुख अतिथि बनाइनु अस्वाभाविक नभएको भन्दै पार्टीले अब उनको आगमन नरोक्ने प्रस्ट संकेत गरिन्। 'राष्ट्रपतिमा बहाल हुँदाबाहेक उहाँ मदन-आश्रित स्मृति दिवसका सबै कार्यक्रममा उपस्थित हुने गर्नुभएको छ। पदावधि सकिएपछि पनि निरन्तर सामेल हुनुभयो। पार्टी स्थापना दिवसमा उहाँलाई विगतमा पनि प्रमुख अतिथि बनाइसकेकाले यो नौलो नभएर स्वाभाविक हो,' उनले भनिन्, 'विगतमा उहाँको व्यक्तित्व हेरेर सदस्यता नवीकरण नगर्ने निर्णय गरिएकै हो। साथै, उहाँले आवेदन दिएको हकमा दिन सकिने पनि निर्णय भएको थियो। महाधिवेशनका कारण त्यसवेला रोकिएको भए पनि उहाँले चाहँदा पार्टी सदस्यता दिने कुरामा पार्टीले सोच्न सक्छ। आवेदन गर्दा रोकिँदैन।'

इतरपक्षका नेता कर्णबहादुर थापाले अघिल्लो वर्ष त्यही कार्यक्रममा नामसमेत उच्चारण नगर्ने नेताहरूले नै अहिले प्रमुख अतिथि बनाएका कारण व्यवहारमा बदलाव भन्न सकिने बताए। साथै, थापाले ओलीको सोचमा भने परिवर्तन भएको भन्न नसकिने बताए। 'अघिल्लो वर्ष उहाँ कार्यक्रममा सहभागी हुँदा नामसमेत उच्चारण गरिएन। अहिले प्रमुख अतिथि नै बनाइएकाले समय र परिस्थितिको बदलावले पार्टीको व्यवहार फेरिएको अर्थमै बुझ्नुपर्छ,' थापाले भने, 'पूर्वराष्ट्रपतिज्यू पार्टी संकटमा परेका वेला नेतृत्वका कमजोरीविरुद्ध सार्वजनिक रूपमा बोल्नुहुँदैन भन्ने मान्यतामा दृढ हुनुहुन्छ र उहाँले बोल्नुभएको पनि छैन। तर, पनि अध्यक्षको सोच र व्यवहारमा बदलाव आइसकेजस्तो चाहिँ लाग्दैन। यद्यपि, भण्डारीलाई सदस्यता नदिने पूर्वनिर्णय भने आइतबारको कार्यक्रमले नै खण्डित गरेको छ।'

एमालेले विद्याको सदस्यता नवीकरण नगर्नेबारे निर्णयमा भनेको थियो, 'पूर्वराष्ट्रपति विद्या भण्डारी राज्यको सर्वोच्च पदमा पुगेको सम्मानित अभिभावक हुनुहुन्छ, त्यस्तो व्यक्तिलाई पार्टीमा फर्काएर कार्यकर्तामा सीमित गर्दा उहाँको मात्र होइन, गणतन्त्रको र पार्टीकै अपमान हुन्छ। उहाँको सदस्यता नवीकरण गर्नु भनेको पार्टी नेता बनाउनु हो। त्यसैले उहाँलाई सम्मानित रूपमा पार्टीबाहिर राख्दा नै हाम्रो प्रणालीको, पार्टीको र उहाँ स्वयंको हित हुने भएकाले नवीकरण नगर्ने निर्णय गरिएको छ।'

अध्यादेशबारे...

पृष्ठ १ बाट क्रमशः

अध्यादेश, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्थासहितको अध्यादेश, विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश र संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश दुवै सदनमा पेस गरेको छ।

संसद् सचिवालयका अनुसार १० सांसद रहेको एमालेले आठवटै अध्यादेश अस्वीकृत गर्न सूचना दिएको छ। २४ सिट भएको कांग्रेसले संवैधानिक परिषद्, केही नेपाल ऐन संशोधन, विश्वविद्यालयसम्बन्धी र सार्वजनिक खरिद ऐन संशोधनसम्बन्धी अध्यादेश अस्वीकृत गर्न सूचना दिएको छ। त्यस्तै, १७ सांसद रहेको नेकपाले संवैधानिक परिषद्, केही नेपाल ऐन संशोधन, विश्वविद्यालयसम्बन्धी र सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी अध्यादेश निष्क्रिय गराउन सूचना दिएको छ। एक सिट भएको जनमोर्चाले संवैधानिक परिषद् अध्यादेश अस्वीकृत गर्न खोजेको छ। ७ जेठमा अध्यादेशलाई छलफलको प्रक्रियामा लैजाने राष्ट्रिय सभाको सम्भावित कार्यसूची छ।

प्रतिनिधिसभा नियमावलीको नियम ९५ मा अध्यादेश सदनमा पेस भएपछि सांसदले अस्वीकार गरियोस् भन्ने सूचना कारणसहित दर्ता गर्न पाउने उल्लेख छ। राष्ट्रिय सभामा पूर्ण रूपमा निर्णायक रहेका पुराना दलले आ-आफ्नै ढंगले अस्वीकृतको सूचना राखे पनि साझा धारणा बनाउन प्रयास जारी राखेका छन्।

५९ सदस्यीय राष्ट्रिय सभामा हाल ५७ जना सदस्य कायम छन्। राष्ट्रपतिबाट एकजना मनोनीत हुन बाँकी छ भने कांग्रेस सांसद बलदेव बोहराको निधनपछि अर्को एक पद रिक्त छ। हाल बहाल रहेको ५७ सदस्यमध्ये राष्ट्रिय सभामा बहुमतका लागि २९ जना चाहिन्छ।

राष्ट्रिय सभामा कांग्रेस २४, नेकपा १७, एमाले १०, जसपा तीन र जनमोर्चासँग एक सिट छ। यसबाहेक राष्ट्रिय सभा अध्यक्ष नारायण दाहाल र अञ्जान शाक्य मनोनीत सदस्य पनि छन्। दाहाल नेकपा र शाक्य एमाले पृष्ठभूमिबाट आएका हुन्।

राष्ट्रिय सभामा कांग्रेस सांसद रञ्जित कर्णले एमाले सबै अध्यादेश अस्वीकृत गर्ने पक्षमा रहेको र कांग्रेस आंशिक रूपमा 'करेक्सन' गर्ने सोचमा रहेको बताए। 'सहकारीको पैसा दिने, विकासको कुराहरूलाई नरोक्ने हाम्रो सोचाइ हो। आर्थिक विकास र समृद्धि सुशासनसँग जोडिएको हुनाले त्यसमा हाम्रो असहमति हुँदैन,' उनले भने, 'संवैधानिक नियुक्ति र ट्रेड युनियनको सम्बन्धमा हाम्रो चासो हो। विश्वविद्यालयको सन्दर्भमा पञ्चायती हिसाबले कुलपतिलाई दिने अधिकार फिर्ता दिनुपर्छ।' अध्यादेश अस्वीकृति गर्ने सन्दर्भमा दलहरूबिच कुनै साझा धारणा नबनिसकेको उनले बताए।

राष्ट्रिय सभामा एमाले संसदीय दलका नेता प्रेमप्रसाद दंगालले अध्यादेशमा ७ जेठमा छलफल तोकिएको र त्यतिवेलासम्म दलहरूबिच साझा धारणा बन्ने बताए। 'दुई-तीन दिनअघिसम्म नीति तथा कार्यक्रममा व्यस्त भएकाले छलफल गर्न भ्याएका छैनौँ। हामी आठवटै अध्यादेश असफल बनाउन लाग्छौँ। अरू दलसँग सल्लाह गर्दै छौँ,' उनले भने। आह्वान गरिसकेको संसद् स्थगन गरेर अध्यादेश ल्याएको हुनाले प्रक्रियाकै हिसाबले पनि विरोध गर्नुपरेको उनको भनाइ छ।

राष्ट्रिय सभामा नेकपा संसदीय दलका नेता झक्कुप्रसाद सुवेदीले कांग्रेस, एमाले र नेकपाको साझा धारणा बनाएर कुन अध्यादेश अस्वीकृत गर्ने भन्ने टुंग्याइने बताए। उनका अनुसार यस विषयमा तीन दलका शीर्ष नेताबिच पनि संवाद भइरहेको छ। 'एमालेले सबैमा अस्वीकृतको सूचना हालेको छ। कांग्रेसले चारमा, हामीले पनि चारमा हालेको छौँ। सदनमा छलफल गर्ने वेला दलहरूको बिचमा मुख्य विषय छुटाउनुहुँदैन भनेर एकपटक हाम्रो छलफल हुन्छ। किनकि, एक्लाएक्लै अस्वीकृत हुँदैन। बहुमत पनि पुऱ्याउनुपऱ्यो,' उनले भने।

विस्थापित...

पृष्ठ १ बाट क्रमशः

सुकुमवासीको पहिचान र तथ्यांक संकलन गर्ने कार्य मात्र गर्नेछ। पहिचान भइसकेका सुकुमवासीको स्थायी व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी भने भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको रहेको छ।

सरकारले १२ वैशाखदेखि उपत्यकाभित्रका नदीकिनारका सुकुमवासी बस्ती हटाउन सुरु गरेको थियो। तर, विनापूर्वतयारी र विकल्पविना नै बस्ती भत्काइएको भन्दै चौतर्फी विरोध भएपछि हाललाई हटाउने कार्य स्थगित गरिएको छ। हटाइएका सुकुमवासीको उचित व्यवस्थापन गरेपछि मात्र अन्य क्षेत्रमा हात हाल्ने रणनीति सरकारले लिएको छ।

बस्तीबाट हटाइएकामध्ये जम्मा ४० परिवारका ९३ जना सुकुमवासीलाई मात्र तारकेश्वरको इचंगुनारायणस्थित अपार्टमेन्टमा राखिएको छ। त्यहाँ २१३ परिवारका लागि अपार्टमेन्ट बनाइएको भए पनि त्यो कुल संख्याका लागि पर्याप्त देखिँदैन। बाँकी ठुलो संख्याका सुकुमवासी हाल सार्वजनिक स्थल, गेस्टहाउस तथा विभिन्न होल्डिङ सेन्टरमा टेन्ट टाँगेर बस्न बाध्य छन्।

खोलाछेउबाट हटाइएका सुकुमवासीका सन्ततिले आवासीय सुविधासहित निजीमा निःशुल्क पढ्न पाउने

काठमाडौं/ काठमाडौंका नदीकिनार तथा जोखिमयुक्त क्षेत्रका बस्ती हटाउँदा विस्थापित भएका सुकुमवासी परिवारका बालबालिकाले आवासीय सुविधासहित निजी स्कुलमा निःशुल्क पढ्न पाउने भएका छन्। काठमाडौं महानगरपालिका, प्याब्सन, एनप्याब्सन र अभिभावकबिच शुक्रबार १४ जना विद्यार्थी पढाउन सहमति भएको हो।

सम्झौताअनुसार ती विद्यार्थीले सुप्रिम बोर्डिङ स्कुल, केबिसी स्कुल, भ्याली पब्लिक स्कुल, प्रोगेसिभ स्कुल, केएमसी स्कुल, भेनस पब्लिक स्कुल, नेसनल आइडियल बोर्डिङ स्कुल, गेट वे एकेडेमी, नेक्सस इन्टरनेसनल एकेडेमीलगायतमा कक्षा १० सम्म निःशुल्क पढ्न पाउनेछन्।

काठमाडौं महानगरका कार्यवाहक मेयर सुनिता डंगोलले नदीकिनारबाट हटाइएका परिवारका बालबालिकालाई निजी विद्यालयले पढाउनु सकारात्मक रहेको बताइन्। 'सबै बालबालिकाले सहज रूपमा पढ्न पाउनुपर्छ, तपाईंहरू पढेर असल नागरिक बन्नुपर्छ,' उनले बालबालिकालाई भनिन्, 'तपाईंहरू राम्ररी पढ्नुहोस्, राम्रा स्कुलहरूले गुणस्तरीय शिक्षा दिनका लागि गरेको सहयोग स्वागतयोग्य छ।'

प्याब्सनका काठमाडौं जिल्ला अध्यक्ष नवराज भट्टले निजी स्कुलले बालबालिकाको शिक्षाका लागि सामाजिक उत्तरदायित्वभित्र रहेको काम गरेको बताए। 'कुनै पनि बालबालिका विद्यालयबाट वञ्चित हुनुहुँदैन, अहिले कतिपय बालबालिकाको पढाइ अन्योलमा छ। त्यस्तै, अन्योलमा रहेका बालबालिकालाई आवासीय सुविधासहित पढाउन लागेका हौँ,' उनले भने, 'कक्षा १० सम्म निःशुल्क रूपमा पढाउँछौं।'

एनप्याब्सनका अध्यक्ष नवराज पाण्डेले जुन विद्यालयमा विद्यार्थीलाई पठाइएको छ उक्त विद्यार्थीको जिम्मा विद्यालय नै रहेको बताए। आफ्नो नाति निजी स्कुलले आवासीय सुविधासहित पढाउने भएपछि कीर्तिपुरस्थित राधास्वामी आश्रममा बस्दै आएकी गीता लामाले पढाइको चिन्ता हटेको बताइन्। 'नातिको पढाइ बिग्रन्छ कि भन्ने चिन्ता थियो, तर यहाँहरूले पढाउने भएपछि अब सहज भयो,' उनले भनिन्, 'एउटा चिन्ता त कम भयो।'

राधास्वामी आश्रममै बस्दै आएकी निर्जला पासवासले आफ्ना दुई भाइलाई निजीमा पढाउन पाउँदा खुसी लागेको बताइन्। 'मैले पनि दुःखसुख गरेर एसइई गरेँ, तर भाइहरूको चिन्ता थियो, अब निजी स्कुलहरूले पढाउने भन्नुभयो, खुसी लागेको छ,' उनले सुनाइन्।

कार्यान्वयनमा आएन कैद कट्टा सुविधा

कैद कट्टासम्बन्धी नियमावली नबन्दा ६५ वर्षभन्दा माथिका पाँच सयभन्दा धेरै ज्येष्ठ नागरिक कारागारमै

टेकराज थामी/नयाँ पत्रिका

कानुनअनुसारको सुविधा पाएको भए सुन्धारा केन्द्रीय कारागारस्थित महिला बन्दीगृहमा कैद सजाय भुक्तान गरिरहेकी ७६ वर्षीया नोखी खत्री जेलमुक्त भइसकेकी हुन्थिन्। तर, कानुन कार्यान्वयन नहुँदा उनी अहिले पनि कारागारमै छिन्। कर्तव्य ज्यान कसुरमा आठ वर्ष ६ महिना कैद सजाय ठहर भएकी उनी ०७७ देखि कारागारमा छिन्। शारीरिक रूपमा अशक्त उनको हात र खुट्टाका औंलाहरूमा खिल पल्टिएका छन्। घाउका कारण खुट्टा सुन्निएका छन्। खानपानदेखि नित्य कर्म गर्नसमेत उनलाई सहयोगी चाहिन्छ।

ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२ अनुसार ६५ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक कैद सजाय कट्टा भई जेलमुक्त हुन पाउँछन्। दफाको उपदफा १ (क, ख र ग) अनुसार ६५ वर्ष उमेर पुगेकाले २५ प्रतिशत, ७० वर्ष उमेर पुगेका ५० प्रतिशत र ७५ वर्ष उमेर पुगेकाले ७५ प्रतिशत कैद सजाय कट्टाको सुविधा पाउन सक्छन्। कानुनको यो दफाअनुसार खत्री यसवेलासम्म कैदमुक्त भइसक्नुपर्ने थियो। तर, कानुन कार्यान्वयन नहुँदा उनी हालसम्म पनि जेलमै बस्नुपर्ने अवस्था आएको छ। अड्डासारका लागि अनुरोध गर्न सुन्धारास्थित कारागार कार्यालय आएकी खत्रीकी बुहारी नेगी खत्रीले भनिन्, 'बिरामी भएको खबरपछि सासू भेट्न आएकी हुँ। उहाँको अवस्था नाजुक छ। हात र खुट्टाका औंलाहरूमा खिल छन्। कानुनअनुसार उहाँहरूले त कैद सजाय कट्टाको सुविधा पाउनुहुन्छ भन्ने सुनेकी थिएँ। तर, त्यस्तो हुन सकेको छैन। उहाँलाई घर रहेको पर्ने जिल्ला मात्रै सार्न पाए पनि हुन्थ्यो।'

सुन्धारा कारागारमै छन् ९३ वर्षीय भारतीय नागरिक विजयकुमार कपुर। लागुऔषध कसुरमा कैद सजाय भुक्तान गरिरहेका उनले पनि जेलजीवन बिताएको धेरै भयो। उनी आफ्नो व्यक्तिगत काम गर्न सक्दैनन्। भित्र-बाहिर गर्नसमेत सहयोगी चाहिन्छ। कानुन कार्यान्वयन भएको भए उनी पनि कैदमुक्त भइसकेका हुने थिए। केन्द्रीय कारागार कार्यालयका जेलर कृष्ण चापागाईंका अनुसार कारागारभित्र मात्रै अहिले ६५ वर्षभन्दा माथिका ११९ ज्येष्ठ नागरिक छन्, जो कैद सजाय कट्टाका लागि योग्य छन्। तर, प्रस्ट कानुन नहुँदा उनीहरू जेलमुक्त हुन नपाएको जेलर चापागाईंले बताए। 'कारागारभित्र अहिले ११९ ज्येष्ठ नागरिक छन्। कानुनअनुसार उहाँहरू कैद कट्टा भई जेलमुक्त हुन योग्य छन्। तर, कानुन कार्यान्वयन नहुँदा सबै प्रक्रिया रोकिएका छन्। फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ संशोधन हुँदै छ भन्ने सुनेको छु।'

कारागार व्यवस्थापन विभागका अनुसार मुलुकभरको जेलमा ६५ वर्ष उमेर पुगेका पाँच सयभन्दा धेरै कैदी छन्। जो कानुनले दिएको सुविधा उपभोग गरी जेलमुक्त हुन सक्छन्। विभागका प्रवक्ता चोमेन्द्र न्यौपानेले ज्येष्ठ नागरिक ऐन, २०६३ ले ज्येष्ठ नागरिकलाई कैद कट्टा गर्ने सुविधा दिएको, तर त्यो सुविधा सरकारको कुन निकायले कार्यान्वयन गर्ने प्रस्ट नहुँदा प्रक्रिया रोकिन पुगेको बताए। 'ज्येष्ठ नागरिकलाई कानुनले कैद सजाय कट्टा गर्ने सुविधा दिएको छ। तर, त्यो कानुन सरकारको कुन निकायले कार्यान्वयन गर्ने भनेर खुलाइएको छैन। त्यसो हुँदा यो प्रक्रिया अघि नबढेको हो। कानुनको यही गाँठो फुकाउन विभागले फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ संशोधन गर्न मस्यौदा बनायो। मस्यौदा गृह मन्त्रालय पुगिसकेको छ,' उनले भने।





● **चोमेन्द्र न्यौपाने**, प्रवक्ता, कारागार व्यवस्थापन विभाग

ज्येष्ठ नागरिकलाई कानुनले कैद सजाय कट्टा गर्ने सुविधा दिएको छ। तर, त्यो कानुन सरकारको कुन निकायले कार्यान्वयन गर्ने भनेर खुलाइएको छैन। कानुनको यही गाँठो फुकाउन विभागले फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ संशोधन गर्न मस्यौदा बनायो। मस्यौदा गृह मन्त्रालय पुगिसकेको छ।

चालचलन सुधार भएका कैदी जेलमुक्त हुनबाट वञ्चित

फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ समयमै संशोधन नहुँदा चालचलन सुधार भएका अन्य कैदी पनि जेलमुक्त हुनबाट वञ्चित भएका छन्। फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, ०७४ को दफा ३७ अनुसार ५० प्रतिशत सजाय भुक्तान भई चालचलनमा सुधार आएका कैदीलाई कैद कट्टा गरी जेलमुक्त गर्न सकिने व्यवस्था उल्लेख छ। संशोधनपछि सोही ऐनको दफा ५० मा टेकेर बनेको फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ को नियम ५ (१) को 'घ'मा कैद कट्टा गरी जेलमुक्त हुनुअघि सम्बन्धित कसुरदारले पीडित वा उनको पति, पत्नी, बाबु, आमा, छोरा, छोरी, बाजे, बज्यैको सहमति लिनुपर्ने व्यवस्था गरियो। जसले कैद कट्टा भई जेलमुक्त हुने प्रक्रियालाई अवरोध पुऱ्यायो। कानुनको यो गाँठो फुकाउन विभागले नियमावली संशोधनको मस्यौदा तयार गऱ्यो। जुन अहिले गृह हुँदै कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय पुगेको छ। तर, संशोधन प्रक्रिया अझै अघि बढेको छैन।

गृह मन्त्रालय कानुन महाशाखाका प्रमुख सहसचिव कृष्णकुमार कार्कीले फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ को संशोधन मस्यौदा कानुन मन्त्रालय पुगेको बताए। 'फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ को संशोधन मस्यौदा कानुन मन्त्रालय पुगेको छ। अब मस्यौदामाथि छलफल हुनेछ। मन्त्रालयले पास गरेपछि मन्त्रिपरिषद् बैठकमा निर्णयार्थ पेस हुनेछ। त्यसलगत्तै नियमावली कार्यान्वयनमा जानेछ,' उनले भने।

यसकारण रोकियो कैद कट्टा सुविधा

कैद सजाय कट्टाको सुविधा उपभोग गर्दै कर्तव्य ज्यान कसुरमा कैद सजाय भुक्तान गरिरहेका योगराज ढकाल 'रिगल' जेलमुक्त भए। घटनाका पीडित भारती शेर्पा विरोधमा उत्रिइन्। घटनालाई लिएर शेर्पाले सर्वोच्च अदालतमा रिट निवेदन दिइन्। सर्वोच्चले १६ कात्तिक ०८० मा कैद सजाय कट्टा गरी जेलमुक्त हुन सम्बन्धित व्यक्तिले पीडितको अनिवार्य रूपमा सहमति लिनुपर्ने आदेश दियो। आदेशलगत्तै फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ दफा ५ (१) को (घ)मा कैद कट्टा गरी जेलमुक्त हुनुअघि सम्बन्धित कसुरदारले पीडित वा उनका पति, पत्नी, बाबु, आमा, छोरा, छोरी, बाजे, बज्यैको सहमति लिनुपर्ने उल्लेख गरियो। जसले कैद कट्टा भई जेलमुक्त हुने प्रक्रियालाई नै प्रभावित तुल्यायो। र, कुनै पनि कैदी उक्त सुविधा प्रयोग गरी जेलमुक्त हुन पाएनन्। जबकि, ०८० अघि प्रत्येक वर्ष गणतन्त्र दिवस, संविधान दिवस र प्रजातन्त्र दिवसका अवसरमा कैद सजाय कट्टा भई जेल मुक्त हुँदै आएका थिए।

सर्वोच्चको आदेश पुनरवलोकन गर्न पुनः सर्वोच्चमै रिट निवेदन पऱ्यो। सोही निवेदनमा सर्वोच्चले १० असार ०८२ मा नियमावलीको दफा ५ (१) को (घ) संशोधन गरी उक्त व्यवस्था हटाउन आदेश दियो। सोही आदेशअनुसार विभागले नियमावली संशोधन मस्यौदा बनाएको थियो। जसलाई तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्यालले अघि बढाउन भनेका थिए। तर, नियमावली हालसम्म पनि संशोधन नहुँदा ९३ वर्षका ज्येष्ठ नागरिकदेखि चालचलन सुधार भएका कैदीले कानुनले दिएको सुविधा उपभोग गर्न पाएका छैनन्।

मुलुकभरका ७५ कारागार र १० बाल सुधारगृहको क्षमता १८ हजार २३५ को मात्रै छ। तर, ती कारागार र सुधारगृहमा अहिले २६ हजार ६९५ कैदीबन्दी छन्। यो कुल क्षमताको ४६.३९ प्रतिशतले धेरै हो। अर्थात् अहिले मुलुकभरको कारागारमा क्षमताभन्दा आठ हजार ४६० कैदीबन्दी धेरै छन्। गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनमा मुलुकभरका कारागारबाट फरार भएकामध्ये चार हजार १८६ कैदीबन्दी फिर्ता भएका छैनन्। यदि उनीहरू सबै एकैपटक आउने हो भने कारागारभित्र कैदीबन्दीको संख्या ३० हजार ८८१ पुग्छ। जुन क्षमताभन्दा १२ हजार ६४६ ले धेरै हो। यदि फौजदारी कसुर नियमावली समयमै संशोधन हुन सकेको भए प्रत्येक वर्ष कम्तीमा एक हजार आठ सय कैदी जेलमुक्त हुन्थे। प्यारोल सुविधाबाट पनि सोही दरमा छुट्ने हुँदा जेलमा कैदीबन्दीको चाप कम हुने थियो।

विभागका एक उच्च अधिकृतले भने, 'सरकारले समयमै नियमावली संशोधन गरेन। जसको चाप कारागारमा पऱ्यो। अहिले मुलुकभरका कारागारमा झन्डै २७ हजार कैदीबन्दी छन्, जुन क्षमतभन्दा ४६ प्रतिशतले धेरै हो। जेन-जी आन्दोलनमा फरार भएकामध्ये चार हजार कैदी नफर्केका भए कारागार कैदीबन्दीको चाप भरिन्थ्यो। जसलाई व्यवस्थापन गर्न नै कठिन हुने थियो।'

■ कुन कसुरका कैदीबन्दी कति ?

कसुर	संख्या
लागुऔषध	७,१९४
जबर्जस्ती करणी	७,१६८
कर्तव्य ज्यान	४,६५८
चोरी	१,९५३
सवारी	१,०९४
डाँका	८३०
ज्यान मार्ने उद्योग	७२४
ज्यानसम्बन्धी कसुर	४९६
मानव बेचबिखन	४१६
अपहरण	४०२
ठगी	३८१
जक उद्योग	३११

कसुर	संख्या
ठगी	३१८
बैंकिङ कसुर	२८६
बहुविवाह	२६०
अभद्र व्यवहार	२२८
वन्यजन्तु	२२३
आपराधिक उपद्रव	२२०
सवारी अंगभंग	१६१
हातहतियार	१३२
वैदेशिक रोजगार	१२६
जिउ मास्ने बेच्ने	१०५
अन्य	२,४९१
जम्मा	**२६,६९५**

मौखिक यौनजन्य दुर्व्यवहार गर्नेलाई सेवाबाट बर्खास्ती गर्न सकिन्छ : सर्वोच्च

नयाँ पत्रिका

सर्वोच्च अदालतले मौखिक र शारीरिक यौन दुर्व्यवहार उत्तिकै गम्भीर रहेको भन्दै यसका कारण पनि सेवाबाट बर्खास्तको निर्णय गर्न सकिने जनाएको छ। महिलाको संवेदनशील अंगबारे गरेको टिप्पणीका कारण जागिर गएपछि अदालत पुगेको एक मुद्दामा सर्वोच्चले यस्तो फैसला गरेको हो।

'प्रस्तुत मुद्दामा प्रत्यर्थीले पीडित महिलाको शरीरका संवेदनशील अंगहरूसम्बन्धी प्रत्यक्ष र अनुचित मौखिक टिप्पणी गरेको तथ्य यौनजन्य दुर्व्यवहारको कानुनी परिभाषाको परिधिभित्र पर्ने देखिन्छ,' फैसलामा छ।



यौनजन्य दुर्व्यवहार निवारण ऐनको दफा ४ लाई आधार मानी अदालतले यस्तो जनाएको हो। न्यायाधीशहरू हरिप्रसाद फुयाँल र सुनीलकुमार पोखरेलको इजलासले गत ८ फागुनमा यस्तो फैसला गरे पनि हालै पूर्णपाठ सार्वजनिक भएको हो।

प्लान इन्टरनेसनलका लजिस्टिक को-अर्डिनेटर नेत्रबहादुर श्रेष्ठले ०७३ चैतमा कार्यालय समयमा एक ज्यालादारी कर्मचारीलाई उनको अंगबारे अनुचित टिप्पणी गरेको उजुरी कार्यालयको मानव संसाधन विभागमा परेको थियो। त्यसपछि बर्खास्तीमा परेका उनी उक्त निर्णयविरुद्ध श्रम अदालत पुगेका थिए, जहाँबाट उनले क्षमा मागेको, पुनः नदोहोऱ्याउने प्रतिबद्धता गरेकोजस्ता आधारमा सेवाबाट हटाउने कठोर सजाय न्यायोचित नहुने फैसला भएको थियो।

यस मुद्दामा श्रम अदालतले शारीरिक स्पर्श नभई मौखिक टिप्पणी मात्र भएको तथा पटक-पटक नदोहोरिएका आधारमा सेवाबाट बर्खास्त गर्ने सजाय बदर गरेको थियो। तर, सर्वोच्चले श्रम अदालतबाट ०७६ असारमा भएको फैसला संविधानले सुनिश्चित गरेको मौलिक हकहरूका साथै श्रम ऐन र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐनविपरीत रहेको भन्दै बदर गरेको हो।

श्रमको फैसलाविरुद्ध रिट परेकोमा सर्वोच्चले भनेको छ, '...कानुनमा नभएको सर्त थप गरी वा कार्यको गाम्भीर्यतालाई कम आकलन गरी गरिएको श्रम अदालतको व्याख्या न्यायोचित वा कानुनसम्मत देखिँदैन।'

यौनजन्य दुर्व्यवहार ऐनले शारीरिक स्पर्शलाई यौनजन्य दुर्व्यवहारको अनिवार्य सर्तका रूपमा स्वीकार नगरेको तथा प्रचलित कानुनमा यौन दुर्व्यवहार स्थापित हुन पटक-पटक दोहोरिनुपर्ने व्यवस्था नरहेको सर्वोच्चको ठहर छ। कुनै गम्भीर प्रकृतिको घटना एकपटक भए पनि कारबाहीका लागि पर्याप्त आधार हुने फैसलामा छ।

कार्यस्थलमा हुने यौन हिंसाविरुद्ध शून्य सहनशीलताको नीति लिनु रोजगारदाताको नैतिक र कानुनी दायित्व रहेको भन्दै उक्त इजलासले पदीय शक्तिको दुरुपयोग रोक्न, पुनरावृत्ति निरुत्साहित गर्न तथा पीडितको मर्यादा पुनर्स्थापित गर्न पनि यस्ता कसुरमा संलग्नलाई सेवाबाट हटाउने निर्णय गर्न सक्ने जनाएको छ। यसरी बर्खास्त गर्ने सजायलाई अनुचित वा बढी भएको मान्न नमिल्ने एवं कानुनसम्मत नै भन्नुपर्ने न्यायाधीशद्वयको मत छ।

संक्षेप

इतर पक्षका नेतालाई समेटेर अगाडि बढ्न गगन तयार

काठमाडौं/ काग्रेस सभापति गगन थापाले सबै पक्षलाई समेटेर जान आफू तयार रहेको बताएका छन्। प्रजातान्त्रिक विचार समाजले आइतबार काठमाडौंमा आयोजना गरेको 'समसामयिक राजनीतिमा नेपाली काग्रेसको भूमिका'सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा थापाले १४औं महाधिवेशनबाट निर्वाचित नेतालाई समेटेर अगाडि बढ्न तयार रहेको बताएका हुन्। '१४औं महाधिवेशनबाट निर्वाचित नेताहरूको ठुलो पंक्ति बाहिर छ। प्रत्येक नेता जो चाहनुहुन्छ, केन्द्रीय कमिटीभित्र ल्याएर मानका साथ वरिष्ठ नेता बनाउनुपर्नेलाई वरिष्ठ नेता, जसलाई जुन ठाउँमा राख्नुपर्ने हो त्यो ठाउँमा राखेर म उहाँहरूसँगै काम गर्न चाहन्छु,' उनले भने। महाधिवेशनको तयारी, निर्वाचन समिति, क्रियाशील सदस्यता व्यवस्थापन समिति र अनुशासन समितिमा पनि सबै पक्षलाई समेटेर जान तयार रहेको उनले बताए। 'महाधिवेशनको तिथिमिति तय भएको छ। त्यसका लागि पार्टीका केही संरचना छन्। निर्वाचन समिति प्रेमबहादुर खड्काले नेतृत्व गर्नुहुन्छ। त्यो समितिमा अरू क-कसलाई राख्दा फेयर भयो भन्ने महसुस हुन्छ, आउनुस् बसौं। प्रदीपजीले नेतृत्व गर्नुहुन्छ क्रियाशील सदस्यता व्यवस्थापन समिति। त्यो समितिभित्र को को राख्ने हो ? ल्याउनुस् नाम। राखौं, बसौं। सँगै काम गरौं। तारामानजीले अनुशासन समितिको नेतृत्व गर्नुहुन्छ। त्यहाँ अलि अनफेयर भयो कि भन्नुहुन्छ भने ल्याउनुस्, बसौं, नाम राखौं,' उनले भने।

वामपन्थी मत यथावत् छ : प्रचण्ड

सुर्खेत/ नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड वामपन्थी जनमत ठुलो रहेको र जनताले मत मात्र परिवर्तन गरेको बताएका छन्। सुर्खेतमा आइतबार प्रेस सेन्टर नेपालले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले वामपन्थी जनमत अहिले पनि ठुलो रहेको दाबी गरेका हुन्। '०६४ मा सबै माओवादीजस्तो देखियो। ०७४ मा नेपाल कम्युनिस्ट पार्टीको दुईतिहाइ नै थियो। अहिले रास्वपाको देखिएको छ,' उनले भने, 'जनताले स्थिति हेरेर मत परिवर्तन गर्ने कुरा नेपालमा स्वाभाविक छ। वामपन्थी एकताबद्ध भएर जाँदा फेरि पनि ठुलो जनमत आकर्षित गर्न सकिन्छ भन्ने आधार छँदै छ,' उनले भने। प्रचण्डले वर्तमान सरकारको संसद् छलेर विधेयक ल्याउने नीति राम्रो नियत नभएको बताए। 'नियमित प्रक्रियाबाटै विधेयक ल्याउन सकिन्छ। सदनलाई छलेर फेरि अध्यादेशको बाटो जाने दुईतिहाइनजिकको सरकार भनेको लाजमर्दो कुरा हो,' उनले भने, 'त्यसको पनि प्रतिवाद गरिरहेका छौं।'

तस्करीको ४० लाख मूल्यको सामानसहित दुईजना पक्राउ

लहान/ सशस्त्र प्रहरी बल नेपाल सिराहाको गस्ती टोलीले शनिबार राति तस्करी गरी भारततर्फ लैजाँदै गरेको करिब ४० लाख रुपैयाँबराबर मूल्यको सामानसहित दुईजनालाई नियन्त्रणमा लिएको छ। विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेड क्वार्टर सिराहाबाट खटिएको ३५ जनाको गस्ती टोलीले राति करिब पौने ९ बजेतिर नवराजपुर गाउँपालिका- ५, देवनगरबाट सामानसहित दुईजनालाई नियन्त्रणमा लिएको हो। हेड क्वार्टर प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाका अनुसार स.१ख ५३५ नम्बरको टाटा टुटन गाडीमा सामान लोड गरी लुकाइछिपाइ नेपाल हुँदै भारततर्फ लैजाने क्रममा नियन्त्रणमा लिइएको हो। विभिन्न कस्मेटिक सामग्री, मञ्जन (टुथपेस्ट), ओखरलगायत सामग्री बोकेर भारततर्फ जाँदै गरेको गाडीसहित नवराजपुर- ५ का करिब ५० वर्षीय राजेशकुमार यादव र ३९ वर्षीय आनन्द यादवलाई नियन्त्रणमा लिइएको उनले बताए। दुवैजना, गाडी र सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी थप कारबाहीका लागि माडर भन्सार बुझाइने उनको भनाइ छ।

■ बुटवलमा सुकुमवासी र भूमिहीनको प्रदर्शन



तस्बिर : विष्णु घिमिरे/नयाँ पत्रिका

नेपाल अव्यवस्थित बसोबास तथा भूमिहीन सुकुमवासी संघर्ष समिति रुपन्देहीको आयोजनामा आइतबार बुटवलमा गरिएको प्रदर्शन। बुटवलको राजमार्ग चौराहाबाट सुरु भएको प्रदर्शन मिलन चोक, अस्पताल लाइन हुँदै ट्राफिक चोक पुगेर सभामा परिणत भएको थियो। सहभागीले 'उठीवास होइन व्यवस्थापन गर, डोजर आंतक बन्द गर, जमिन तेरो हो सरकार जनता कसको हो ?' जस्ता नारा लेखिएका प्लेकार्ड बोकेका थिए। संघर्ष समिति रुपन्देहीको आयोजनामा बुटवलमा राष्ट्रिय भेला मंगलबारदेखि सुरु हुने भएको छ। भेलामा सहभागी हुन २३ जिल्लाका प्रतिनिधि बुटवल आइपुगेका छन्।

सञ्चार र विद्युत् माग्दै झुल टाँगेर धर्नामा बसे वडाध्यक्ष

सुर्खेतमा **रमेश रावल**

सल्यान कालीमाटी गाउँपालिका- ७ का वडाध्यक्ष मित्रलाल रिजाल कर्णाली प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअगाडि धर्नामा बसेका छन्। सडक, सञ्चार र विद्युत् सेवाजस्ता आधारभूत पूर्वाधार विस्तारको माग राख्दै उनी झुल टाँगेर धर्नामा बसेका हुन्। घुइयाबारी-स्वामीबास-बबई सडकको स्तरवृद्धि तथा कालोपत्रे, नेपाल टेलिकमको टावर निर्माण र गाउँमा विद्युत् विस्तारको काम तत्काल अघि बढाउनुपर्ने माग राखेर उनी तीन दिनदेखि मुख्यमन्त्री कार्यालय अघि धर्नामा बसेका छन्।



स्थानीय तह र प्रदेश सरकारसमक्ष पटक-पटक माग राख्दा पनि सुनुवाइ नभएपछि आफू बाध्य भएर धर्नामा बस्नुपरेको उनले बताए। 'घुइयाबारी-स्वामीबास क्षेत्रका बासिन्दा अहिले पनि सहज सडक पहुँच, भरपर्दो सञ्चार सेवा र नियमित विद्युत्बाट वञ्चित छन्,' उनले भने, 'बर्खायाममा सडक हिलाम्मे र अवरुद्ध हुँदा बिरामी ओसारपसार, खाद्यान्न ढुवानी तथा विद्यार्थीको आवतजावतमा समस्या हुने गरेको छ।' सडक नहुँदा जनताले राज्यको अनुभूति गर्न नपाएको र विकासका सामान्य पूर्वाधारका लागि समेत आन्दोलन गर्नुपर्ने अवस्था आएको उनले बताए। 'विद्युतीकरण नहुँदा स्थानीयले अझै परम्परागत इन्धन र सोलारकै भर पर्नुपरेको भन्दै उनले ग्रामीण बस्तीलाई प्राथमिकतामा राखेर विद्युत् विस्तार गर्नुपर्छ,' उनले भने, 'सडक, सञ्चार र विद्युत् अहिलेको समयमा विलासिताका विषय होइनन्, आधारभूत आवश्यकता हुन्।' रिजालले माग पूरा नभएसम्म धर्ना जारी राख्ने चेतावनी दिएका छन्।

आमाको फोटो हेरेर न्याय कुर्दै १२ वर्षीया काजल

राजविराजमा **सौरभ यादव**

घरको भित्तामा झुन्डिएको एउटा फोटो अहिले सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका- ५, वनरझुलाकी १२ वर्षीया काजलकुमारी रायको संसार नै बनेको छ। बिहान उठ्नेबित्तिकै उनी त्यही तस्बिरतिर हेर्छिन्, राति सुत्नुअघि पनि आमाकै अनुहार अँगालेर आँसु पुस्छिन्। उनलाई अझै लाग्छ, 'आमा कतैबाट फर्केर आउनुहुन्छ।' तर, त्यो प्रतीक्षा अब केवल बालसुलभ आशा बनेर बाँकी छ।

आमाको हत्या भएको दिनदेखि काजलको जीवन फेरिएको छ। पहिले गाउँभरि दौडिने, साथीहरूसँग खेल्ने उनी अहिले चुपचाप बस्न थालेकी छिन्। घरमा पाहुना आउँदा उनी धेरै बोल्दिनन्। कसैले 'आमा कहाँ छिन् ?' भनेर सोध्दा उनको अनुहार एकाएक मलिन हुन्छ। घरको भान्सामा अब धुवाँसँग मिसिएको आमाको गीत सुनिँदैन। आँगनमा कपडा सुकाउँदै हतारिने ती हात हराइसकेका छन्। तर, काजलले आमाका सामानहरू अझै हटाउन दिएकी छैनन्। पुरानो चप्पल, कपाल कोर्ने काइँयो र सिरानीमुनि राखिएको रुमाल उनी जस्ताको तस्तै जोगाएर राख्छिन्।

आइतबार उनको घर पुग्दा घरअगाडि बसिरहेकी किरियापुत्री काजल आमाको तस्बिर नियाल्दै न्यायका लागि बर्बराइरहेकी थिइन्। 'त्यो राति म जन्ती नगएको भए हुन्थ्यो, आमा घरमा एक्लै भएर हत्या गरिदियो,' उनी भन्छिन्, 'आमाको हत्यारालाई छोड्नुभएन।' बोलिरहँदा उनको आँखा आँसुले भरिएको थियो। उनकी आमा बेपत्ता पारिएपछि जन्तीमा रहेकी काजललाई फोनमा 'गाई हराइसकेको' भनी बोलाएका थिए। तर, घर फर्किंदा गाई गोठमै देखेपछि उनले आमालाई खोज्दै पटक-पटक छिमेकी र गाउँलेसँग सोधिरहिन्। पछि एक सातासम्म बेपत्ता पारिएकी उनकी ३६ वर्षीया आमा अनितादेवीको शव गत बुधबार कोशी नदीको पश्चिमी किनारमा हातखुट्टा बाँधिएको अवस्थामा भेटिएको थियो।

त्यही राति उनकी आमा अनितादेवीलाई पाँच-सातजनाको समूहले घरबाटै बेपत्ता पारेको थियो। भोलिपल्ट अनितादेवीलाई घरमा नदेखेपछि छिमेकीले खोजी सुरु गरेका थिए। घरभित्र रगतका छिटा देखिएपछि उनीहरूले नै प्रहरीलाई जानकारी गराए। काजललाई पनि फोन गरेर बोलाएका थिए। गाउँले र प्रहरी मिलेर खोज्दै जाँदा गत बुधबार अनितादेवीको शव भेटको थियो। तीन महिनाअघि मात्रै फेरि वैदेशिक रोजगारीका लागि कतार गएका श्रीमान् वीरेन्द्र गत शुक्रबार कतारबाट फर्किएका छन्।



सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका- ५ की अनितादेवीको हत्या भएपछि उनको किरिया बसेकी छोरी काजल

> त्यो राति म जन्ती नगएको भए हुन्थ्यो, आमा घरमा एक्लै भएको मौका पारेर अपराधीले हत्या गरिदियो, आमाको हत्यारालाई छोड्नुभएन।

उनले भने बाटोको विषयमा छिमेकीसँग महिनौंदेखि विवाद रहेको बताए। 'बेपत्ता पारिएको राति ११ देखि १२ बजेसम्म श्रीमान्-श्रीमती फोनमा कुराकानी गरेका थियौं, घरसम्म पुग्ने बाटो नरहँदा समस्या भइरहेको विषयमा फोनमा पनि बताएकी थिइन्,' उनले भने, 'भोलिपल्ट फेरि पटक-पटक फोन गर्दा सम्पर्क हुन सकेन। केहीबेरमा छिमेकीले फोन गरेर जानकारी गराएपछि मैले घटनाबारे थाहा पाएँ।'

वीरेन्द्रले हत्यारालाई हदैसम्मको कारबाही हुनुपर्ने माग गरे। 'प्रहरीले दुईजना छिमेकीसहित तीनजनालाई नियन्त्रणमा लिएको जानकारी पाएँ,' उनले भने, 'श्रीमतीको हत्या गर्नेलाई कडाभन्दा कडा सजाय दिलाउनमा सहयोग गरिदिन सबै पक्षसँग आग्रह छ।'

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी डम्बरबहादुर पुरीले घटनामा संलग्न भएको आशंकामा केही आरोपीलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको बताए। 'महिलाको हात पछाडि फर्काएर तथा खुट्टा पनि बाँधिएको अवस्थामा शव फेला पारेका थियौं,' उनले भने, 'पोस्टमार्टम रिपोर्ट अझै आइसकेको छैन। थप अनुसन्धान भइरहेको छ।'

यसकारण बोल्नुपर्छ प्रधानमन्त्रीले संसद्मा

जसरी प्रधानमन्त्री जनतामाझ लोकप्रिय हुनुहुन्छ, संसद्मा पनि हुनुपर्‍यो र त्यसका लागि उहाँले संसद्मा बोल्नुपर्छ, आफ्ना कुरा सुनाउनुपर्छ



● बलराम केसी

अग्रलेख

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले बालेन्द्र शाहलाई संसदीय दलका नेता चुनेर धारा ७६(१) अनुसार प्रधानमन्त्री बनाएपछि उहाँमा देशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने जिम्मा आइलाग्यो । उहाँ संविधानका रक्षक र जनताका अभिभावक बन्नुभयो । संविधान र कानुनको मात्र होइन, संसदीय परम्परा, मान्यता तथा देशको परम्परा, धर्म र संस्कृतिको रक्षा गर्ने जिम्मा पनि उहाँमा आयो ।

यसअघि उहाँ चर्चित मेयर हुनुहुन्थ्यो । उहाँ ऱ्यापर, गायक बन्नुभयो । अमेरिकी राष्ट्रपति विल क्लिन्टन 'स्याक्सोफोनिस्ट' हुनुहुन्थ्यो । जापानका हालका प्रधानमन्त्री चर्चित 'ड्रमर' हुनुहुन्छ । उहाँहरू दुवैले राजनीतिमा पसेपछि राजनीतिको न्यूनतम मर्यादा र परम्परा पालना गर्नुभयो । हाम्रा प्रधानमन्त्रीले पनि अब औपचारिक समारोहमा 'ड्रेसकोड' र मर्यादाको पालना गर्दा उहाँ झनै महान् बन्नुहुन्छ । राष्ट्रपतिबाट नीति तथा कार्यक्रममा सम्बोधन भइरहँदा प्रधानमन्त्रीको ड्रेसकोड शोभनीय देखिएन । राष्ट्रपतिबाट सम्बोधन भैरहँदा बिचमै उठेर जानु पनि शोभनीय विषय होइन । अमेरिकामा जनवरी २० मा राष्ट्रपतिबाट सम्बोधन हुँदा पुरुषले सुट र टाई तथा महिलाले 'स्कर्ट' लगाउँछन् । प्रधानमन्त्रीमा पनि त्यो आवश्यक छ । उता सांसदहरूले धैर्यपूर्वक सुनेर बस्छन्, उठेर जाँदैनन् ।

प्रधानमन्त्री रास्वपाका नेता हुनुहुन्छ । रास्वपाले २७५ मा १८२ सिट जितेको छ । उसले जनताको विश्वास जितैरै मत पाएको हो । त्यसैले, प्रधानमन्त्रीबाट सानो त्रुटि भयो भने पनि बहुसंख्यक जनता निराश हुन्छन् । विपक्षीलाई आलोचना गर्ने, संसद्को मेचटेबल भाँच्ने मसला हुन्छ । उहाँ संसदीय व्यवस्थाको संसद्प्रति उत्तरदायी हुने प्रधानमन्त्री हुनुहुन्छ । अमेरिकाजस्तो संसद्प्रति उत्तरदायी हुन नपर्ने प्रत्यक्ष निर्वाचित राष्ट्रपति होइन । त्यसैले, उहाँले संसद् र विपक्षीलाई 'माइनस' गर्नु राम्रो होइन । संसद्मा उहाँको उपस्थिति अनिवार्य हुनुपर्छ । यहाँ प्रतिनिधिसभाको निर्वाचित सांसद मात्र प्रधानमन्त्री बन्ने व्यवस्था छ । माथिल्लो सभाको प्रतिनिधि प्रधानमन्त्री बन्न सक्दैन । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री बन्दा संसद्मा विपक्षी दलले प्रश्नोत्तरलगायत अन्य विषयमा प्रश्न सोध्न र रचनात्मक विरोध सक्दैन भनेर यस्तो व्यवस्था राखिएको हो ।

विपक्षीको धर्म नै सरकारको कमजोरी देखाउनु हो । लोकतन्त्रमा विपक्षी पनि त्यत्तिकै सशक्त हुन्छ । त्यस्तो अवस्थाको सामना प्रधानमन्त्रीले मात्र गर्न सक्ने हुनाले संसद्मा उसको विशेष महत्त्व हुन्छ । त्यसैले प्रश्नोत्तरमा प्रधानमन्त्री नगएर आफ्ना सांसदलाई टुहुरो पार्नुहुँदैन ।

राष्ट्रपतिबाट पढिएको नीति तथा कार्यक्रम बालेन सरकारले नै तयार गरेको हो । संसदीय परम्पराअनुसार राष्ट्रप्रमुखको मर्यादा राख्न राष्ट्रपतिबाट पढाइएको मात्र हो । यही कागजातका आधारमा अर्थमन्त्रीले १५ जेठमा बजेट माग्ने हो । नीति तथा कार्यक्रम फेल गराउन खोज्नु विपक्षी दलको धर्म नै हो । कार्यक्रमका सम्बन्धमा प्रधानमन्त्रीले बुँदाबुँदामा विपक्षीको कडा प्रश्नको सामना गर्नुपर्छ । खारिएको तल्लो सदनबाट निर्वाचित प्रधानमन्त्रीले विपक्षीका सबै प्रश्नको सशक्त जवाफ दिएर उनीहरूलाई शान्त पार्न सक्नुपर्छ ।

प्रधानमन्त्री धारा ७६(१)को सरकार गठन गर्न सक्ने गरी बहुमत प्राप्त गरेको दलको नेता हुनुहुन्छ । राष्ट्रप्रमुखसमक्ष शपथ खाँदा संविधान र कानुनको पालना गर्छु भन्नुभएको छ । संविधानको पालना गर्ने शपथले धारा ७४ को संसदीय व्यवस्था संसदीय मान्यता, मर्यादा र संसदीय परम्परा प्रधानमन्त्रीले पालना गर्नुपर्छ भन्ने शपथ हो । सरकारले तयार गरेको नीति तथा कार्यक्रम सरकारले गरेका हर निर्णय र कामलाई विपक्षीले हेरिरहेका हुन्छन् । जारी गरेको अध्यादेशलगायत हालैको प्रधानन्यायाधीश सिफारिसलगायत प्रधानमन्त्री, मन्त्रीहरूले गरेका सबै कामको विपक्षीले निगरानी गरिरहेको हुन्छ । संसदीय व्यवस्था भनेको सरकारको कमजोरी भेटेर सरकारलाई ढाल्ने र पाए आफ्नै दलको सरकार बनाउने व्यवस्था हो । संसद्मा प्रधानमन्त्री आफैं उपस्थित भएर तार्किक जवाफ दिएर विपक्षीलाई गलत साबित गर्नु प्रधानमन्त्रीको संवैधानिक कर्तव्य हो । प्रधानमन्त्रीले यसबाट भाग्न मिल्दैन ।

बेलायतमा 'वेस्ट मिन्स्टर' भनिने आजको संसद् भवन नबन्दा संसद् राजा बस्ने दरबारमै बस्थ्यो । प्रधानमन्त्री विन्सटन चर्चिलले 'हामीले पहिले भवन बनाऊँ, त्यसपछि भवनले नै हामीलाई बनाउँछ' भनेका थिए । यसको मतलब संसदीय प्रजातन्त्रमा सशक्त विपक्षी आवश्यक हुन्छ र प्रधानमन्त्री पनि त्यत्तिकै सशक्त हुनुपर्छ भनेको हो । १९८९ मा ग्रिफिथले आफ्नो पुस्तकमा बेलायतमा कसरी सरकार र विपक्षीको सुरुवात भयो भन्ने लेखेका छन् । आजको हाउस अफ कमन्सको भवन 'वेस्ट मिन्स्टर'



हलमा सत्ताधारी र विपक्षी दल आमनेसामने बसेर सवाल-जवाफ गर्ने सुविधासम्पन्न संसद् भवन पुस्तकमा 'स्केच' गरिएको छ । सरकारले पेस गरेका नीति तथा कार्यक्रमलगायत महत्त्वपूर्ण विषयमा बेलायतमा फरक-फरक साइडमा बसेर प्रधानमन्त्रीले भाषण शैलीमा जवाफ दिइँदैन । लाम्चो चौकोण आकारको संसद् हल छ, जसमा टेबलको एकापट्टि सत्तापक्ष र अर्कापट्टि विपक्षी बस्छन् र उठेर विपक्षीले प्रश्न सोध्छन्, सरकारका तर्फबाट प्रधानमन्त्रिले उठेर जवाफ दिन्छन् । विशेष परिस्थिति र अवस्थामा बाहेक प्रधानमन्त्रीलाई प्रतिस्थापन गरेर अरूले जवाफ दिने परम्परा बेलायतमा छैन । प्रधानमन्त्री स्वयं संसद्मा उपस्थित भएर जवाफ दिनुपर्छ ।

> संसद्मा प्रधानमन्त्री आफैं उपस्थित भएर तार्किक जवाफ दिएर विपक्षीलाई गलत साबित गर्नु प्रधानमन्त्रीको संवैधानिक कर्तव्य हो, प्रधानमन्त्रीले यसबाट भाग्न मिल्दैन

संसदीय व्यवस्थामा सरकार ढालेर विपक्षी दलले सरकार बनाउने प्रयत्न गर्नु गलत होइन । विपक्षी दलको धर्म नै मौका कुरेर बस्ने, सरकारले काम गर्न सकेन, अक्षम भयो, चुक्यो, घोटालाहरू भए भने त्यही मौकामा संसद्मा अनेक प्रस्ताव पेस गरिन्छन् । त्यसको प्रतिरक्षा प्रधानमन्त्री स्वयंले उपस्थिति भएर गर्नुपर्छ । महत्त्वपूर्ण विषयमा प्रधानमन्त्रीविहीनको संसद्को कार्यविधि कल्पनै गरिन्न । अमेरिकी प्रणालीमा राष्ट्रपति संसद्प्रति उत्तरदायी हुँदैन । राष्ट्रपतिले गर्ने काम उपराष्ट्रपतिले गर्न सक्दैन । कायममुकाय भन्ने चलन नै छैन । यतिसम्म कि राष्ट्रपति काम गर्न असमर्थ भयो वा प्राकृतिक कारणले पद रिक्त भयो भने एक वर्षभित्र आमचुनाव गरेर नयाँ राष्ट्रपति छनोट गर्नैपर्छ । उपराष्ट्रपतिले चुनाव सम्पन्न नहुन्जेल मात्र राष्ट्रपतिको प्रतिनिधित्व गर्छ ।

संसदीय व्यवस्थामा सरकारको विरोध भनेको सडकको मुठभेड होइन, संसद्भित्रको सवालजवाफ हो । प्रधानमन्त्री र विपक्षी दलका नेताबिचको वाक्युद्ध हो । संसदीय व्यवस्थाको राजनीतिमा प्रधानमन्त्री सांसद, संसद् र विपक्षी दलबाट टाढिन मिल्दैमिल्दैन । २७५ सांसद मिलेर बनेको क्लब संसद् हो । सरकार चलाउने दलले प्रत्येक 'इस्यु'मा विपक्षीबाट विरोध हुन्छ भन्ने ठान्नुपर्छ । प्रधानमन्त्री जवाफका लागि तयार हुनुपर्छ ।

संसद्मा उपस्थित भएर विपक्षीले गरेका प्रश्नको सन्तोषजनक जवाफ दिनु प्रधानमन्त्रीको कर्तव्य हो । हाम्रो व्यवस्था बेलायतको जस्तो हो, अमेरिकाको जस्तो होइन । प्रधानमन्त्री संसद्बाट 'आइसोलेटेड' हुनुहुँदैन । प्रधानमन्त्री र विपक्षी दलका नेतामा सौहार्दता हुनुपर्छ । संसदीय व्यवस्थामा विपक्षी दलले सरकारका कमजोरी र त्रुटि हेरिरहेको हुन्छ । विपक्षी दल र सत्तामा पुग्ने दलको नमुना बेलायत हो । हेरोल्ड म्याकमिलन र हेरोल्ड विल्सन कन्जरभेटिभ क्रमशः प्रधानमन्त्री र विपक्षी नेता थिए । उनीहरू संसद्मा कडा सवालजवाफ गर्थे । श्रोताले ती दुई शत्रु रहेछन् भन्ने ठान्थे । तर, ती दुई संसद्भित्रको क्याफ्टेरियामा सँगै बसेर खाजा खान्थे । भारतमा डा. मनमोहन सिंह अर्थमन्त्री थिए । सिंहले बजेट पेस गरे । बजेट नौलो र राम्रो थियो । विपक्षी दलमा अटल बिहारी बाजपेयी हुनुहुन्थ्यो । उहाँ राम्रो वक्ता र खारिएका भलाद्मी नेता मानिनुहुन्थ्यो । डा. सिंहले ल्याएको राम्रो बजेटलाई केलाएर बाजपेयीले धज्जी उडाउनुभयो । सिंहले अर्थमन्त्रीबाट राजीनामा गर्छु भन्नुभयो । प्रधानमन्त्री पिभी नरसिंह रावले मान्नुभएन । अर्थमन्त्रीसमेतलाई लगेर प्रधानमन्त्रीले बाजपेयीसँग भेटेर कुरा गर्नुभयो । बाजपेयीले भन्नुभयो– अर्थमन्त्रीले ल्याएको बजेट हामी पनि राम्रो मान्छौं । तर, यो राजनीति हो । संसदीय व्यवस्थामा सरकारले ल्याएको नीति तथा कार्यक्रमको विराध गर्नु प्रतिपक्षीको धर्म हो । राजनीतिमा यस्तो भइरहन्छ । तपाईंको बजेट राम्रो छ, राजीनामा गर्नुपर्दैन भन्नुभयो । डा. सिंहले राजीनामा गर्नुभएन । त्यसैगरी, २००८ मा अमेरिकी राष्ट्रपति जर्ज बुस (जुनियर) हुनुहुन्थ्यो । उहाँले भारतसँग परमाणु सन्धि गरेर भारतमाथि लगाइएको प्रतिबन्ध फुकुवा गर्ने भन्नुभयो । तर, भारतमा अमेरिकासँगको सन्धिको विरोध भयो । संसद्मा मनमोहन सिंहको मिलिजुली सरकार थियो । प्रधानमन्त्री र अन्य सदस्यले सन्धिले देशको हित गर्ने कुरा देखाएर विपक्षीलाई कन्भिन्स गरेर पारित गराए ।

संसदीय व्यवस्थामा प्रधानमन्त्रीले विपक्षी दलका नेतासँग संवाद र सहकार्य नगरे सफल भइँदैन । संसद्कै 'प्रोडक्ट' भएकाले प्रधानमन्त्री आइसोलेटेड हुनुभएन । अमेरिकामा राष्ट्रपति संसद्प्रति उत्तरदायी नहुने भए पनि कुनै विधेयक अथवा संसदीय सुनुवाइमा अनुमोदन चाहियो र आफ्नो मात्रै संख्याले नपुग्ने भयो भने विपक्षीलाई भेटेर 'कन्भिन्स' गर्ने चलन छ ।

प्रधानमन्त्रीज्यू, तपाईंले धेरै राम्रा कामको सुरुवात गर्नुभएको छ । त्यसको पूर्ण कार्यान्वयन गर्न बाँकी नै छ । दसकौंदेखि यो देशमा जमेर बसेको भ्रष्टाचार, बेथिति र कुशासनको पर्खाल भत्काउनु छ । भर्खर काम सुरु गर्नुभएको छ, पूरा कार्यकालमा नयाँ नेपालको लक्षण देखिने गरी धेरै काम गर्नु छ । त्यसका लागि संसद्मा विपक्षी दलको सहयोग अत्यावश्यक हुन्छ । त्यसैले, संसदीय प्रणालीमा प्रधानमन्त्रीविनाको संसद्को कल्पना गरिँदैन । हालै राष्ट्रपतिले सम्बोधन गर्दागर्दै तपाईं संसद्बाट बाहिरिनु नै अहिले 'इस्यु' भएको छ । हाम्रो व्यवस्था प्रधानमन्त्रीय प्रणाली भनिन्छ । प्रधानमन्त्री संसद्को अभिन्न अंग हो । संसद्को अधिवेशन चलेको अवस्थामा नीति तथा कार्यक्रम, बजेटलगायत देशका समसामयिक विषयमा उठेका प्रश्नमा प्रधानमन्त्री स्वयं उपस्थित भएर जवाफ दिएर विपक्षीलाई चुप लगाउनु प्रधानमन्त्रीको संवैधानिक कर्तव्य हो । प्रधानमन्त्रीज्यू, तपाईं लोकप्रिय हुनुहुन्छ । बहुसंख्यक नेपालीले तपाईंबाट नेपालमा प्रचलित सबै विकृति र विसंगति क्रमशः कम हुँदै जाने आस गरेका छन् । तपाईंको सानो त्रुटि पनि विपक्षीका लागि मसला बन्न सक्छ । तसर्थ, कृपया महत्त्वपूर्ण विषयमा संसद्मा डटेर विपक्षीको सामना गर्नुहोस्, संसद्बाट नभाग्नुहोस् ।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

पूर्वस्वास्थ्यमन्त्री **डा. सुधा शर्मा**लाई



कार्यालयहरूमा स्तनपान कक्षको खाँचो कति छ ?

कार्यालयहरूमा स्तनपान कक्षको अति खाँचो छ । अहिले महिलाहरू काममा जाने क्रम निकै बढेको छ । बच्चा जन्मिसकेपछि सुत्केरी बिदा सकिएसँगै उनीहरू काममा फर्किन्छन् । यस्तो अवस्थामा स्तनपान गराउनु र गर्नु आमा र नवजात शिशु दुवैको अधिकार हो । यसका लागि आमाले बच्चालाई पनि आफूसँगै लिएर जान पाउने अवस्था हुनुपर्छ । साथै, सिंहदरबारजस्ता स्थानमा शिशु स्याहार केन्द्र नै हुनुपर्छ । जसले गर्दा त्यहाँ काम गर्ने आमाहरूले शिशुलाई त्यहाँ छाड्न सक्छन् र आवश्यकताअनुसार वेलावेलामा त्यहाँ गएर शिशुलाई स्तनपान गराउन सक्छन् । यसतर्फ राज्यले विशेष ध्यान दिनुपर्छ ।

सरकारी कार्यालय र अस्पतालहरूमा यस्ता कक्ष स्थापना गर्न के गर्नुपर्छ ?

कार्यालय र अस्पतालहरूमा यस्ता कक्षहरू धेरै पहिले नै स्थापना गर्नुपर्ने थियो । तर, ढिलै भए पनि कतिपय कार्यालय र अस्पतालहरूमा यस्ता कक्ष स्थापना हुने क्रम बढेको छ । कार्यालयहरूमा स्तनपान कक्ष स्थापना गर्न खासै ठुलो खर्च पनि लाग्दैन । यसका लागि बस्ने कुर्सी र सम्भव भयो भने बेड पनि भए राम्रो हुन्छ । साथै, बच्चाको डाइपर बदल्ने ठाउँ र राख्ने डस्टबिन पनि आवश्यक हुन्छ । हात धुन साबुनपानीको व्यवस्था पनि हुनुपर्छ ।

यस्ता कक्ष नहुँदा के-कस्ता असर पर्न सक्छन् ?

विदेशतिर चाहिँ शिशु स्याहार केन्द्र नै हुन्छन् । त्यस्ता केन्द्र या घरमै 'केयर टेकर'को जिम्मामा शिशुलाई छाड्दा आमाले स्तन पम्प गरेर शिशुको आवश्यकताअनुसार फ्रिजमा दुध राखिदिने पनि गरिन्छ । तर, यहाँ 'हाइजिन'लगायत कारणले गर्दा त्यो त्यति प्रभावकारी हुन सकेको छैन । त्यसैले, कार्यालयहरूमा स्तनपान कक्षसँगै शिशु स्याहार केन्द्र पनि सञ्चालन गर्नुपर्छ । यसका लागि निश्चित गाइडलाइन भने तयार गरी लागू गर्नुपर्छ ।

प्रेरक प्रसंग

बालक र शिक्षिका

एक बालिका सानैदेखि शिक्षिका बन्न चाहन्थिन् । उनी बालबालिकालाई शिक्षा दिने पवित्र सोचले भन्दा पनि तिनलाई लट्ठीले हिर्काएर आनन्द लिने सोचले शिक्षिका बन्न चाहन्थिन् । उनी सानैदेखि गाउँभरिका आफूजस्तै बालबालिका जम्मा गर्थिन् र आफू शिक्षिका बनेर उनीहरूलाई आफ्ना विद्यार्थी बनाउँथिन् । अनि, ससाना कुरामा पनि निहुँ बनाएर उनी आफ्ना ती कलिला साथीलाई सिप्किनाले खुब ठटाउँथिन् । यसो गर्दा उनी भित्रैदेखि आनन्दित हुन्थिन् ।

ठुली भएपछि साँच्चै उनी गाउँकै एक स्कुलमा शिक्षिका बनिन् । शिक्षिका बनेपछि उनी प्रसन्न भइन् । उनी बालबालिकालाई पढाएर कक्षामा तिनलाई कुट्ने आफनो सपना पूरा भएकोमा उनी दंग थिइन् । स्कुल जान थालेको केही दिनमै उनी स्कुलभरिमा सबैभन्दा बढी पिट्ने शिक्षिकाका रूपमा परिचित भइन् । उनको नाम सुन्दा नै बालबालिकाहरू डराउन थाले ।

एकपटक उनको कक्षामा एक नयाँ विद्यार्थी आएका थिए । नयाँ विद्यार्थीले स्कुलमा प्रवेश गरेको दिन ती शिक्षिकाले बालबालिकालाई हस्तलेखन गराइन् । बालबालिका खुरुखुरु उनले भनेजस्तै गरी डराइडराई लेखिरहेका थिए । उनी पनि बालबालिकाको लेखनलाई हेर्दै थिइन् । अचानक उनको ध्यान तिनै नयाँ बालकमाथि पुग्यो । ती बालक बायाँ हातले मुस्किलले कलम समातेर लेख्ने प्रयास गरिरहेका थिए । तर, उनको लेखाइ निकै खराब थियो । अक्षर बुझ्न पनि कठिन थियो । शिक्षिकाले दायाँबायाँ केही देखिनन् । उनले ती बालकको गालामा कसेर एक झापड लगाइन् र भनिन्- तिमीलाई यसरी अप्ठ्यारोसित बायाँ हातले लेख्न कसले सिकायो ? दायाँ हातले लेख्नुपर्दैन ?

ती बालकले कुनै जवाफ दिनुअगाडि नै शिक्षिकाको ध्यान ती बालकको दायाँ हाततिर गयो । र, उनको दायाँ हात देखेर उनी झसंग भइन् । उनका आँखाबाट आसु बग्न थाल्यो । किनकि, ती बालकको दायाँ हात नै थिएन । कुनै दुर्घटनामा परेर उनको दायाँ हात काट्नुपरेको थियो ।

शिक्षिकाले ती बालक र पूरै कक्षासित आफ्नो गल्तीका लागि माफी मागिन् र आइन्दा कसैलाई कहिल्यै नकुट्ने वाचा गरिन् ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

फजुल खर्च रोकौं

वेलावेलामा नेताहरूलाई विभिन्न मेला, उत्सव, उद्घाटनजस्ता कार्यक्रममा कैयौं किलोका माला, खादा लगाइदिएर 'सम्मान' गरिएका तस्बिरहरू सञ्चारमाध्यममा देखिन्छन् । यथार्थमा यो नेताहरूलाई गरिने सम्मानभन्दा नि चाकडी चाप्लुसी नै हो । एकैछिनमा खेर जाने माला र खादामा अनावश्यक रकम खर्च गर्नु फजुल खर्च हो । स्वागत, सत्कार र सम्मान त हातमा फूलको थुँगा दिएर नि गर्न सकिन्छ । नयाँ सरकारले आफ्ना मन्त्री र नेताहरूले कार्यक्रममा जाँदा खादा, माला नलगाउने आचारसंहिता नै बनाउनुपर्छ । राज्यकोषबाट यस्तो खर्च गरिएमा त्यसलाई बेरुजु मानिनुपर्छ । यस्तो खर्च रोकेर त्यसलाई उत्पादक काममा लगाउनुपर्छ ।

● **कुवेर श्रेष्ठ**, बालाजु, काठमाडौं
kuberstha97@gmail.com

फरक पार्टी बनाए भैगो नि !

काग्रेसको देउवा समूहले क्रियाशील सदस्यता नवीकरण नगर्न आह्वान गरेको समाचार पढियो । आफ्नो सदस्यता अद्यावधिक गर्दा के पहाड खस्छ हो ? के देउवा समूहका नेताहरूको इज्जत जान्छ हो ? नत्र एउटा प्रणालीमा पार्टीलाई अघि बढाउन सदस्यता नवीकरण गर्दा के फरक पर्छ त ? फेरि उनीहरूले पार्टीका भ्रातृ संस्थामा समानान्तर कमिटी बनाउने निर्णय पनि गरेछन् ? योभन्दा त फरक पार्टी नै बनाए भैगो नि !

● **पूर्णिमा चलाउने**, नागढुंगा, काठमाडौं

स्तनपान कक्ष बनाऊ

'अस्पतालमै छैनन् स्तनपान कक्ष' शीर्षकको शीर्षकको समाचार पढियो । काठमाडौंका ठुला वीर, टिचिङ, पाटन, कान्तिजस्ता अस्पतालमै पनि अलग स्तनपान कक्षको व्यवस्था नहुनु साह्रै दुःखको कुरा हो । के अस्पतालमा काम गर्ने आमाहरूले आफ्ना सन्तानलाई स्तनपान गराउनुपर्दैन ? के उनीहरूलाई अलग्गै कक्ष चाहिँदैन ? के स्तनपान कक्ष स्थापना गर्न ठुलै लगानी गनुपर्छ हो ? नत्र स्तनपानका लागि कोठा छुट्याउन किन कन्जुस्याइँ ?

● **शोभा लुंगेली**, कपन, काठमाडौं

राष्ट्रिय पोसाकको सम्मान गरौं

औपचारिक कार्यक्रममा जाँदा राष्ट्रिय पोसाक अनिवार्य लगाउनुपर्छ । हरेक देशका राष्ट्रप्रमुख र सरकारप्रमुखले औपचारिक कार्यक्रममा जाँदा राष्ट्रिय पोसाक लगाएको देखिन्छ, हाम्रोमा भने किन देखिएन ? राष्ट्रिय पोसाकले इज्जत घट्ने होइन, बढ्छ । देशका उच्च ओहोदामा बसेका व्यक्तिले राष्ट्रिय पोसाकको सम्मान गर्न सकेनन् भने अन्तर्राष्ट्रियस्तरमा के सन्देश जाला ? प्रधानमन्त्रीज्यू, तपाईं अब बालेन शाह मात्र नभई सारा देशवासीका प्रधानमन्त्री हुनुहुन्छ । तपाईंले गर्ने हरेक कामले देशको इज्जत बढाउँछ । त्यसकारण हरेक काममा सोचेर र विचार गरेर मात्र अघि बढ्नुपर्छ ।

प्रधानमन्त्री बालेन्द्र शाहले राष्ट्रपतिबाट सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रममा संसद् जाँदा राष्ट्रिय पोसाक नलगाउनु राम्रो भएन । भन्ने वेलामा राष्ट्रियताको कुरा गर्ने अनि राष्ट्रिय पोसाकको अपहेलना गर्ने, यो सुहाएन । हिजो माओवादी अध्यक्ष प्रचण्ड प्रधानमन्त्री हुँदा सुटपाइन्टमा देखिँदा उनको चौतर्फी आलोचना भयो । त्यसपछि उनले औपचारिक कार्यक्रममा जाँदा दौरासुरुवाल नै लगाए । हरेक राष्ट्रको आफ्नो पहिचान हुन्छ, त्यसलाई मान्दिनँ भन्न पाइँदैन । कुराले आकाश छुने, ससाना गल्ती कमजोरी नसच्याउने, मैले भनेको मात्र ठिक र बाँकी गलत भन्ने हो भने हिजो र आजको सरकारमा फरक के भयो ? हिजोको सरकारले जनआवाज सुनेन भनेर जनताले रास्वपालाई अत्यधिक मत दिएर जिताए, आज उसले पनि जनताको आवाज सुन्दैन भने अर्थ के नै रह्यो र ? प्रधानमन्त्रीज्यूको इमानदारीमा कुनै शंका छैन, तर उहाँले 'सिस्टम' भने बसाल्न सक्नुपर्छ ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

ट्रम्प र सीबिचको सहमतिले घटाउन सक्छ भारतको प्रभाव

ट्रम्प-सीबिचको शिखर बैठकमा भएको सहमतिले सुरक्षा, व्यापार र क्षेत्रीय संस्थाहरूमा भारतको शक्तिलाई खुम्च्याउने सम्भावना देखिन्छ



देश/विदेश

● सिद्धार्थ भाटिया
(भाटिया द वायर डट इनका संस्थापक सम्पादक हुन्)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बेइजिङको तीनदिने राजकीय भ्रमण गरे । भ्रमणलाई समकालीन विश्वव्यापी व्यवस्थामा महत्त्वपूर्ण मोडका रूपमा व्याख्या गरिँदै छ । भारतका लागि विश्वका पहिलो र दोस्रो ठुला अर्थतन्त्रबिचको पछिल्लो कूटनीतिक घनिष्टताले भूराजनीतिक र आर्थिक जोखिम बोकेको छ । यस सम्मेलनका प्रभावबारे नयाँदिल्ली किन चिन्तित हुनुपर्छ भन्नेबारे यहाँ पाँच बुँदामा चर्चा गरिएको छ ।

१. **भारतको रणनीतिक लाभमा धक्का** : सन् २००० देखि भारतको भूराजनीतिक गणना मुख्यतः अमेरिका-चीनबिचको घर्षणले निर्धारण गर्दै आएको छ । यही गणनाका आधारमा अमेरिकाले इन्डो-प्यासिफिक क्षेत्रमा नयाँदिल्लीलाई बेइजिङको 'काउन्टरवेट'का रूपमा अघि साऱ्यो । व्यापार, प्रविधि नियन्त्रण वा क्षेत्रीय सुरक्षाजस्ता विषयमा अहिले ट्रम्प-सीबिच ठोस समझदारी भएकाले भारतले अमेरिकाबाट जुन विशेषाधिकारयुक्त सन्तुलन शक्तिको हैसियत पाइरहेको थियो, त्यो कमजोर बन्न सक्छ । यसले रक्षा र गुप्तचर साझेदारीमा अमेरिकासँग हुने छलफलमा दिल्लीको 'बार्गेनिङ' क्षमता घटाउनेछ ।

२. **भारतले उठाउन सक्ने लाभमा क्षय** : सीमित परिणाममै भए पनि भारतले पछिल्लो समय विदेशी लगानी र निर्यात विविधीकरण हासिल गर्दै गएको थियो । यसमा आंशिक रूपमा अमेरिकी कम्पनीले चीनमा रहेका उत्पादन संयन्त्रलाई अन्यत्र सार्ने प्रयासको योगदान थियो । अहिले ट्रम्प-चीनबिच भएको सहमतिअन्तरगत चिनियाँ निर्यातमाथि अमेरिकाले लगाएको उच्च भन्सार हटाउने वा अमेरिकाले लगाएको प्रविधि अवरोध कम हुने देखिन्छ । यसले चिनियाँ कारखानाले पुनः 'लागत लाभ' हासिल गर्न सक्छन्, जसले चीनबाट अन्यत्र उद्योग सार्ने अमेरिकी उद्योगका रणनीति कम आकर्षक बन्नेछन् । अझ चीनको लागत लाभका कारण बाहिरिइसकेका केही उद्योग पुनै चीनमा फर्किन सक्छन् । यसले वैकल्पिक उत्पादन क्षेत्रका रूपमा भारतको भूमिकालाई कमजोर बनाउनेछ ।

३. **पाकिस्तानमाथि चिनियाँ सहयोग बढ्न सक्ने** : चीनप्रति अमेरिकाको शत्रुताले बेइजिङले पाकिस्तानलाई खुलेर सैन्य-आर्थिक समर्थन दिन सक्दैनथ्यो । यो अवस्था सर्घै कायम रहने नयाँ दिल्लीको बुझाइ थियो । अमेरिका-चीनबिचको सम्बन्ध सुधारिँदा पाकिस्तानमा चीनले उन्नत क्षेप्यास्त्र र नौसेना स्थानान्तरण गर्दा वासिङटनले बेवास्ता गर्न सक्छ वा न्यून महत्त्व दिन सक्छ । यसले चीन-पाकिस्तान अक्षविरुद्ध भारत सापेक्षिक रूपमा एक्लो हुनेछ । यसबाट भारतको रक्षा खर्च बढाउनुपर्ने बाध्यता आउनेछ ।

४. **पश्चिम एसियाको ऊर्जा र सुरक्षा गतिशीलता परिवर्तन** : भारतको ऊर्जा सुरक्षा स्ट्रेट अफ हर्मुजबाट पेट्रोलियम पदार्थको निर्बाध प्रवाहमा निर्भर गर्छ । अमेरिका-इरानबिचको जारी तनाव र क्षेत्रीय गतिशीलताले अहिले यो समुद्री मार्ग बन्द छ । ट्रम्पले चीन भ्रमणपछि बेइजिङबाट पाएको



आर्थिक सहुलियतको बदलामा तेहरानमाथि बेइजिङको प्रभावलाई अनुमोदन गरिदिए भने खाडी स्थिरतासम्बन्धी भावी वार्तामा भारत पाखा लगाइन सक्छ ।

पश्चिम एसियामा चीनअनुकूलको 'बार्गेनिङ'ले यस भागको समुद्री सुरक्षाको व्यवस्था बेइजिङतर्फ झुकाउनेछ । परिणामस्वरूप यस समुद्री भागमा हुने डकैतीविरुद्धको कारबाही, व्यापार संरक्षण र संकट व्यवस्थापनसम्बन्धी गतिविधिमा भारतको भूमिका घटाउन सक्छ । कालान्तरमा क्षेत्रीय शक्तिका रूपमा भारतको स्थिति कमजोर बनाउन सक्छ ।

५. **अमेरिकी नेतृत्वको र चीनकेन्द्रित समूहमा भारतको संस्थागत सीमान्तीकरण** : भारतको क्षेत्रीय प्रभाव 'क्वाड'जस्ता अमेरिकी नेतृत्वमा रहेका संरचना र 'सांघाई सहयोग संगठन'जस्ता चीनकेन्द्रित फोरमको सहभागितामा निर्भर गर्छ । ट्रम्प-सीबिचको शिखर सम्मेलनले व्यापार, प्रविधि वा दक्षिण एसियाली सुरक्षा विषयमा जी-२ (ठुला दुई महाशक्ति)को प्रधानतालाई जोड दिएको छ । ठुला मुद्दामा वासिङटन र बेइजिङबिच सहकार्य गर्ने कुराले भोलिका दिनमा सीमा व्यवस्थापन संयन्त्र, सुरक्षा व्यवस्था वा आपूर्ति शृंखलाको नियमजस्ता विषयमा भारतजस्ता देशको साथसहयोग नखोजिन सक्छ । यो संस्थागत सीमान्तीकरणले भारतलाई आफ्नो पुरानो अवस्था कायम राख्न थप कूटनीतिक पुँजी खर्च गर्न बाध्य पार्नेछ । जबकि भारत अहिले नै पनि व्यापार, कनेक्टिभिटी र सीमा सुरक्षालाई प्रत्यक्ष रूपमा असर गर्ने नियमलाई आकार दिन संघर्ष गरिरहेको छ ।

संक्षेपमा, भारतले ट्रम्प-सी बैठकलाई चीन र अमेरिकाबिचको दुई देशको बैठकका रूपमा मात्र लिन सक्दैन । उनीहरूबिच भएका सहमतिले सुरक्षा, व्यापार र क्षेत्रीय संस्थाहरूमा नयाँदिल्लीले चाल्न सक्ने रणनीतिलाई प्रत्यक्ष आकार दिन सक्छ । स्थिर अमेरिका-चीन सम्बन्धले भारतको रणनीतिक मूल्यलाई कमजोर पार्ने जोखिम छ । ठुला दुई शक्तिबिचको सहमतिले भारतको आर्थिक अवस्थितिलाई घटाउने र चीन-पाकिस्तान सम्बन्धलाई सीमित गर्नेदेखि पश्चिम एसियाली ऊर्जा व्यवस्थालाई आकार दिने क्षमतालाई कमजोर पार्ने जोखिम छ ।

द वायरबाट

मदुरोको कब्जापछि चीनतर्फ ढल्किएको भेनेजुएला

मदुरोकालीन राजनीतिक बन्दीलाई आममाफी दिन आलटाल गरेपछि ट्रम्प प्रशासनले रोड्रिगेज सरकारलाई निगरानी गरिरहेको छ

अमेरिकी सेनाले भेनेजुएलाका बहालवाला राष्ट्रपति निकोलस मदुरोलाई निवासबाट नियन्त्रणमा लिएको पनि दश महिना बितिसकेको छ। अमेरिकी सेनाले मदुरोलाई थुतेर लगेपछि छिट्टै राष्ट्रपति बनेकी तत्कालीन उपराष्ट्रपति डेल्सी रोड्रिगेजले अमेरिकी संरक्षणमा समाजवाद अंगीकार गर्दै आफ्नो देशको प्रयोगलाई उल्ट्याउने प्रक्रिया सुरु गरेकी छिन्। भेनेजुएलाको समाजवादतर्फको यात्रा ह्युगो चाभेजको नेतृत्वमा सुरु भयो। सन् १९९९ मा पदभार ग्रहण गरेपछि चाभेजले व्यापक राष्ट्रियकरण, राज्यको नेतृत्वमा तेलको पुनर्वितरण र सामाजिक खर्च बढाउने कार्यक्रम सुरु गरे। अनि चाभेजले यस प्रक्रियालाई बोलिभियाली क्रान्ति भने। २०१३ मा चाभेजको मृत्युपछि मदुरोले राष्ट्रपतिको पदभार सम्हाले। अनि सोही समयदेखि नै उनको प्रशासनले आधुनिक इतिहासकै सबैभन्दा गम्भीर आर्थिक गिरावटको सामना गऱ्यो। साथै, मदुरो प्रशासनले लोकतान्त्रिक नियन्त्रण र सन्तुलनलाई पनि भत्कायो।



● जुलिया बक्सटन
(बक्सटन लिभरपुल जोन मुर्स विश्वविद्यालयका कानुन र न्याय अध्ययन स्कुलकी प्राध्यापक हुन्।)

क्रान्तिकारी शासन व्यवस्थाका लागि वैचारिक संशोधन एक खतरनाक क्षण हो। प्रमुख नीतिगत निर्णायकलाई नेतृत्व आवश्यक पर्छ। विश्वसनीय र क्षमतावान् नेतृत्वको अभावमा निर्णायकले अधिनायकवादी बन्ने जोखिम मोल्छन्। सोभियत संघ सम्भवतः यसको सबैभन्दा गतिलो उदाहरण हो। अभिव्यक्ति र भेला हुने नयाँ स्वतन्त्रताअन्तर्गत आर्थिक गुनासोको भारमा संघ सन् १९९१ मा पतन भयो। यस्तै नियतिबाट बच्न उत्सुक चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) ले त्यसपछिको दशकमा सोभियत संघको पतनको अध्ययन गऱ्यो। यसले निष्कर्ष निकाल्यो कि सोभियत संघले एकैसाथ आर्थिक र राजनीतिक खुलापनजस्तो गलत गणना गऱ्यो।

भेनेजुएलामा राष्ट्रपति रोड्रिगेजले चीनको दृष्टिकोण पछ्याइरहेको देखिन्छ। उनले आर्थिक उदारीकरणलाई प्राथमिकता दिँदै देशभित्रको राजनीतिक अवस्थामाथि कडा नियन्त्रण राखेकी छिन्। अमेरिकी अधिकारीको स्वीकृत मार्गदर्शनमा रोड्रिगेजले मदुरोको शासनका केही तत्त्व उजागर गरेकी छिन्। लामो समयदेखि सैन्य व्यक्तित्व र स्वार्थले प्रभुत्व जमाएको प्रशासनमा ३२ पदमध्ये तेह्रवटा फेरबदल गरिएको छ।

यद्यपि, मदुरो शासन कायम राख्ने देशका सशस्त्र सेनाका धेरै प्रमुख



> भेनेजुएलाले चीनको दृष्टिकोण पछ्याइरहेको देखिन्छ, आर्थिक उदारीकरणलाई प्राथमिकता दिँदै राष्ट्रपति रोड्रिगेजले राजनीतिक अवस्थामाथि कडा नियन्त्रण राखेकी छिन्

शक्ति (पावर ब्रोकर) अहिले सरकारमा छन्। यसमा आन्तरिक मन्त्री डिओस्डाडो काबेलो र मार्चमा रक्षामन्त्रीको पदबाट बर्खास्त भएपछि फेरि कृषिमन्त्री नियुक्त भएका भ्लादिमिर पाद्रिनो लोपेज समावेश छन्। यिनीहरू राष्ट्रपति रोड्रिगेजको पछि लागेका छन्। एकपछि अर्का अमेरिकी राष्ट्रपतिहरूले रोड्रिगेजविरुद्धजस्तै उनीहरूविरुद्ध पनि प्रतिबन्ध, पुरस्कार र गिरफ्तारी वारेन्ट जारी गरेका छन्। यद्यपि, अहिले भने रोड्रिगेजविरुद्ध अमेरिकी वारेन्ट खारेज गरिएको छ। राज्य र सरकारको सम्पूर्ण संयन्त्र सत्तारुढ भेनेजुएला युनाइटेड सोसलिस्ट पार्टी (पिएसयुभी) को हातमा छ। यसमा नेसनल एसेम्ब्ली, सर्वोच्च अदालत, राष्ट्रिय निर्वाचन प्रशासन, प्रहरी र सेना समावेश छन्। देशको २४ राज्यमध्ये २३ मा पिएसयुभिनिकट गभर्नर छन्।

भेनेजुएलामा ताजा राष्ट्रपति चुनावका लागि विपक्षी नेताले आह्वान गरेका छन्। उनीहरूको मागका बाबजुद ट्रम्प प्रशासन र रोड्रिगेजले अहिलेसम्म निर्वाचनका लागि प्रतिबद्धता जनाउन सकेका छैनन्। मदुरोकालीन राजनीतिक बन्दीलाई आममाफी दिने प्रगति पनि सुस्त छ। यिनै कारणले ट्रम्प प्रशासनले रोड्रिगेज सरकारलाई निगरानी गरिरहेको छ। मदुरोले आफ्ना विरोधीलाई फसाउन विभिन्न मुद्दा लगाएर थुनामा राखेको विपक्षीले आरोप लगाएका छन्। र, अमेरिकालगायत पश्चिमा देशले उनीहरूलाई रोड्रिगेज सरकारले निःसर्त रिहा गर्नुपर्ने माग गर्दै आएका छन्। फेब्रुअरीमा आममाफी कानुन पारित भएपछि दुई हजार २०० भन्दा बढी मानिसलाई जेलबाट रिहा गरिएको थियो र अन्य कानुनी अड्चन हटाइएको थियो, तर राजनीतिक बन्दीहरूको रिहाइमा कमी आएको छ। चार सयभन्दा बढी मानिस अझै पनि जेलमा छन्। आममाफी दिने कानुन संशोधनको प्रक्रिया बढाउन बाँकी छ।

रोड्रिगेजले आर्थिक क्षेत्रमा सुधार तीव्र गतिमा कार्यान्वयन गरेकी छिन्। चाभेजको राष्ट्रियकरण अभियानलाई उल्ट्याइएको छ। नयाँ आर्थिक नीतिले अर्थतन्त्रका प्रमुख क्षेत्रमा निजी लगानीका लागि पुनः ढोका खोलेको छ। यसमा हाइड्रोकार्बन र खानी क्षेत्र समावेश छन्। हालै अनावरण गरिएको सार्वजनिक सम्पत्ति मूल्यांकन आयोगले कृषि, उत्पादन र पूर्वाधारजस्ता अन्य आर्थिक क्षेत्रमा राज्य स्वामित्वको लेखा परीक्षण गर्नेछ। निजी क्षेत्रलाई बिक्रीको अपेक्षा गरिएको छ। लगानीकर्ताका लागि अनुकूल सर्त र अन्य विश्वास निर्माण उपायमार्फत पिएसयुभी पार्टीको अनुशासन र राजनीतिक प्रभुत्वलाई यहाँ राम्रोसँग प्रयोग गरिएको छ। यसमा लामो समयदेखि कुख्यात रूपमा अप्रत्याशित आर्थिक वातावरणमा कानुनी सुनिश्चितता प्रदान गर्नुका साथै अन्तर्राष्ट्रिय मध्यस्थतामा पहुँच समावेश छ। यी उपायले लगानीलाई प्रोत्साहन गर्छन् कि गर्दैनन् भन्ने कुरा आगामी महिना स्पष्ट हुनेछ।

रोड्रिगेजले भेनेजुएलालाई अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) मा फिर्ता ल्याउने निर्णय पनि गरेकी छिन्, जसले २०१९ मा मदुरो सरकारलाई मान्यता दिन बन्द गरेपछि सुरु भएको निलम्बन अन्त्य गरेको छ। आइएमएफकी प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिएभाले रोड्रिगेजसँग महत्त्वपूर्ण कुराकानी भएको रिपोर्ट गरेकी छिन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रोड्रिगेजले 'महान् काम' गरेकोमा प्रशंसा गरेका छन्। उनले भनेका छन् कि उनी अमेरिकी प्रतिनिधिसँग राम्रोसँग काम गरिरहेकी छिन्। तर, स्वदेशमा केही विरोधीले उनलाई अमेरिकाको कठपुतली भएको आरोप लगाएका छन्। रोड्रिगेजका लागि धेरै चुनौती छन्। सरकारको विरोधमा प्रदर्शन पनि सुरु भएका छन्। छोटो अवधिमा विरोध प्रदर्शनको वास्तविक जोखिम छ। भेनेजुएला राजनीतिक अस्थिरतामा छ, जहाँ न्याय र लोकतन्त्रप्रति निराशा बढ्दो छ।

आजसम्म प्रदर्शन नभएका कारण नेतृत्वको अभाव हो। जुलाई २०२४ को राष्ट्रपति चुनावमा प्रतिस्पर्धा गर्नबाट मदुरो सरकारले प्रतिबन्ध लगाएकी विपक्षी दलकी नेतृ मारिया कोरिना माचाडो देश फर्किएपछि यो परिवर्तन हुने सम्भावना छ। माचाडोले २०२६ अन्त्यतिर भेनेजुएला फर्कने अपेक्षा गरेको बताएकी छिन्। धेरैले मदुरोलाई नियन्त्रणमा लिएपछि रिक्त राष्ट्रपति पदमा माचाडोलाई पुऱ्याइने अपेक्षा गरेका थिए। तर, ट्रम्पले उनलाई भेनेजुएलाको अर्को नेताको रूपमा समर्थन गर्न अस्वीकार गरे। अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँगको उनको बलियो मित्रताका बाबजुद माचाडो अझै अमेरिकी घेराबन्दीमा छिन्। ट्रम्पले उनलाई अझै पूर्ण रूपमा विश्वास गर्न सकेका छैनन्।

हालै युरोपको भ्रमणमा रहेकी नवउदारवादी माचाडोले रोड्रिगेजले ल्याएको आर्थिक परिवर्तनको समर्थन गरिनन्। बरु उनले भेनेजुएलामा राजनीतिक सुधारको आवश्यकतामा जोड दिएकी छिन्, साथै अधिल्ला सरकारको भ्रष्टाचार र दुर्व्यवहारका लागि जवाफदेहिता र न्यायको माग पनि गरेकी छिन्।

अर्को, दीर्घकालीन समस्या भेनेजुएलामा देखा परिरहेको राजनीतिक अर्थतन्त्रसँग सम्बन्धित छ। आर्थिक परिवर्तन देशको हाइड्रोकार्बन र खनिज स्रोत निकाल्न र लगानीकर्ताको चासो जगाउन डिजाइन गरिएको हो। यसले भेनेजुएलाको ऐतिहासिक निर्भरतालाई पुनर्स्थापित गर्नेछ। यस्तो निर्भरता १९७० को दशकदेखि भेनेजुएलाको अस्थिरताको आधारभूत कारक रहेको छ र यो बोलिभेरियाली क्रान्तिले अन्त्य गर्ने वाचा गरेको कुरा हो।

- कन्भर्सेसनबाट

इतिहासमा आज



सन् २००९ : श्रीलंकाको गृहयुद्ध समाप्त। सरकार र पृथक्तावादी तमिल टाइगर्सबिच २५ वर्षदेखि चलेको द्वन्द्वमा एक लाखसम्मको ज्यान गएको थियो। युद्धमा हजारौं घाइते भए। टाइगर्सको पराजयसँगै युद्ध समाप्त भयो।

१८०४ : नेपोलियन बोनापार्टलाई फ्रान्सको सम्राट् नियुक्त गरियो। कोर्सिकाका मूलनिवासी फ्रान्सेली नेता आज पनि आफ्नो सफल सैन्य अभियान र वाटरलुको युद्धमा आफ्नो अन्तिम पराजयका लागि व्यापक रूपमा परिचित छन्।

१८४८ : पहिलो जर्मन नेसनल एसेम्ब्लीको भेला फ्रान्कफर्टमा भयो। यस सभाले जर्मनीको पहिलो स्वतन्त्र रूपमा निर्वाचित संसद् गठन गऱ्यो।

सन् १९२७ : अमेरिकी विद्यालयमा भएको नरसंहारमा ४५ जनाको मृत्यु। एक असन्तुष्ट स्कुल बोर्ड सदस्यले बाथ कन्सोलिडेटेड स्कुल र मिसिगनका अन्य स्थानमा बम विस्फोट गराएका थिए।

सन् १९७४ : भारतले राजस्थानस्थित एक मरुभूमिमा एउटा आणविक हतियार विस्फोट गरायो।

सन् १९८० : माउन्ट सेन्ट हेलेन्स विस्फोट। विस्फोटमा ५७ जनाको मृत्यु भएको थियो।

चीनबाट ट्रम्प फर्किए पुटिन जाँदै

मस्को/रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले चीनको भ्रमण गर्ने भएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीन भ्रमण सकेलगत्तै पुटिन बेइजिङ जाने भएका हुन्। पुटिनले मे १९ देखि २० सम्म चीनको औपचारिक भ्रमण गर्ने क्रेमलिनले घोषणा गरेको छ। पुटिन र उनका चिनियाँ समकक्षी राष्ट्रपति सी जिनपिङले मस्को र बेइजिङबिचको 'व्यापक साझेदारी र रणनीतिक सहयोगलाई अझ बलियो बनाउने' योजना बनाएको क्रेमलिनले जनाएको छ। पुटिनले चिनियाँ प्रधानमन्त्री ली छियाङसँग आर्थिक र व्यापारिक सहयोगको बारेमा पनि छलफल गर्ने कार्यक्रम छ।

रुसको तास समाचार एजेन्सीका अनुसार यो भ्रमण असल छिमेकी र मैत्रीपूर्ण सहयोग सन्धिमा हस्ताक्षर भएको २५औँ वार्षिकोत्सवको सम्झनामा आयोजना गरिएको हो। यसअघि राष्ट्रपति ट्रम्पले मे १३ देखि १५ सम्म चीनको भ्रमण गरेका थिए। राष्ट्रपति ट्रम्प र सीले धेरै व्यापक व्यापार सम्झौताको चर्चा गरे तापनि, ताइवान वा इरानमाथि अमेरिका-इजरायल युद्धसँग सम्बन्धित प्रमुख मुद्दामा उनीहरूले सार्वजनिक रूपमा थोरै प्रगति गरेको देखिन्थ्यो। भेटका अवसरमा उनीहरूले रुस-युक्रेन युद्धको प्रसंगलाई पनि उठाएका थिए। युक्रेन युद्धबारे चीन आधिकारिक रूपमा तटस्थ छ र सीले आफूलाई मध्यस्थकर्ताको रूपमा प्रस्तुत गरेका छन्। तैपनि, २०२२ मा युक्रेनसँग पूर्णस्तरीय हमलाको ठिक अघि घोषणा गरिएको पुटिनसँग सीको 'सीमारहित' गठबन्धनले त्यो अडानलाई कमजोर बनाएको छ। चिनियाँ फर्महरूले एक्लैले रुसी ड्रोन उत्पादनलाई निरन्तरता दिएका विषयलाई बेइजिङले अस्वीकार गरेको छ।

वासिङटन र बेइजिङको सम्बन्ध तनावले घेरिएको अवस्थामा हालैका महिनामा चीन-रुस सम्बन्ध गहिरो भएको देखिन्छ। यी दुई औपचारिक सैन्य सहयोगी नभए पनि तिनीहरूले अत्यन्तै घनिष्ट राजनीतिक र आर्थिक सम्बन्ध कायम राखेका छन्। पश्चिमा राष्ट्रहरूले मस्कोसँग सम्बन्ध तोडेपछि चीनले रुसी तेल र सामानहरू किन्नका लागि कदम चालेको छ। गत अगस्टमा चीनको चारदिने भ्रमणअघि पुटिनले 'भेदभावपूर्ण' पश्चिमी प्रतिबन्धको निन्दा गरे र बेइजिङको प्रशंसा गरे। चीन अहिले मात्राको हिसाबले रुसको सबैभन्दा ठुलो व्यापारिक साझेदार हो, र लेनदेन लगभग पूर्ण रूपमा रुसी रूबल र चिनियाँ युआनमा गरिन्छ।

चीन अहिले परिमाणको हिसाबले रुसको सबैभन्दा ठुलो व्यापारिक साझेदार हो, र लेनदेन पूर्णतया रुसी रूबल र चिनियाँ युआनमा गरिन्छ। गत महिना, सीले रुसी विदेशमन्त्री सर्गेई लाभरोभसँगको भेटमा बेइजिङ र मस्कोबिच 'निकट' र बलियो रणनीतिक समन्वयका लागि जोड दिए। सीले गत वर्ष मे महिनामा पनि रुसको भ्रमण गरेका थिए र 'एकपक्षीयता र प्रभुत्ववादी धम्की' विरुद्ध मस्कोको साथ उभिने वाचा गरेका थिए।

कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८३/०२/४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८३ जेठ १९ गते मंगलबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

दलदले

ऋणीको विवरण

१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी मिति २०७५/०४/३१ मा प्रा.फ.र.नं. ८८/३०३४/०७५ कायम भई दर्ता रहेको नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **सिंगापुर पशु फर्म**।
प्रोप्राईटर - गणेश क्षेत्री

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **गणेश क्षेत्री**
ना.प्र.नं.- ५०१०३२/४०४००
जारी मिति - २०७०/०९/०३, जि.प्र.का. बाग्लुङ्ग
बाबु - शक्त बहादुर क्षेत्री
बाजे - नर बहादुर क्षेत्री
स्थायी ठेगाना- बाग्लुङ्ग जिल्ला, पैयुथेन्थाप गा.वी.स., वडा नं. ०९
हालको ठेगाना- नवलपरासी ब.सु.पु जिल्ला, देवचुली न.पा, वडा नं. ०४

२. **शान्ती शर्मा क्षेत्री**
ना.प्र.नं.- ३६२०११/६१२८
जारी मिति - २०७३/०२/१० जि.प्र.का. नवलपरासी
बाबु - गिता प्रसाद शर्मा
बाजे - खगेश्वर पाध्या
स्थायी ठेगाना-नवलपरासी जिल्ला, देवचुली न.पा., वडा नं. ४
हालको ठेगाना- ऐ.ऐ

लिलाम हुने सम्पतिको विवरण

१. **गणेश क्षेत्री**को नाममा मालपोत कार्यालय, कावासोती नवलपरासी दर्ता कायम रहेको नवलपरासी जिल्ला, सिसवार गा.वि.स./न.पा. वडा नं. १ ख स्थित कित्ता नं. १४६६, १४७०, १४६५ र १४७३ को क्षे.फ. क्रमश ३८.१०, १३५.४६, ३८.१० र १३५.४६ (व.मि) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात।

बर्दघाट

ऋणीको विवरण

कम्पनी ऐन, २०६३ बमोजिम, कम्पनी दर्ता ऐन, २०७६ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग नवलपरासीमा मिती २०६६/०४/१२ मा प्रा.फा.द.नं. ३२/१५६८/०६५ दर्ता कायम भई नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं.१६, सिद्धनगर (साबिक माकर गा.वि.स/न.पा वडा नं. ४) स्थित रजिष्टर्ड कार्यालय रहेका **बि.के आयुष कन्सट्रक्शन प्रा.लि। संञ्चालक बुद्धि प्रसाद वि.क.**

लिलाम हुने सम्पतिको विवरण

१. **बुद्धि प्रसाद वि.क.**को नाममा मालपोत कार्यालय, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स./न.पा. वडा नं. ६ क स्थित कित्ता नं. ३८४ को क्षे.फ.०-१-५ (वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात।
२. धनी कुमारी बैंक लि. र ऋणी **बि.के आयुष कन्सट्रक्शन प्रा.लि** कायम रहि बागमति प्रदेश यातायात व्यवस्था कार्यालय ललितपुरमा दर्ता कायम रही चे.नं. M3GTGS864KB200042, ई.नं. A1U810, सवारी नं. State 3-01 023 CHA 3762 को मोडल नं. ISUZU V CROSS 2.5 गाडी थान १।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **बुद्धि प्रसाद वि.क**
ना.प्र.नं.- ८२६७/३०७
जारी मिति - २०५९/०९/३० जि.प्र.का. बाग्लुङ
बाबु - कैले
बाजे - तारा बहादुर कामी
स्थायी ठेगाना- बाग्लुङ जिल्ला तमान गा.वि.स. वडा नं. २
हालको ठेगाना- नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १६,

२. **अमला माया वि.क.**
ना.प्र.नं.- ९१९०९
जारी मिति - २०६३/०९/०३, जि.प्र.का. नवलपरासी
बाबु - पूर्ण बहादुर सुनार
पति - बुद्धि प्रसाद वि.क
स्थायी ठेगाना- नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १६,
हालको ठेगाना- ऐ.ऐ

ट्रफिकचोक

ऋणीको विवरण

१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय रुपन्देहीमा मिति २०६७/१२/२४ मा प्रा.फ.र.नं..- २६१४३/०६७ कायम भई दर्ता रहेको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहेको **अलिम इन्टरप्राईजेज।**
प्रोप्राइट : अलिम मियाँ

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **अलिम मियाँ**
ना.प्र.नं.- १३३३९
जारी मिति - २०६१/०८/०६
जि.प्र.का. अर्घाखाँची
बाबु - बसिर मियाँ
बाजे - सुरत अलि
स्थायी ठेगाना- अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा., वडा नं. ०१,
हालको ठेगाना- रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ०७,

२. **मोमिना खातुन**
ना.प्र.नं. ३७-०२-७२-०८०९३
जारी मिति २०७२/१२/१६
जिल्ला प्रशासन कार्यालय इ.प्र.शा.बुटवल रुपन्देही
बाबु - रोज महमद मिया
बाजे - सुरज अली
स्थायी ठेगाना- रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ०७
हालको ठेगाना- ऐ.ऐ

लिलाम हुने सम्पतिको विवरण

१. **अलिम मियाँ**को नाममा मालपोत कार्यालय, बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा /न.पा., वडा नं. ७ स्थित कित्ता नं. ३३ को क्षे.फ. ७२.४६ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. धनि कुमारी बैंक लि. र ऋणी **अलिम इन्टरप्राईजेज** कायम रही बागमती अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चेसिस नं. MEEHSRAWEJ4021719 ईन्जिन न E060333, सवारी नं बा २० cha ६५६१ को Renault Duster RXS थान १।

जोशीपुर कैलाली

ऋणीको विवरण

१. **लक्ष्मी कुमारी डगौरा**
ना.प्र.नं.- २८०१-२७
जारी मिति - २०५६/०२/१३,, जि.प्र.का. कैलाली
बुवा - छेदालाल डगौरा
बाजे - हलिया डगौरा
पति - राम बहादुर चौधरी
स्थायी ठेगाना- कैलाली जिल्ला, भजनी न. पा., वडा नं. ०१
हालको ठेगाना- ऐ.ऐ.

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **राम बहादुर चौधरी**
ना.प्र.नं.- ४२/१८९७
जारी मिति - २०५१/१२/१७, जि.प्र.का. दाङ इलाका प्रशासन शाखा तुलसीपुर दाङ
बाबु - कालु राम थारु
बाजे - दिल बहादुर चौधरी
स्थायी ठेगाना- दाङ जिल्ला, अहरी गा.वि.स., वडा नं. ०४
हालको ठेगाना- कैलाली जिल्ला, भजनी न. पा., वडा नं. ०१

लिलाम हुने सम्पतिको विवरण

१. **लक्ष्मी कुमारी डगौरा**को नाममा मालपोत कार्यालय, धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, खैलाड गा.वि.स./न.पा. वडा नं. ०४ स्थित कित्ता नं. ४१७ को क्षे.फ. ०-१०-०-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८३ जेठ १८ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८३ जेठ १९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८३ जेठ १९ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार ४ जेठ ०८३

सातामा दुईपटक पाउने स्थायी निक्षेप सुविधालाई दैनिक बनाइँदै

ब्याजदर घट्ने जोखिमले निक्षेप 'पार्किङ'लाई राष्ट्र बैंकको प्रोत्साहन, कर्जा प्रवाहको जोखिम नलिई राष्ट्र बैंकमा निक्षेप राखेर ब्याज पाउने सुविधा बढाउने तयारी

नयाँ पत्रिका

बैंक तथा वित्तीय संस्थालाई हप्तामा दुईपटकसम्म स्थायी निक्षेपको सुविधा दिँदै आएको नेपाल राष्ट्र बैंकले अब दैनिक यस्तो सुविधा दिने तयारी गरेको छ। केन्द्रीय बैंकले शुक्रबार मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक गर्दै स्थायी निक्षेप सुविधामा पुनरावलोकन गर्ने बताएको थियो। निक्षेपको ब्याजदर तल्लो सीमामा रहेको २.७५ प्रतिशतभन्दा तल झर्ने भएपछि केन्द्रीय बैंकले दैनिक रूपमा बैंकहरूबाट निक्षेप उठाउने सुविधा ल्याउने तयारी गरेको केन्द्रीय बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले जानकारी दिए। उनले भने, 'अहिले बैंकहरूले ब्याजदर करिडोरको फ्लोर रेटमा स्थायी निक्षेप सुविधा पाइरहेका छन्। तर, अन्तरबैंक ब्याजदर भने वेलाबखत यो दरभन्दा तल जाने गरेको छ। त्यसैले ब्याजदरलाई करिडोरको सीमाभित्रै राख्न स्थायी निक्षेप सुविधामा परिवर्तन गर्न लागेका हौं। अहिले हप्तामा दुई दिन उठाइरहेको छ भने अब दैनिक उठाउन सकिन्छ कि भनेर छलफल भइरहेको छ।'

कर्जा विस्तारमा उदासीन देखिएका बैंक तथा वित्तीय संस्थालाई निक्षेप 'पार्किङ' गर्न राष्ट्र बैंकले नै प्रोत्साहन गरिरहेको छ। सुस्त कर्जा प्रवाह र बढ्दो रेमिट्यान्स आप्रवाहले बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य पुँजी थुप्रिँदै गइरहेको छ। यस्तोमा बैंक तथा वित्तीय संस्था पनि कर्जा प्रवाह गर्ने जोखिम लिन सकेका छैनन्। खासगरी खराब कर्जाको अनुपात बढ्दै गएकाले उनीहरू अधिक तरलताका बाबजुद निक्षेप पार्किङ गरेर बसेका छन्। त्यस्तै, कर्जाको माग पनि बढ्न सकेको छैन।

राष्ट्र बैंकले सातामा दुई दिन (आइतबार सार्वजनिक बिदा कायम हुनुअघि तीन दिन) स्थायी निक्षेप सुविधा दिँदै आएकाले बैंकहरू ढुक्कले यो सुविधा लिइरहेका छन्। राष्ट्र बैंकका अनुसार २९ वैशाखसम्ममा बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप ७९ खर्ब ४८ अर्ब रुपैयाँ कायम छ। तर, कर्जा प्रवाह भने ५८ खर्ब ७२ अर्बमा सीमित छ। कर्जा निक्षेपको अनुपात ७३.१९ प्रतिशत छ। यसले बैंक तथा वित्तीय संस्थामा अधिक तरलता रहेको स्पष्ट देखाउँछ।

नेपाल राष्ट्र बैंकले पनि ब्याजदर करिडोरको तल्लो सीमा २.७५ प्रतिशतभन्दा तल निक्षेपको ब्याजदर झर्न नदिन निक्षेपको पार्किङलाई नै प्रोत्साहन गर्ने नीति अवलम्बन गर्दै आइरहेको छ। सोही निक्षेपको ब्याजदरलाई ब्याजदर करिडोर तल्लो सीमाभन्दा तल झर्न नदिन नेपाल राष्ट्र बैंकले स्थायी निक्षेप सुविधामा पुनरावलोकन गर्ने भएको हो। चालू आर्थिक वर्षको मौद्रिक नीतिले ब्याजदर करिडोरको तल्लो सीमा निक्षेप संकलन दरलाई ३ प्रतिशतबाट घटाएर २.७५ प्रतिशतमा कायम राखेको थियो। तर, यसले ब्याजदर घटेर निक्षेप निरुत्साहित हुनुको साटो थुप्रिँदै गएको छ। बैंकहरू पनि राष्ट्र बैंकमा २.७५ प्रतिशतमै निक्षेप राख्नमा बढी केन्द्रित छन्। स्थायी निक्षेप सुविधाबापत बैंक तथा वित्तीय संस्थाले १० महिनामा तीन सय ४२ खर्ब ७२ अर्बको कारोबार गरेका छन्। यो एक सय १७ पटकमा भएको कारोबार हो।

राष्ट्रिय योजना आयोगका पूर्वअध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठले बैंकहरूलाई ५-६ प्रतिशत ब्याजदरमै कर्जा प्रवाह गर्दा बढी लाभ हुने भए पनि बाध्यतावश केन्द्रीय बैंकमा स्थायी निक्षेप सुविधा लिएर बस्नुपरेको बताए। उनले भने, 'स्थायि निक्षेप सुविधाभन्दा कर्जा प्रवाह गर्दा नै बढी फाइदा छ। तर, कर्जाको माग नै भएको छैन। अर्को भने कोभिडकालमा जसरी जथाभावी कर्जा प्रवाह नहोस् भन्नेमा पनि केन्द्रीय बैंक सतर्क छ। त्यसैले ब्याजदरलाई सीमाभित्र राख्न राष्ट्र बैंकले सकेसम्म लचकता अपनाउनुपर्ने बाध्यता छ।' स्थायी निक्षेप सुविधामा सहजीकरण गर्दा निक्षेपकर्ताको संरक्षण पनि हुने उनको बुझाइ छ। उनले भने, 'ब्याजदर फ्लोररेटभन्दा तल जाँदा निक्षेपकर्ताले पनि निक्षेपको कम ब्याज पाउने जोखिम छ। अहिले नै निक्षेपको ब्याजदर न्यून छ।'

पछिल्लो समय आयातमा भएको वृद्धिले कर्जाको माग बढ्ने संकेत देखिए पनि तुलनात्मक रूपमा रेमिट्यान्स बढी भित्रिएकाले अधिक तरलता बढ्दो क्रममा छ। उनले भने, 'पश्चिम एसियामा जारी तनावले मूल्यवृद्धि हुँदा मूल्यमा समेत आयात बढ्दा उपभोगसँगै बचतमा समेत कमी आउने देखिन्छ। तर, यो आयातको वृद्धिले निरन्तरता पाउँछ कि पाउँदैन भन्ने नै महत्त्वपूर्ण हो। पुँजीगत वस्तुको आयात पनि बढ्नुपर्‍यो।'

GREEN HOME LOAN
INTEREST RATE STARTING FROM 6.07% p.a.
T & C apply
FOR SUSTAINABLE LIVING!
Global IME Bank
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

आर्थिक रूपान्तरण हुने गरी बजेट ल्याउन महासंघको सुझाव



काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघले आर्थिक रूपान्तरण हुने गरी आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट ल्याउन अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई सुझाव दिएको छ। आइतबार महासंघका अध्यक्ष अन्जन श्रेष्ठले अर्थमन्त्रीलाई आगामी बजेटमार्फत अर्थतन्त्रको वर्तमान मोडेलमा आमूल परिवर्तन गर्न सुझाव दिएको हो। महासंघले खस्किँदो व्यावसायिक मनोबल उकास्न, बजारमा माग सिर्जना गर्न र रोकिएको लगानी पुनः आकर्षित गर्न, रोजगारी सिर्जना गर्ने गरी बजेटमा नीतिगत सुधारको सुझाव दिएको छ।

अर्थमन्त्रीसमक्ष सुझाव पेस गर्दै महासंघका अध्यक्ष श्रेष्ठले महासंघले हालै सार्वजनिक गरेको '६ स्तम्भ, ६० पहल'सहितको साझा राष्ट्रिय रूपरेखाले सरकारकै नीति तथा कार्यक्रमलाई सहयोग गर्ने बताए। भेटमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले अर्थतन्त्रको संरचनागत सुधार गर्ने गरी रूपान्तरणकारी बजेट आउने बताए। उनले सरकार निजी क्षेत्रलाई मुख्य साझेदार मानेरै अगाडि बढ्न प्रतिबद्ध रहेको प्रस्ट पार्दै महासंघको प्रतिनिधिमण्डललाई आशावादी रहन आग्रह गरे। 'हामीले राजनीतिमा परिवर्तन ल्याएका छौं। अब अर्थतन्त्रमा परिवर्तन ल्याउनु छ,' उनले भने।

Request for Proposals –Comprehensive Household Insurance of Staff

Nabil Bank Ltd. invites sealed proposals from interested firms/companies for insurance services for Comprehensive House hold insurance of Staff.

Terms and Conditions

1. Bidders must submit following documents:
   a) PAN/VAT Certificate - notarized
   b) Audited Balance Sheet of Last Two years
   c) List of Prime Customers
   d) Firm/Company Registration (renewed)- notarized
   e) Tax clearance certificate (updated) - notarized
   f) Company profile with brief introduction of promoters and key management team
   g) Self- declaration not being black listed or under any legal prosecution.
2. The details of the amount and number of staffs shall be provided to the interested party upon written request letter for Comprehensive Household Insurance.
3. The sealed quotation should be submitted in an envelope addressing Administration Department, Nabil Bank Ltd, with name of the bidder's firm and address. Sealed quotation should reach to the Bank's Head Office, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal, not later than **4:00 PM, 1 June 2026 (Jestha 18, 2083).** Bid documents received after this deadline will not be accepted.
4. The bid shall be opened on **11:00 AM, 2 June 2026 (Jestha 19, 2083) at Bank's Head Office, Administration Department, Ghantaghar Building, Kathmandu, Nepal.**
5. In case the last day of bid submission/ opening falls on a government holiday, then the next working day shall be applicable for the same.
6. The bank reserves the right to accept or reject in part or whole of any sealed quotation without assigning any reason whatsoever and will not be compelled to accept the lowest bid.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu, Nepal, Contact: 01-5971871

लुम्बिनी प्रदेशका चारवटै गौरवका आयोजनाको निर्माण कछुवा गतिमा

राजधानी अझै अपूरो, रामपुर-कपुरकोट सडक र प्रादेशिक अस्पतालमा बजेट अभाव, विश्वविद्यालय भाडामा

बुटवलमा **विष्णु घिमिरे**

लुम्बिनी प्रदेशको महत्त्वपूर्ण गौरवको आयोजना रामपुर-कपुरकोट सडक ६ वर्ष बित्दा पनि कामको गति सुस्त छ। लुम्बिनीमा चारवटा गौरवका आयोजना अगाडि बढाइएको छ, तर कुनै पनि आयोजना निर्धारित समयमा सम्पन्न हुने गरी सन्तोषजनक रूपमा काम हुन सकेको छैन।

प्रदेश सरकारले रामपुर-कपुरकोट सडक (जीवराज आश्रित, कृष्णसेन इच्छुक मार्ग), लुम्बिनी प्रादेशिक अस्पताल, प्रदेशको स्थायी राजधानी र लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई गौरवको आयोजनाका रूपमा अगाडि बढाएको छ। यीमध्ये प्रदेश राजधानीमा सरकारका प्रशासनिक भवनहरूको काम भए पनि प्रदेश सभातर्फको काम अझै जारी छ। प्रादेशिक अस्पतालमा झन्डै एक अर्ब निर्माण कम्पनीलाई तिर्नुपर्ने बक्यौता छ। त्यस्तै, रामपुर-कपुरकोट सडकको हालत निकै दयनीय अवस्थामा छ।



बुटवलमा निर्माणाधीन लुम्बिनी प्रादेशिक अस्पताल

रामपुर-कपुरकोट सडक ६ वर्षमा ५० किलोमिटर कालोपत्रे

लुम्बिनी प्रदेश सरकारले निकै महत्त्वका साथ सुरु गरेको रामपुर-कपुरकोट सडक (जीवराज आश्रित, कृष्णसेन इच्छुक मार्ग) ६ वर्ष बित्दा जम्मा ५० किलोमिटर मात्रै कालोपत्रे भएको छ। आर्थिक वर्ष ०७५/७६ बाट सुरु यस आयोजना लुम्बिनी प्रदेशका तत्कालीन मुख्यमन्त्री शंकर पोखरेलले अगाडि बढाए पनि बजेट अभावमा प्रगति हुन नसकेको हो। झन्डै तीन सय किलोमिटरको सडक बजेट अभावमा सबै खण्डको ठेक्का लगाउन सकिएको छैन। यस आयोजना हालसम्म एक अर्ब पाँच करोड २६ लाख खर्च भइसकेको यातायात पूर्वाधार निर्देशनालय बुटवलका सूचना अधिकारीसमेत रहेका वरिष्ठ इन्जिनियर अरुण गुप्ताले बताए। हालसम्म ७४ किमि सडकको ठेक्का लगाएर काम अगाडि बढेकोमा ५० दशमलव ५५ कालोपत्रे र ३ दशमलव ८ किमि ग्राभेल भएको छ।

यस सडकखण्डअन्तर्गत सन्धिखर्क-धारापानी-चुजाठाँटी खण्ड ३२ किलोमिटर रहेकोमा १६ दशमलव ५ किमि १९ फागुन ०७६ मा सुरु भई ०७८ असोज १० गते कालोपत्रे गरिएको थियो। त्यस्तै, नरपानी-ढिकुरा-नुवाकोट-पोखेडाँडा सडक १८ किलोमिटर रहेकोमा पाँच किमि कालोपत्रे भएको छ। नरपानी-ढिकुरा-नुवाकोट-पोखेडाँडा सडक पनि १८ किमि रहेकोमा ३ दशमलव २ किमि कालोपत्रे भएको छ। ३० किलोमिटर रहेको पाणिनी गाउँपालिका पहुँचमार्ग खण्ड घुम्ती-तिनगिरे सडक ११ दशमलव ५ किमि कालोपत्रे सम्पन्न भएको छ। त्यस्तै, तानसेन-रिडी बाइपास सडक ३ दशमलव २ किमि कालोपत्रे भएको छ। दाखाक्वाडी-बज्रिबाङ-भिग्री सडक २१ किलोमिटर रहेकोमा पाँच किमि ठेक्का लागेर कालोपत्रे सम्पन्न भएको छ। दाखाक्वाडी-बज्रिबाङ-भिग्री सडकको अर्को खण्ड १ दशमलव ३ किमि ग्राभेल सम्पन्न भएको छ। त्यस्तै, यस आयोजनाको निगालपानी-दहवन सडक खण्ड १२ दशमलव १३ किमि रहेकोमा २ दशमलव ५ किमि ग्राभेल सम्पन्न भएको छ।

प्रदेश विश्वविद्यालयले चार वर्षसम्म पनि जग्गा प्राप्त गर्न सकेन

लुम्बिनी प्रदेश सरकारको क्याबिनेटले १८ असार ०७९ मा प्रदेशले सञ्चालन गर्ने गरी बाँकेमा लुम्बिनी प्राविधिक विश्वविद्यालयको स्थापना गर्ने निर्णय गरेको थियो। तर, निर्णय भएको चार वर्ष पुग्न लाग्दा पनि विश्वविद्यालयका लागि आवश्यक जग्गाको व्यवस्थापन हुन सकेको छैन। आफ्नो जग्गा र भवन नहुँदा नेपालगन्जको डिभिजन वन कार्यालयपरिसरमा रहेको केन्द्रीय कार्यालय र धम्बोझीस्थित पुरानो कृषि विकास बैंकको भवनमा इन्जिनियरिङ तथा सूचना प्रविधि अध्ययन संस्थानको कार्यालय सञ्चालनमा छन्। यीमध्ये डिभिजन वन कार्यालय प्रदेश सरकारले उपलब्ध गराएको हो भने कृषि विकास बैंकको भवन भाडामा लिइएको हो। विश्वविद्यालयमा अहिले कुल अध्ययनरत विद्यार्थीको संख्या तीन सय ८७ रहेको रजिस्टार रेगबहादुर भण्डारीले बताए।

उनका अनुसार खजुरा-रनियापुरमा रहेको करिब ९० बिघा ऐलानी जग्गा लुम्बिनी प्राविधिक विश्वविद्यालयले लिजमा लिने प्रक्रियामा रहे पनि पाउन सकेको छैन। सोसम्बन्धी फाइल भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट पुनः फिर्ता भई आएकाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले छिटो सिफारिससहित पहल गर्नुपर्ने भण्डारीले बताए। आर्थिक वर्ष ०८०/८१ बाट इन्जिनियरिङ तथा सूचना प्रविधि अध्ययन संस्थानअन्तर्गत दुईवटा कार्यक्रम सुरुवात गरेको विश्वविद्यालयमा अहिले स्नातक तहका चार र स्नातकोत्तरका दुई कार्यक्रम सञ्चालनमा छन्।

प्रदेश राजधानी अझै अपूरो

लुम्बिनी प्रदेश सरकारले प्रदेश राजधानीलाई प्रदेश गौरवको आयोजनाका रूपमा अगाडि बढाएको चार वर्ष बित्दा पनि साकार भएको छैन। अस्थायी राजधानी बुटवलमा रहेकै अवस्थामा स्थायी संरचनाविनै राप्ती उपत्यका (देउखुरी)बाट काम थालेको वर्षौंपछि बल्ल मन्त्रालयका लागि भवन बनेका छन्। तर, प्रदेश सभातर्फका संरचना कहिले बन्ने अझै टुंगो छैन। प्रदेश राजधानी कार्यान्वयन एकाइका निमित्त प्रमुख इन्जिनियर प्रदीप भट्टराईले प्रदेश सभातर्फका कामको गति सुस्ताएपछि ताकेता गर्दै आएको बताए। समयमै निर्माण सम्पन्न हुने नदेखिएपछि म्याद थपका लागि पहल भएको उनको भनाइ छ।

प्रदेश सभातर्फ विषयगत समितिको भवन, संसदीय दलका कार्यालयका लागि भवन, पुस्तकालय भवनदेखि चमेनागृहको काम सम्पन्न हुन बाँकी छ। यी भवनको काम करिब ५० प्रतिशत सम्पन्न भएको छ। अब तेस्रो चरणमा सीमा पर्खालदेखि पहुँचमार्गको निर्माण गरिनेछ।

आर्थिक अभावले नै ढिलासुस्ती

● **भूमीश्वर ढकाल**, भौतिक पूर्वाधार विकासमन्त्री



प्रदेश गौरवका आयोजनामा ढिलासुस्ती हुनुको प्रमुख कारण आर्थिक अभाव नै हो। आगामी बजेटमा प्रदेश गौरवका आयोजनालाई उच्च प्राथमिकता दिन्छौं, गौरवका आयोजनाका साथै पुराना अधुरा आयोजना सम्पन्न गर्नुपर्छ भन्नेमा प्रदेश सरकारले ध्यान दिँदै आएको छ।

तीन अर्ब नौ करोड लागतमा प्रशासनिक भवन तयार

राजधानी गुरु योजनाअन्तर्गत प्रशासनिक भवन तयार भएका छन्। भवन तयार भएसँगै २१ वैशाखबाट लुम्बिनी प्रदेश सरकारले आफ्नै प्रशासनिक भवनबाट औपचारिक सेवा सुरु गरिसकेको छ। प्रदेश राजधानी कार्यान्वयन एकाइका निमित्त प्रमुख इन्जिनियर प्रदीप भट्टराईका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १० वटा मन्त्रालय भवन सम्पन्न भएको छ। तीन अर्ब नौ करोड २९ लाख लागतमा निर्माण गरिएको प्रशासनिक केन्द्र १७ बिघा १९ कट्ठा ४ धुर क्षेत्रफलमा फैलिएको छ। २८ मंसिर ०७९ मा प्रदेश सरकारले तत्कालीन राप्ती प्राविधिक शिक्षालयका भवनमा मन्त्रालयको काम थालेको थियो।

प्रादेशिक अस्पताल : भौतिक प्रगति ३९ र वित्तीय प्रगति २७ प्रतिशत मात्रै

बुटवलमा निर्माणाधीन लुम्बिनी प्रादेशिक अस्पतालको निर्माणलाई तीव्रता दिन बजेटको अभाव देखिएको छ। हालसम्म भौतिक प्रगति ३९ प्रतिशत पुगेको यस अस्पतालको वित्तीय प्रगति २७ भने प्रतिशत छ।

करिब ७८ करोड भुक्तानी बाँकी रहेको अस्पतालको कामको गति बढाउन तत्काल बजेटको अभाव देखिएको छ। दुई तला अन्डरग्राउन्डसहित १२ तलाको अत्याधुनिक अस्पताल बनाउन २६ पुस ०८० मा प्रदेश पूर्वाधार विकास प्राधिकरणले भवन निर्माणका लागि ठेक्का सम्झौता गरेको थियो। सम्झौता भएको आठ महिना मात्रै १५ भदौ ०८१ मा शिलान्यास गरियो।

आठ अर्ब ९९ करोड ७५ लाख लागत अनुमान गरिएकोमा भारतीय निर्माण कम्पनी क्याप साइट आशिष रेलिग्रेट भेन्चर र नेपाली कम्पनी आशिष रेलिगेसनले ६ अर्ब १८ करोड ७५ लाख रुपैयाँमा ठेक्का सम्झौता गरेका थिए। ठेक्का सम्झौताअनुसार २५ पुस ०८५ भित्र भवन निर्माणको काम पूरा गर्नुपर्ने सर्त छ।

प्रादेशिक अस्पतालको भवन निर्माणका लागि सरकारले चालू आर्थिक वर्षमा छुट्याएको एक अर्ब बजेट पहिलो चार महिनामै सकिएको थियो। उक्त रकम अघिल्लो आर्थिक वर्षमा भएको कामको भुक्तानीमै धेरैजसो सकिएको हो। प्रदेश सरकारको गौरवको आयोजना भनिए पनि भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन नभएपछि उधारोमै काम गरिरहँदा भुक्तानी दिनुपर्ने रकम ७८ करोड पुगेको हो।

लुम्बिनी प्रदेश पूर्वाधार प्राधिकरणका अनुसार आगामी असार मसान्तसम्म ५० प्रतिशत काम सम्पन्न गर्ने लक्ष्य लिइएको थियो। ठेक्का सम्झौता गरिएको अवधिबाट हेर्दा पनि चालू आर्थिक वर्षभित्र ४७ प्रतिशत काम पूरा गर्नुपर्ने कार्यतालिका छ। सिद्धार्थ राजमार्गसँगै जोडिएको ६ बिघा १२ कट्ठा जमिनमा २०१६ सालमा बनेका पुराना संरचना भत्काएर १२ तलाको मुख्य भवन र क्यान्सर भवन निर्माण थालिएको हो।

सगरमाथा आरोहणमा कामिरिता र लाक्पाको कीर्तिमान

नयाँ पत्रिका



कामिरिता शेर्पा



लाक्पा शेर्पा

आफ्नै रेकर्ड तोड्दै कामिरिता ३२औँपटक र लाक्पा ११औँपटक सगरमाथा शिखरमा

सर्वोच्च शिखर सगरमाथा आरोहणमा दुई नेपाली आरोहीले विश्व कीर्तिमान बनाएका छन्। आरोही कामिरिता शेर्पाले पुरुषतर्फ र आरोही लाक्पा शेर्पाले महिलातर्फ धेरैपटक सगरमाथा आरोहणको विश्व कीर्तिमान बनाएका हुन्। आफ्नै रेकर्ड तोड्दै कामिरिताले ३२औँपटक र लाक्पाले ११औँपटक सगरमाथाको चुचुरो चुमेको नेपाल पर्वतारोहण संघ (एनएमए)का अध्यक्ष फुरगेल्जे शेर्पाले बताए।

नेपाल सरकारका बेस क्याम्प संयोजक खिमलाल गौतमले नेपालको पर्वतारोहण इतिहासमा दुई ऐतिहासिक कीर्तिमान कायम भएको उल्लेख गरेका छन्। 'आज (आइतबार) कायम भएका यी दुई ऐतिहासिक उपलब्धिले नेपालको पर्वतीय पर्यटनलाई विश्वभर अझै विशिष्ट, सम्मानित र गौरवपूर्ण बनाउँदै लैजाने विश्वास छ,' उनले सामाजिक सञ्जालमा लेखेका छन्।

५६ वर्षीय कामिरिताले आइतबार बिहान १०:१२ बजे सगरमाथाको शिखरमा पुगेर ऐतिहासिक रेकर्ड बनाएका हुन्। उनले सन् १९९४ देखि सगरमाथा आरोहण सुरु गरेका थिए। त्यस्तै, लाक्पाले बिहान ९:३० मा सगरमाथाको शिखरमा पुगेर ऐतिहासिक रेकर्ड बनाइन्। माउन्टेन क्विन उपनामले परिचित लाक्पाले सन् २००० देखि सगरमाथा आरोहण सुरु गरेकी थिइन्। सन् १९७३ मा संखुवासभाको मकालु- २ मा जन्मिएकी लाक्पाले एउटा गौरवपूर्व अध्याय थपेको गौतमले उल्लेख गरेका छन्।

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा जन्मिएका ५६ वर्षीय कामिरिताले पहिलोपटक १३ मे १९९४ मा सगरमाथाको चुचुरो चुमेका थिए, त्यतिबेला उनी २४ वर्षका थिए। उनले एउटै सिजनमा दुई-दुईपटक सगरमाथाको सफल आरोहणसमेत गरेका छन्। सबैभन्दा बढी सगरमाथाको आरोहण गरेर विश्व कीर्तिमान बनाएका कामिरिता आबद्ध सेभेन समिट ट्रेक्सले उनी संसारभरका पर्वतारोही र हिमालप्रेमीका लागि प्रेरणाको स्रोत बनेको उल्लेख गरेको छ। 'कामिरिता शेर्पालाई परिचयको आवश्यकता छैन, उनी नेपालका राष्ट्रिय आरोहण नायक मात्र होइनन्, एभरेस्टकै विश्वव्यापी प्रतीक बनेका छन्,' सेभेन समितिले सामाजिक सञ्जालमा लेखेको छ, 'उनको सहस, अनुभव र निरन्तर सफलताले हरेक वर्ष पर्वतारोहण क्षेत्रलाई प्रेरित गरिरहेको छ।'

यो सिजनका लागि सगरमाथा आरोहणका लागि चार सय ९२ जनाले अनुमति लिएका छन्। त्यसमा तीन सय ८७ जना पुरुष र एक सय पाँचजना महिला रहेका छन्। आइतबार ८३ जनाले सगरमाथाको सफल आरोहण गरेको एनएमएका अध्यक्ष शेर्पाले जानकारी दिए। '२९ तारिखसम्म हो आरोहण हुने, अहिले मौसम राम्रै छ, धेरैले सफल आरोहण गर्ने अपेक्षा छ,' उनले भने।

सेन्ट्रल फाइनान्स लिमिटेडको व्यक्तिगत जमानत बापतको रकम भुक्तानी गर्ने सम्बन्धी ९० दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०२/०४, सोमबार

यस वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जाको भाखा नाघी वित्तीय संस्थासँग कर्जा लिंदाका बखत गरेका लिखत शर्त सम्झौताहरुको उल्लंघन गरेकोमा वित्तीय संस्थाले निज ऋणीको कर्जा असुलीका लागि कर्जा तिर्न बुझाउन आउने बारेको राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचनाको प्रकाशन गरी ताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले वित्तीय संस्थाको कर्जा चुक्ता भुक्तान नगरे पश्चात् वित्तीय संस्थाले कर्जामा धितो सुरक्षण लिएको सम्पत्ति लिलाम बिक्री गरी कर्जा असुल उपर गर्ने क्रममा वित्तीय संस्थाको सूचीकृत मुल्याङ्कनकर्ताबाट धितोको पुनः मुल्याङ्कन गराउँदा प्राप्त मुल्याङ्कन प्रतिवेदन अनुसार हाल बक्यौता रहन गएको कर्जा रकम खाम्ने अवस्था नदेखिएको र लिलाम बिक्री प्रकृयामा जाँदा उक्त धितो कोही कसैले पनि सकार गर्न नआएको हुँदा उक्त ऋणीको नाममा रहेको कर्जा चुक्ता भुक्तान नभएको, तत्पश्चात पनि निज ऋणी तथा जमानतकर्ताले वित्तीय संस्थाको बाँकी बक्यौता कर्जा रकम चुक्ता भुक्तान नगरेको एवम् कर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपसिलमा उल्लिखित ऋणी र कर्जाका व्यक्तिगत जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ९० (नब्बे) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ९० (नब्बे) दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी निज ऋणी वा कर्जाका जमानतकर्ताले निज ऋणीको नाममा बाँकी रहेको बक्यौता कर्जा रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९, नेपाल राष्ट्र बैंकका निर्देशन, परिपत्र, सूचना र अन्य प्रचलित ऐन कानून तथा यस वित्तीय संस्थासँग भए गरेको सम्झौता तथा लिखत बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेस गरी कर्जा असुलीका लागि आवश्यक अन्य प्रकृया अगाडी बढाईने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।


तपसिल

शाखा कार्यालय	ऋणी	व्यक्तिगत जमानतकर्ताहरुको विवरण						
		जमानीकर्ताको नाम	बाबु/पतिको नाम	बाजे/ससुराको नाम	ना.प्र.प.नं.	जारी मिति	जिल्ला	स्थायी ठेगाना
बर्दिवास	कान्तिपुर मिडिया सर्विस, प्रो.ममता कुमारी साह	बाल कृष्ण चौधरी	लाल चौधरी	चुल्हाई चौधरी	०३३५३०३४	२०५५/०७/२२	महोत्तरी	जिल्ला महोत्तरी, साबिक औरही गा.वि.स.-१, हाल बर्दिवास न.पा.-१
		सुशील कुमार ढकाल	गोबिन्द प्रसाद शर्मा ढकाल	देवी प्रसाद ढकाल	१८२६३०३१	२०५४/०४/१९	महोत्तरी	जिल्ला महोत्तरी, साबिक बिजलपुरा गा.वि.स.-८, हाल बर्दिवास न.पा.-१

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रिय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५ इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

एक्स्ट्रिम इनर्जी ड्रिंक्सको 'स्क्यानमा सुन' अभियान सार्वजनिक



काठमाडौं/ एक्स्ट्रिम इनर्जी ड्रिंक्सले आगामी विश्वकप फुटबल प्रतियोगिता २०२६ को माहोललाई थप रोमाञ्चक बनाउन 'स्क्यानमा सुन' उपहार योजना सार्वजनिक गरेको छ। यस अभियानमा एक्स्ट्रिम इनर्जी ड्रिंक्सको क्यानमा रहेको क्युआर कोड स्क्यान गरी आफ्नो विवरण भरेपछि ग्राहक गोलाप्रथामा सहभागी हुन सक्नेछन्।

सहभागीमध्ये तीनजना भाग्यशाली विजेतालाई सुनको बल पुरस्कार प्रदान गरिने कम्पनीले जनाएको छ। योजना १ जेठदेखि विश्वकप फुटबल प्रतियोगिता २०२६ को खेल अवधिभर सञ्चालन गरिने कम्पनीले जनाएको छ। विश्वकप फुटबलको विश्वव्यापी उत्साहलाई नेपाली बजारसँग जोड्दै ग्राहकलाई थप उत्साहित र सहभागी बनाउने उद्देश्यले यो योजना ल्याइएको कम्पनीले जनाएको छ।

'स्क्यानमा सुन' अभियानले फुटबलप्रेमीमा मनोरञ्जन, सहभागिता र पुरस्कारको उत्साह एकैसाथ प्रदान गर्ने विश्वास लिइएको छ। विगतदेखि युवालक्षित विभिन्न अभियान सञ्चालन गर्दै आएको एक्स्ट्रिम इनर्जीको अभियानले पनि बजारमा थप उत्साह सिर्जना गर्ने अपेक्षा गरिएको छ।

भैरहवामा लामिनारको सोरुम सञ्चालन

भैरहवा/ नेपाली टायल लामिनारको नयाँ सोरुम सञ्चालनमा ल्याइएको छ। भिट्रिफाइड टायल ब्रान्ड लामिनारको एम्पोरियो डिलर सोरुम जेजे स्टोनेक्स प्रालिमार्फत भैरहवाको बुद्धचोकमा सञ्चालनमा आएको हो।

सोरुमको उद्घाटन लुम्बिनी प्रदेशका खेलकुदमन्त्री सन्तोषकुमार पाण्डेयले गरे। मन्त्री पाण्डेयले युवा व्यवसायीको संलग्नतामा अन्तर्राष्ट्रियस्तरको टायल उत्पादन भएकोमा खुसी व्यक्त गरे।

भैरहवाको सोरुममा लामिनारका पाँच सयभन्दा बढी डिजाइनका टायल उपलब्ध हुने लुम्बिनी सेरामिक्सका निर्देशक अभिनव चुरिवालले बताए। जेजे स्टोनेक्स प्रालिका निर्देशक देवकुमार अग्रवालले अहिले ग्राहकको रोजाइमा लामिनार पर्न थालेको बताए।

कजारिया टायलको सोरुम अब जरंखुमा पनि

काठमाडौं/ कजारिया रमेश टायल्स लिमिटेडले काठमाडौंको तारकेश्वरस्थित जरंखुमा पनि सोरुम सञ्चालनमा ल्याएको छ। हरिओम टंकेश्वर हार्डवेयरसँगको साझेदारीमा सञ्चालित यो सोरुम घरधनी, इन्टेरियर डिजाइनर र आर्किटेक्टका लागि उच्च गुणस्तरीय टायल्स र डिजाइनको छनोट गर्ने मुख्य गन्तव्य बन्ने बताइएको छ।




सोरुमको उद्घाटन कजारियाका निर्देशक हिमांशु अग्रवाल र मिस नेपाल वर्ल्ड लुना लुइटेलले गरेका हुन्। कार्यक्रममा तारकेश्वर नगरपालिकाका मेयर कृष्णहरि महर्जन, वडा नं ६ का वडाध्यक्ष घनश्याम श्रेष्ठ र वडा नं ८ का वडाध्यक्ष श्यामकृष्ण सापकोटाको उपस्थिति थियो। यो सोरुममा ग्राहकले कजारियाका उत्कृष्ट फ्लोर र वाल टायल्सका विभिन्न डिजाइन, टेक्सचर र फिनिस प्रत्यक्ष अवलोकन गरी आवश्यकताअनुसारको छनोट गर्न सक्नेछन्।

'हरिओमसँगको यो सहकार्य काठमाडौंका उपभोक्तासम्म पुग्ने हाम्रो प्रयासको एक महत्त्वपूर्ण हिस्सा हो,' निर्देशक अग्रवालले भने, 'तारकेश्वरका बासिन्दालाई कजारियाको गुणस्तर र उत्कृष्ट डिजाइनको सहज पहुँच दिलाउँदै उहाँहरूको घर निर्माण वा सजावटको सपनालाई साकार पार्न हामी प्रतिबद्ध छौँ।' यो सोरुमले जरंखु र आसपासका क्षेत्रका बासिन्दालाई टायल डिजाइनको नवीनतम अनुभव दिलाउने बताइएको छ।

जैनद्वारा 'मेरा पिक' आरोहण

काठमाडौं/ एसएस ग्रुप अफ कम्पनीका प्रबन्ध निर्देशक राजीव जैन (५०) ले नेपालको महालंगुर हिमशृंखलामा अवस्थित प्रसिद्ध हिमाल 'मेरा पिक' (६,४७६ मिटर) सफलतापूर्वक आरोहण गरेका छन्। उनी ११ वैशाखमा मेरा पिक शिखरमा पुगेका हुन्। एभरेस्ट क्षेत्रको महालंगुर हिमशृंखलामा पर्ने मेरा पिक विश्वका चर्चित ट्रेकिङ शिखरमध्ये एक मानिन्छ। जैनले यो आरोहण अनुभवी पर्वतीय मार्गदर्शक तथा 'लामा वाक्स'का राजेश लामाको नेतृत्वमा सम्पन्न गरेका हुन्। यो अभियान केवल व्यक्तिगत उपलब्धिमा सीमित नभई नेपालको पर्यटन क्षेत्रका लागि पनि सकारात्मक संकेतका रूपमा हेरिएको उनको भनाइ छ। यो यात्राले नेपाललाई विश्वकै उत्कृष्ट ट्रेकिङ तथा पर्वतारोहण गन्तव्य बनाइरहेको सन्देश पुनः उजागर गरेको बताइएको छ।



कुवेत एयरवेजको नियमित उडान मंगलबारबाट

काठमाडौं/ मध्यपूर्वमा देखिएको तनावका कारण केही महिनादेखि रोकिएको कुवेत एयरवेजले मंगलबारदेखि काठमाडौंबाट नियमित उडान पुनः सुरु गर्ने भएको छ। यसअघि साताम‍ा दुई उडान गर्दै आएको एयरवेजले गत फेब्रुअरी १ देखि अनिश्चितकालका लागि सेवा स्थगन गरेको थियो।



मध्यपूर्वको अवस्था केही सहज बन्दै गएपछि कम्पनीले नयाँ उडानतालिका सार्वजनिक गरेको हो। एयरवेजका अनुसार, यो उडानमा एयरबस ३३०-८०० प्रयोग गरिने बताइएको छ। तालिकाअनुसार अब काठमाडौं-कुवेत उडान हरेक मंगलबार र बिहीबार सञ्चालन हुनेछ। कुवेत नेपाली श्रमिकको प्रमुख रोजगारी गन्तव्य भएकाले उडान पुनः सञ्चालनले यात्रुलाई राहत पुग्ने अपेक्षा गरिएको छ।

सिन्धु विकास बैंकको वित्तीय साक्षरता

काठमाडौं/ सिन्धु विकास बैंकले थाङपाल भ्याली माध्यमिक विद्यालयमा वित्तीय साक्षरता तथा शैक्षिक एवं खेलकुद सामग्री वितरण कार्यक्रम गरेको छ। बैंकको मेलम्ची शाखाले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत विद्यालयमा वित्तीय साक्षरता तथा शैक्षिक एवं खेलकुद सामग्री वितरण कार्यक्रम गरेको जनाइएको छ।

विद्यालयमा आयोजित कार्यक्रममा एक सयभन्दा बढी विद्यार्थीको सहभागिता थियो। कार्यक्रममा विद्यार्थीलाई बचतको महत्त्व, डिजिटल बैंकिङ, वित्तीय अनुशासन तथा बैंकिङ सेवासम्बन्धी जानकारी प्रदान गरिएको थियो।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८३/०२/०४)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बन्धित सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति	तपशिल	बोलपत्र खोलिने मिति
२०८३/०२/११		२०८३/०२/१२ दिउँसो ३ बजे

क्र.सं	ऋणी/प्रोप्राइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणीहरु : क) किङ्गडम स्टार इङ्गलिस स्कुल प्रा.लि. (विविध कर्जा)** दर्ता नं. : १०४५५५/०५३/०५४, ठेगाना : गोदावरी ३, ललितपुर **ख) सूर्य कुमार खाती (विविध कर्जा)** (ना.प्र.नं. ३/२५६२६, मिति २०४६/०२/२४ मा जि.प्र.का.गोर्खाबाट जारी भएको), ठेगाना : पालुङटार ९, गोर्खा बाबु : टिका राम खाती, बाजे : यम खाती **ऋण प्रवाह गर्ने शाखा : प्रधान कार्यालय कर्पोरेट** **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. सूर्य कुमार खाती-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ३/२५६२६, मिति २०४६/०२/२४ मा जि.प्र.का.गोर्खाबाट जारी भएको) बाबु : टिका राम खाती, बाजे : यम खाती **२. सुचिन्ता खाती-जमानीकर्ता** (ना.प्र.नं. १२५३४, मिति २०५९/०५/१८ मा जि.प्र.का.ललितपुरबाट जारी भएको) पति : सूर्य कुमार खाती, ससुरा : टिका राम खाती **३. सनिर कुमार खाती-जमानीकर्ता** (ना.प्र.नं. २८-०१-०६८-०५०५०, मिति २०६८/०७/२८ मा जि.प्र.का.ललितपुरबाट जारी भएको) बाबु : सूर्य कुमार खाती, बाजे : टिका राम खाती	सूर्य कुमार खातीको नाममा ललितपुर जिल्ला मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, किटिनी गा.वि.स./न.पा. वडा नं. १(क) स्थित कि.नं. १०(१-९-०-० रोपनी) तथा ऐ.ऐ. बाडेगाऊ गा.वि.स./न.पा. वडा नं. १(क) स्थित कि.नं. १०३(०-१०-०-० रोपनी) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। माथि उल्लिखित धितो बाहेक बैंकको नाममा दर्ता कायम रहेको Chery Tiggo 7pro 1.5 TCVT, सवारी दर्ता नं. बागमती प्रदेश-०१ ०२७च ५८७६ सवारी साधन बैंकको कब्जामा नरहेको हुनाले उक्त गाडीको लिलामी ननिकालिएको। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय लगनखेल, ललितपुर/सम्बन्धीत मालपोत नजिकको शाखा
२.	**ऋणी : मिना भट्टराई (व्यक्तिगत कर्जा)** (ना.प्र.नं. ५/३/३५६६, मिति २०४६/१२/१४ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) ठेगाना : सतुंगल चन्द्रागिरी न.पा. १२, काठमाडौं पति : संजीव पाण्डे, ससुरा : चिन्तामणी पाण्डे **ऋण प्रवाह गर्ने शाखा : न्यूरोड** **व्यक्तिगत जमानीकर्ता** **संजीव पाण्डे-जमानीकर्ता** (ना.प्र.नं. ९/१३४३२, मिति २०४५/११/११ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) बाबु : चिन्तामणी पाण्डे, बाजे : काशीराम पाण्डे	मिना भट्टराईको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, बलम्बु गा.वि.स./न.पा. वडा नं. ३(क) स्थित कि.नं. १४५९(०-६-२-२ रोपनी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय न्यूरोड, काठमाडौं/सम्बन्धीत मालपोत नजिकको शाखा
३.	**ऋणी : सिटि गोल्ड प्लाइउड इन्डष्ट्रि प्रा.लि. (विविध कर्जा)** दर्ता.न : १४१७७२/०७२/०७३, ठेगाना : विराटनगर उ.म.न.पा १२ मोरङ्ग **ऋण प्रवाह गर्ने शाखा : विराटनगर** **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. सुरेश कुमार साह-शेयरधनी/जमानीकर्ता** (ना.प्र.न. ४३०/०२५-२६, मिति २०२५/०१/२५ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु : मनबोद प्रसाद साह, बाजे : रघुनाथ प्रसाद साह **२. रागिनी साह-शेयरधनी/जमानीकर्ता** (ना.प्र.न. १/२२३८, मिति २०४५/०१/०५ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको) पति : सुरेश कुमार साह, ससुरा : मनबोद प्रसाद साह **३. अमित कुमार साह-शेयरधनी/जमानीकर्ता** (ना.प्र.न. ३०५३१, मिति २०५३/११/१५ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु : सुरेश कुमार साह, बाजे : मनबोद प्रसाद साह **४. सौरभ कुमार साह-शेयरधनी/जमानीकर्ता** (ना.प्र.न.४६९१०, मिति २०५६/१०/२० मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु : सुरेश कुमार साह, बाजे : मनबोद प्रसाद साह	१.सिटि गोल्ड प्लाइउड इन्डष्टि प्रा.लि.को नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, टंकिसिनुवारी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. १३३(१-६-१५-० विगाहा), कि.नं. ५४९(०-९-१५-० विगाहा), कि.नं. ९५९(०-१-१४-१ विगाहा), कि.नं. ९६० (०-१-१४-२ विगाहा), कि.नं. ९६१(०-१-१४-२ विगाहा), कि.नं.९६२(०-१-१४-२ विगाहा), कि.नं.९६३(०-२-३-२ विगाहा) क्षेत्रफल भएको जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २.रागिनी साहको नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, विराटनगर न.पा./उ.म.न.पा. वडा नं. १३ स्थित कि.नं.४१ (०-१-१९-३ विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। ३.सौरभ कुमार साह, अमित कुमार साह र मनिस कुमार साहको नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, विराटनगर न.पा./उ.म.न.पा. वडा नं. १४(ख) स्थित कि.नं. १३६(०-०-१९-३ विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। ४. सुरेश कुमार साहको नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, विराटनगर न.पा./उ.म.न.पा. वडा नं. १४ स्थित कि.नं. २३४(०-१-२-१ विगाहा) र कि.नं. १३५(०-०-१-१ विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय विराटनगर, मोरङ्ग/सम्बन्धीत मालपोत नजिकको शाखा
४.	**ऋणी : यादव कृषि फर्म (विविध कर्जा),** प्रा.फ.न.घ.उ.मो.: १९१/१४१९४/०७८/०७९, ठेगाना : विराटनगर म.न.पा. ४, मोरङ्ग **ऋण प्रवाह गर्ने शाखा : विराटनगर** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु** **१. दिपेन्द्र यादव-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.३५२, मिति २०६५/१२/१९ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको), बाबु : विन्देश्वर यादव, बाजे : किसन यादव **२. हुलास चन्द्र यादव-जमानीकर्ता** (ना.प्र.नं. ८५०९५, मिति २०६२/०२/०६ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको), बाबु : विन्देश्वर यादव, बाजे :किसन यादव **३. पुनमदेवी यादव-जमानीकर्ता** (ना.प्र.नं. ३७४, मिति २०६५/१२/१८ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको), पति : हुलास चन्द्र यादव, ससुरा : विन्देश्वर यादव **४. विन्देश्वर यादव-जमानीकर्ता** (ना.प्र.नं. ३४८५, मिति २०३३/११/०८ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको), बाबु : किसन यादव, बाजे : कुन्नी यादव	विन्देश्वर यादवको नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, साविक अमाही इकाई गा.वि.स./न.पा. वडा नं. १(क) हाल विराटनगर ४ स्थित कि.नं . ६५३(०-१-१५$^{1/2}$-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय विराटनगर, मोरङ्ग/सम्बन्धीत मालपोत नजिकको शाखा
५.	**ऋणी : बालकृष्ण एण्ड शर्मिला शुज सेन्टर (महिला उद्यमशीलता कर्जा)** प्रा.फ.र.नं. : १५३०७७/०७६/७७, ठेगाना : का.म.न.पा. २२, काठमाडौं **ऋण प्रवाह गर्ने शाखा : ठमेल** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु** **१. मनमाया कामी-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. १३१७५, मिति २०६०/१०/११ मा जि.प्र.का. धादिङ्गबाट जारी भएको) बाबु : देब बहादुर कामी, पति : सुर्ख बहादुर सुनार, ससुरा : डिल बहादुर सुनार **२. सुर्ख बहादुर सुनार-जमानीकर्ता** (ना.प्र.नं. ३२०११, मिति २०५६/०५/२४ मा जि.प्र.का. धादिङ्गबाट जारी भएको) बाबु : डिल बहादुर सुनार, बाजे : विरबल सुनार	सुर्ख बहादुर सुनारको नाममा धादिङ्ग जिल्ला मालपोत कार्यालय धादिङ्गमा दर्ता कायम रहेको धादिङ्ग जिल्ला, गजुरी गा.वि.स./न.पा. वडा नं. ४(ग) स्थित कि.नं. ५१ (३-११-१-१ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय धादिङ्ग /सम्बन्धीत मालपोत नजिकको शाखा
६.	**ऋणीहरु : वाकर्स स्टोर्स/आयुष ब्याग हाउस (विविध कर्जा)** **क) वाकर्स स्टोर्स,** प्रा.फ.दर्ता.न. : ७२३/०७७/०७८, ठेगाना : बर्दघाट न.पा. ४, नवलपरासी **ख) आयुष ब्याग हाउस,** प्रा.फ.द.नं. : १०६६/४८१९, ठेगाना : माकर ४, नवलपरासी , **ऋण प्रवाह गर्ने शाखा : बुटवल** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु** **१. भरत कुवँर-जमानीकर्ता** (ना.प्र.नं. ४५४२, मिति २०४६/०१/३० मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : भिम बहादुर कुवँर, बाजे : भिम लाल कुवँर **२. कृष्णमाया कुवँर-जमानीकर्ता** (ना.प्र.नं. ५७८७३, मिति २०५७/१२/०३ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) पति : भरत कुवँर, ससुरा : भिम बहादुर कुवँर **३. अमित कुवँर -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ३६-०१-६९-०१८४६, मिति २०६९/०३/२६ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको), बाबु : भरत कुवँर, बाजे : भिम बहादुर कुवँर	कृष्णमाया कुवँरको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय परासी, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, माकर गा.वि.स./न.पा. वडा नं. ४(ङ) स्थित कि.नं. ५२१(०-०-०$^{1/4}$विगाहा), कि.नं. ५२६(०-०-०$^{1/2}$ विगाहा) र कि.नं. ५२९(०-०-८$^{3/4}$विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बर्दघाट, नवलपरासी/सम्बन्धीत मालपोत नजिकको शाखा
७.	**ऋणी : कंचन सप्लायर्स (ओभरड्राफट कर्जा)** प्रा.फ.नं. : १३७८/०७१/०७२, ठेगाना : कुश्मा न.पा. १३, पर्वत **प्रोपाइटर : रामचन्द्र सुवेदी** (ना.प्र.नं. २८८२७, मिति २०५७/०४/१० मा जि.प्र.का. पर्वतबाट जारी भएको), बाबु : ताराखर सुवेदी, बाजे : हरि प्रसाद सुवेदी , **ऋण प्रवाह गर्ने शाखा : कुश्मा** **व्यक्तिगत जमानीकर्ता** **कमला सुवेदी-जमानीकर्ता** (ना.प्र.नं. ५१३०२७/५७, मिति २०६३/११/०६ मा जि.प्र.का. पर्वतबाट जारी भएको) बाबु : विष्णु प्रसाद पाठक, पति : रामचन्द्र सुवेदी, ससुरा : ताराखर सुवेदी	रामचन्द्र सुवेदीको नाममा पर्वत जिल्ला मालपोत कार्यालय पर्वतमा दर्ता कायम रहेको पर्वत जिल्ला, कटुवाचौपारी गा.वि.स/न.पा. वडा नं. ८ स्थित कि.नं. ३५८(०-६-१-३ रोपनी) तथा पिपलटारी गा.वि.स/न.पा. वडा नं. २ स्थित कि.नं. १०६९(१-३-१-१ रोपनी), कि.नं. ४९९(१-८-०-१ रोपनी), कि.नं. ६०९(०-१२-१-३ रोपनी) र कि.नं. ६१२(५-१५-३-१ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। नोट : बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बर्दघाट, नवलपरासी/सम्बन्धीत मालपोत नजिकको शाखा
८.	**ऋणी : गौतम रेडिमेड कपडा पसल (विविध कर्जा)** प्रा.फा.र.नं.: २७४५७, ठेगाना : इटहरा ७, मोरङ्ग **ऋण प्रवाह गर्ने शाखा : दमक** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु** **१. गोविन्द प्रसाद गौतम-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ७५४८, मिति २०५०/०५/०९ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु : नारायण प्रसाद गौतम, बाजे : ब्रम्हलाल गौतम **२. हिमा देवी गौतम-जमानीकर्ता** (ना.प्र.नं.०५३००४/३८६, मिति २०६३/१०/०८ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) पति : गोविन्द प्रसाद गौतम, ससुरा : नारायण प्रसाद गौतम **३. स्नेहा गौतम-जमानीकर्ता** (ना.प्र.नं. ०५-०२-७५-०२१७०, मिति २०७५/०८/०७ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको) बाबु : गोविन्द प्रसाद गौतम, बाबु : नारायण प्रसाद गौतम	१. हिमा देवी गौतमको नाममा मोरङ जिल्ला मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला पोखरा राजघाट, (बेलबारी) गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं.२०१(०-०-१६-० विगाहा) र कि.नं. ३७९(०-०-४-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. गोविन्द प्रसाद गौतमको नाममा मोरङ जिल्ला मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला पोखरा राजघाट, (बेलबारी) गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं.८५२ (०-०-५-० विगाहा), कि.नं.८३ (०-४-१६-० र कि.नं. १४६(०-०-१०-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय दमक झापा/सम्बन्धीत मालपोत नजिकको शाखा
९.	**ऋणीहरु : (क) कन्चनजंघा ज्वेलर्स (विविध कर्जा)** प्रा.फा.र.नं. : २६९१६/०७१/७२, ठेगाना : उर्लाबारी ४, मोरङ **(ख) न्यू कन्चनजंघा होटल एण्ड लज (विविध कर्जा)** प्रा.फा.नं.घ.मो. : ११२८७/०७०/७१, ठेगाना : उर्लाबारी ४, मोरङ **(ग) तारानाथ दाहाल र मनोहरी दाहाल (धितो कर्जा)** ठेगाना : दमक ६, झापा हाल उर्लाबारी ७, मोरङ **१. तारानाथ दाहाल** (ना.प्र.नं.०४२५५६१, मिति २०५५/०२/२७ मा जि.प्र.का. झापाबाट जारी भएको), बाबु : मनोहरि दाहाल, बाजे : रामचन्द्र दाहाल **२. मनोहरी दाहाल** (ना.प्र.नं. २३१११९३२, मिति २०४०/०९/२९ मा जि.प्र.का. झापाबाट जारी भएको), बाबु : रामचन्द्र दाहाल, बाजे : नर नारायण दाहाल, **ऋण प्रवाह गर्ने शाखा : दमक** **व्यक्तिगत जमानीकर्ता** **१. तारानाथ दाहाल (ऐ.ऐ.)-प्रोप्राईटर (कन्चनजंघा ज्वेलर्स)/जमानीकर्ता** **२. मनोहरी दाहाल (ऐ.ऐ.)-जमानीकर्ता** **३. राधिका देवी दाहाल-प्रोप्राईटर (न्यू कन्चनजंघा होटल एण्ड लज)/ जमानीकर्ता** (ना.प्र.नं. ५८२३, मिति २०५५/०२/२७ मा जि.प्र.का. झापाबाट जारी भएको), पति : मनोहरी दाहाल, ससुरा : रामचन्द्र दाहाल **४. विद्या पौडेल-जमानीकर्ता** (ना.प्र.नं. ०६-१-०४६-९९९५७, मिति २०६८/०३/०५ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको) पति : तारानाथ दाहाल, ससुरा : मनोहरी दाहाल **५. गिरिराज दाहाल-जमानीकर्ता** (ना.प्र.नं. ०५२००६/१६१४, मिति २०६६/०२/०२ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु : मनोहरी दाहाल, बाजे : रामचन्द्र दाहाल **६. अन्जना भण्डारी-जमानीकर्ता** (ना.प्र.नं. ०५२००६/७३८, मिति २०६५/०३/२२ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको) पति : गिरिराज दाहाल, ससुरा : मनोहरी दाहाल	१.मनोहरी दाहालको नाममा मोरङ जिल्ला मालपोत कार्यालय बेलवारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ५(भ) स्थित कि.नं. ४०९९ (०-०-१४.७५ विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २.तारानाथ दाहालको नाममा मोरङ जिल्ला मालपोत कार्यालय बेलवारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, राजघाट गा.वि.स./न.पा. वडा नं. ८(ज) स्थित कि.नं. ७०४(०-१०-१०-० विगाहा) र कि.नं.७०६(०-१०-१०-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। ३.राधिका देवी दाहालको नाममा झापा जिल्ला मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. १६ स्थित कि.नं. ८६२ (१५२.३७ व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय दमक झापा/विराटचोक मोरङ
१०.	**ऋणी : महेन्द्र खडका (विविध कर्जा)** (ना.प्र.नं. ०५२००६/३२९५०, मिति २०६४/०२/३० मा जि.प्र.का. मोरङबाट जारी भएको) ठेगाना : उर्लाबारी ७, मोरङ्ग, बाबु : डिक बहादुर खडका, बाजे : लोक बहादुर खडका, **ऋण प्रवाह गर्ने शाखा : दमक** **व्यक्तिगत जमानीकर्ता** **अनुपा कार्की-जमानीकर्ता** (ना.प्र.नं. ०६-०१-७०-०९९९३, मिति २०७०/१०/०६ मा जि.प्र.का.सुनसरीबाट जारी भएको) पति : महेन्द्र खडका, ससुरा : डिक बहादुर खडका	महेन्द्र खडकाको नाममा मोरङ जिल्ला मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, राजघाट(बेलबारी) गा.वि.स./न.पा. वडा नं. ४(त) स्थित कि.नं. ६७ (०-६-१७-० विगाहा) र कि.नं. ७०(०-११-१३-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय विराटचोक मोरङ/सम्बन्धीत मालपोत नजिकको शाखा
११.	**ऋणी : केशो लाल साह/काला देवी साह (धितो कर्जा)** ठेगाना : विराटनगर उ.म.न.पा. १६, मोरङ्ग **क) केशो लाल साह** (ना.प्र.नं. १२०/१५१, मिति २०४४/१२/१९ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको), बाबु : शिव नारायण साह, बाजे : माकुराम साह **ख) काला देवी साह** (ना.प्र.नं. २८४४३, मिति २०५३/०३/२३ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको) , पति : केशो लाल साह, ससुरा : शिव नारायण साह, **ऋण प्रवाह गर्ने शाखा : विराटनगर**	काला देवी साहको नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, जतुवा कठ कुप्पा गा.वि.स./न.पा. वडा नं. ३(ख) स्थित कि.नं. ३१२९ (०-१४-१८-२ विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय विराटनगर, मोरङ्ग/सम्बन्धीत मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन।

नोट :
क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु १०००/-तिरी लिन सकिनेछ।
ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ।

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

एकदिवसीय खेलमा सन्दीप, करण र सोमपाल कीर्तिमाननजिक



लेग स्पिनर सन्दीप लामिछाने विश्व क्रिकेटमा कम खेल खेल्दै १५० विकेट लिने पहिलो बलर बन्न अग्रसर छन् । करण केसी र सोमपाल कामी पनि एकदिवसीय खेलमा सय विकेटनजिक छन् । करणलाई दुई तथा सोमपाललाई पाँच विकेट आवश्यक ।

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीका प्रमुख बलर सन्दीप लामिछाने, करण केसी र सोमपाल कामी व्यक्तिगत रेकर्डनजिक रहेका छन् । नेपालका लेग स्पिनर सन्दीप कम खेलमा एकदिवसीय फर्म्याटमा १५० विकेट लिने विश्वकै पहिलो बलर बन्ने सँघारमा उभिएका छन् । उनले ७२ खेलमा १४८ विकेट पूरा गरिसकेका छन् । एकदिवसीयमा अस्ट्रेलियाका मिचेल स्टार्कले ७८ खेलमा १५० विकेटको विश्वकीर्तिमान कायम गरेका छन् । स्टार्कको विश्व रेकर्ड तोड्न सन्दीपलाई दुई विकेट आवश्यक छ ।

करण र सोमपाल भने सय विकेटनजिक छन् । करणले एकदिवसीय खेलमा ९८ तथा सोमपालले ९५ विकेट लिएका छन् । त्रिवि क्रिकेट मैदानमा चलिरहेको नेपाल, अमेरिका र स्कटल्यान्डबिचको विश्वकप क्रिकेट २ लिगमा यी तीन बलरसमक्ष व्यक्तिगत रेकर्ड राख्ने अवसर जुरेको छ । लिग २ अन्तर्गत सोमबार नेपालले शीर्ष स्थानमा रहेको स्कटल्यान्डको सामना गर्दै छ ।

मैदानमा नेपाललाई जित दिलाउने प्रयासमा रहँदा उनीहरू रेकर्डतर्फ पनि प्रतिस्पर्धा गरिरहेका हुनेछन् । सोमपाललाई सय विकेट पूरा गर्न पाँच विकेट आवश्यक छ । नेपाली क्रिकेट इतिहासमा सय विकेट लिने पहिलो फास्ट बलर बन्ने होडमा सोमपाल र करण दौडमा छन् । एक प्रकारले यस प्रतिस्पर्धामा नेपालका तीन बलरबिच कसले बढी विकेट लिने भन्ने त्रिकोणात्मक भिडन्त हुनेछ । एकदिवसीय फर्म्याटमा स्टार्कपछि कम खेलमा १५० विकेट लिने बलर पाकिस्तानका सक्लिन मुस्ताक हुन् । उनले ७८ खेलमा १५० विकेट लिएका थिए । यसैगरी, अफगानिस्तानका रसिद खानले ८० तथा भारतका मोहमद सामीले ८० खेलमै १५० विकेट लिएका थिए । विश्व क्रिकेटका नाम चलेका फास्ट बलर न्युजिल्यान्डका ट्रेन्ट बोल्टले ८२ तथा अस्ट्रेलियाका ब्रेट लीले ८४ खेलमा १५० विकेट हात पारेका थिए ।

तीनजनाकै नेदरल्यान्ड्सविरुद्ध डेब्यु

त्रिवि क्रिकेट मैदानमा रेकर्ड बनाउने अभियानमा रहेका सन्दीप, करण र सोमपालले एकै दिन नेपालबाट एकदिवसीय टोलीमा डेब्यु गरेका थिए । सन् २०१८ मा नेपालले नेदरल्यान्ड्सको घरेलु मैदानमा एकदिवसीय डेब्यु खेल खेलेको थियो । अन्तर्राष्ट्रिय डेब्यु खेलमा सोमपालले ८.४ ओभरमा एक मेडन राखी तीन विकेट लिएका थिए । करणले सात ओभरमा एक मेडन राख्दै एक विकेट हात पारेका थिए । सन्दीपले ४२ रन दिएर एक विकेट आफ्नो नाममा लेखाए । त्यसयता यी तीनजना नेपालका प्रमुख बलरका रूपमा स्थापित भएका छन् ।

सन्दीपले अहिलेसम्म ७२ खेलको ७० इनिङ्समा बलिङ गरेका छन् । उनले नौपटक चार तथा तीनपटक पाँचभन्दा बढी विकेट हात पारेका छन् । नेपाली टोलीमा अलराउन्डर भूमिका निर्वाह गर्ने करणले ६९ खेलमा ६९ इनिङ्स बलिङ गरेका छन् । उनले ६ पटक चार विकेट र तीनपटक पाँचभन्दा बढी विकेट लिएका छन् । यसैगरी सोमपालले ७० खेलमध्ये ६९ इनिङ्समा बलिङ गरेका छन् । उनले एकपटक पाँच विकेटको प्रदर्शन गरेका छन् । उनले दुईपटक चार विकेट लिएका छन् । सन्दीपले ४९ इनिङ्समा ब्याटिङ गरी पाँच सय रन बनाएका छन् । उनले अहिलेसम्म ४९ चौका र नौ छक्का प्रहार गरेका छन् । सोमपालले ७० खेलमा तीन अर्धशतकका साथ ७९३ रन बनाएका छन् ।

शीर्ष स्थानको स्कटल्यान्डको सामना गर्दै नेपाल

आइसिसी विश्वकप लिग २ मा जितका साथ पुनरागमन गरेको नेपालले सोमबार शीर्ष स्थानको स्कटल्यान्डको सामना गर्दै छ । ओपनर कुशल भुर्तेलको शतकीय इनिङ्समा नेपालले शनिबार बलियो प्रतिद्वन्द्वी अमेरिकामाथि नौ विकेटको सानदार जित निकालेको थियो । नेपालले यही जितलाई निरन्तरता दिने मनासयका साथ प्रतिस्पर्धा गर्नेछ । यसअघि स्कटल्यान्डसँगको पहिलो खेलमा नेपाल डकवर्थ लेविस नियमअनुसार २ रनले पराजित भएको थियो ।

लिग २ मा सहभागी हुँदा स्कटल्यान्ड दोस्रो तथा अमेरिका शीर्ष स्थानमा थिए । तर, लगातार दुई जित निकालेको स्कटल्यान्ड शीर्ष स्थानमा पुग्यो । स्कटल्यान्डले नेपाल र अमेरिका दुवैलाई समान २ रनले हराएको थियो । ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरिरहेको स्कटल्यान्डलाई रोक्न नेपालका प्रमुख बलरले राम्रो योगदान दिनुपर्छ ।

नेपालले आफ्नो दोस्रो खेलमा अमेरिकाविरुद्ध बलिङ र त्यसपछि ब्याटिङमा सानदार प्रदर्शन गरेको थियो । विशेषतः नेपालका ओपनरले पहिलो विकेटका लागि शतकीय साझेदारी गर्नु नै जितको मुख्य आधार बनेको थियो । जितका साथ उच्च मनोबल बनाएको नेपाल स्कटल्यान्डविरुद्ध पनि दोहोऱ्याउने योजनामा छ । नेपालले तीन साताभित्र विश्वकप लिग २ मा महत्त्वपूर्ण ८ अंक बटुलेको छ । गत वैशाखमा भएको लिग २ मा नेपालले युएईलाई दुई तथा ओमानलाई एकपटक हराएको थियो । स्कटल्यान्डलाई हराउँदा नेपाल छैटौं स्थानमा पुग्नेछ । स्कटल्यान्डले ३० खेलमा ३८ अंक बनाएको छ । अमेरिका २६ खेलबाट ३६ अंक जोडेर दोस्रो स्थानमा छ । सातौं स्थानमा रहेको नेपालले २६ खेलमा २० अंक बनाएको छ ।

स्कटल्यान्डले त्रिवि मैदानमा लगातार दुई जित निकालेको छ । पछिल्लोपटक स्कटल्यान्डसँग पाँच खेल खेल्दा नेपालले सबै गुमाएको छ । स्कटल्यान्डमै गत वर्ष सम्पन्न लिग २ मा नेपालले स्कटल्यान्डविरुद्ध एक जित हात पारेको थियो ।

■ इन्डियन प्रिमियर लिग

साबिक विजेता बेंग्लोर प्लेअफमा

एजेन्सी

साबिक विजेता रोयल च्यालेन्जर्स बेंग्लोर १९औं इन्डियन प्रिमियर लिग (आइपिएल)को प्लेअफमा पुग्ने पहिलो टोली बनेको छ । बेंग्लोरले धर्मशाला मैदानमा आइतबार पन्जाब किंग्सलाई २३ रनले हराउँदै प्लेअफमा स्थान सुरक्षित गरेको हो । लगातार ६ खेल गुमाउँदा पन्जाबको प्लेअफको सम्भावना कमजोर बनेको छ । बेंग्लोरले १३ खेलबाट सर्वाधिक १८ अंक बटुलेको छ । पन्जाबले समान खेलबाट १३ अंक जोडेको छ । बेंग्लोरले नौ जित र चार हार सामना गरेको छ । पन्जाबले १३ खेलमा समान ६ जित र हार नतिजा निकालेको छ ।

पहिलो ब्याटिङ गरेको बेंग्लोरले २० ओभरमा चार विकेट गुमाएर २२२ रन बनायो । प्रत्युत्तरमा पन्जाबले २० ओभरमा आठ विकेटको नोक्सानीमा १९९ रन जोड्यो । बेंग्लोरका भुवनेश्वर कुमारले ३८ रनमा दुई विकेट, रसिख सलामले ३६ रनमा तीन तथा रामारियो सेफर्डले आठ रनमा एक विकेट लिएका थिए ।



लक्ष्य पछ्याएको इनिङ्समा पन्जाबको सुरुवात निकै दयनीय भएको थियो । इनिङ्सको तेस्रो बलमै पन्जाबले प्रियांश आर्यको विकेट गुमाएको थियो । पन्जाबले ७.३ ओभरमा चार विकेट गुमाएर ६२ रन बनाएको थियो । कप्तान श्रेयश अयरले १ रन, प्रियांश शून्य तथा प्रभासिमरन सिंहले २ रन बनाएर आफ्नो विकेट गुमाएका थिए । सुरुवात कमजोर गरेको पन्जाबले मध्य तथा पुछारबाट गतिलो साथ पाउँदा बेंग्लारलाई केही समय दबाबमा राखेको थियो ।

कुपर कोनोलीले २२ बलमा ३७ तथा सूर्यांश सेडले ३५ रन जोड्दा १०.५ ओभरमा पाँच विकेटको क्षतिमा ९३ रन बनाएको थियो । त्यसपछि मार्कोस स्टोनिसले २५ बलमा ३७ तथा शशांक सिंहले २७ बलमा ५६ रनको योगदान दिँदा पन्जाब १६.१ ओभरमा १६०/६ को स्थितिमा पुगेको थियो । मार्कोसले २५ बलमा पाँच चौका तथा शशांकले २७ बलमा समान चार छक्का र चौका प्रहार गरेका थिए । ओमाजीले १० बलमा १४ रन जोडेका थिए ।

बेंग्लोरको आक्रामक ब्याटिङ

धर्मशालामा पहिलो ब्याटिङ गरेको बेंग्लोरको सुरुवात कमजोर भयो । तर त्यसपछिका विकेटका लागि उत्कृष्ट साझेदार हुँदा पन्जाबले बलियो लक्ष्य पाएको हो । ज्याकोब वेथली इनिङ्सको २.२ ओभरमा ११ रनमा आउट भए । विराट कोहली र देवदत्त पडिकालले दोस्रो विकेटका लागि ७६ रनको साझेदारी गर्दै टोलीलाई ९७-२ को स्थितिमा राखे । देवदत्तले २५ बलमा तीन छक्का र चार चौका प्रहार गरी ४५ रन बनाएका थिए ।

> १९औं आइपिएलमा रोयल च्यालेन्जर्स बेंग्लोर १३ खेलमा सर्वाधिक १८ अंक जोड्दै प्लेअफमा पुग्ने पहिलो टोली, लगातार ६ खेल गुमाएको पन्जाबको शीर्ष चारमा पुग्ने समीकरण कमजोर

कोहलीले वेकेटस अयरसँग तेस्रो विकेटका लागि ६० रनको साझेदारी गर्दै टोलीलाई १४.६ ओभरमा १५७-३ को बलियो स्थितिमा राखे । कोहलीले ३७ बलमा चार चौका र तीन छक्का प्रहार गरी ५८ रन बनाए । त्यसपछि अयरले ४० बलमा आठ चौका र चार छक्काको सहयोगमा ७३ रनको योगदान दिए । उनले टिम डेभिडसँग ६५ रनको नटआउट साझेदारी गर्दै टोलीलाई २२२ रनको योगफलमा पुऱ्याए । टिमले १२ बलमा समान दुई चौका र छक्का प्रहार गरी २८ रनको योगदान दिए । खेलमा वेकेटस म्यान अफ दी म्याच भए । पन्जाबलाई जितका लागि अन्तिम ओभरमा ३३ रन आवश्यक थियो । निर्णायक ओभरमा पन्जाबले नौ रन मात्र बटुल्यो । यसक्रममा पन्जाबले दुई विकेट गुमाएको थियो । रसिक सलामले अन्तिम ओभरमा दुई विकेट लिए ।

चौथो नेपाल सुपर लिग २० भदौदेखि

पहिलोपटक एनएसएल लिगमा होम एन्ड अवेमा चार महिनासम्म १२ टोलीले प्रतिस्पर्धा गर्ने



नयाँ पत्रिका

चौथो संस्करणको नेपाल सुपर लिग (एनएसएल) आगामी २० भदौदेखि हुने भएको छ ।
आयोजक नेपाल स्पोर्टस् एन्ड इभेन्ट म्यानेजमेन्ट (एनएसइएम)ले आइतबार एनएसएलको मिति घोषणा गरेको हो । चौधरी ग्रुपको स्वामित्वमा रहेको एनएसएल अब चार महिनासम्म चल्नेछ । यसअघिका तीन संस्करण एक महिनासम्म चलेको थियो । एनएसएलका अध्यक्ष श्रेयांश कार्कीले चार महिनासम्म चल्दा घरेलु खेलाडीले एक्सपोजर पाउने बताए ।

'चार महिनासम्म लिग चलिरहँदा घरेलु खेलाडी व्यस्त हुने विश्वास छ,' उनले भने । लिगमा १२ फ्रेन्चाइज टोली हुनेछन् । उनीहरूले होम एन्ड अवे अवधारणामा प्रतिस्पर्धा गर्ने कार्कीले बताए । 'यसअघि सात टोलीबिच प्रतिस्पर्धा भएको थियो । चौथो संस्करणमा १२ टोलीले प्रतिस्पर्धा गर्नेछन्,' उनले भने । चौथोपटकको प्रयासमा लिगलाई केही नयाँ गर्ने उद्देश्यका साथ आफूहरू आएको उनको भनाइ छ । 'यसपटक नयाँ केही गर्दैं भनेर आएका छौं । यसकारण लिग होम एन्ड अवे आधारमा चार महिनासम्म चल्नेछ,' कार्कीले भने । यसअघि लिग काठमाडौंमा मात्र भएको थियो । चार महिना एनएसएल हुने भएसँगै खेलाडीदेखि अफिसियलले यसको स्वागत गरेका छन् । गत संस्करणको फाइनलमा ललितपुर सिटी एफसीले पोखरा थन्डर्सलाई हराउँदै उपाधि रक्षा गरेको थियो ।

एन्फाको निलम्बन फुकुवासँगै एनएसएल घोषणा

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले अखिल नेपाल फुटबल संघ (एन्फा)माथिको निलम्बन गत शुक्रबार फुकुवा गरेको थियो । निलम्बन फुकुवा भएको दुई दिनपछि नै एनएसएल घोषणा भएको हो । मिति घोषणा भएको कार्यक्रमम शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल पनि पुगेका थिए । मन्त्रालयको अग्रसरतामा एनएसएल आयोजना भएको मानिन्छ । 'नेपाली फुटबलमा नयाँ तरंग आएको छ । मन्त्रालयकै निर्देशनमा एन्फा फुकुवा भयो । अब एनएसएल आयोजना हुने भएको छ,' ओतले भन्यो । यद्यपि, कार्यक्रममा एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ पुगे पनि आफूलाई मिति घोषणादेखि सहभागी संख्यासँगै होम एन्ड अवेको आधारमा एनएसएल हुने थाहा नभएको संकेत गरका थिए । मन्त्री पोखरेलले क्रिकेटको नेपाल प्रिमियर लिगजस्तै फुटबलमा एनएसएल आयोजना हुनुपर्ने बताए । 'जसरी नेपाल प्रिमियर लिगले मुलुकको क्रिकेटमा हाइट लिएको छ, यसैगरी निजी क्षेत्रबाट आयोजना हुने एनएसएलले पनि फुटबलमा विकास हुने विश्वास छ,' उनले भने, 'चार महिनासम्म चल्ने लिगले केही नयाँपन दिनेछ ।'

लिगका लागि चार महिनाको अनुमति

एन्फाले यसअघि एनएसएलका लागि एक महिनाको समयसीमा तोकेको थियो । यसपटक सहजै चार महिनासम्म लिग सञ्चालन गर्न अनुमति दिइएको छ । एन्फा अध्यक्ष नेम्वाङले आफूलाई पूर्ण जानकारी नभएको बताए । 'एनएसएलको मिति घोषणामा मन्त्रीज्यू आउने विरलै हुन्छ । यसबारे केही थाहा छैन,' नेम्वाङले भने ।

पहिलो संस्करण कोभिडमा

०७७ मा संसारभर कोभिड- १९ को महामारी चलिरहेका बेला नेपालको दशरथ रंगशालामा पहिलोपटक व्यावसायिक फुटबल प्रतियोगिता चलिरहेको थियो । बन्द रंगशालाभित्र सात टोलीले पहिलोपटक आयोजना भएको फ्रेन्चाइज फुटबल लिगमा भाग लिएका थिए । पहिलो संस्करणपछि दोस्रो आयोजना हुन तीन वर्ष लाग्यो । ०८० मा दोस्रो संस्करण भयो । त्यसबेला सहिद स्मारक 'ए' डिभिजन लिगमा आबद्ध क्लबहरूले विरोध जनाएपछि लिगको मिति सरेको थियो । सहमतिपछि दोस्रो संस्करण चैत ०८० मा भयो । तेस्रो संस्करण ०८१ मा भएको थियो । पछिल्लो समय एएफसीको सदस्यता र एएफसीका प्रतियोगितामा भाग लिन एनएसएल टोलीलाई पनि दिनुपर्ने दाबी गरेपछि सहिद स्मारक डिभिजन लिग क्लबहरूले विरोध गर्दै आएका थिए ।

नेपालगन्ज म्याराथनलाई एम्सको प्रतिष्ठित अवार्ड

नेपालगन्ज/ विश्व रनिङको साझा संस्था एसोसिएसन अफ इन्टरनेसनल म्याराथन एन्ड डिस्टेन्स रेस (एम्स)ले नेपालमा आयोजना हुने नेपालगन्ज म्याराथनलाई यस वर्षको एम्स सोसल अवार्ड प्रदान गर्ने निर्णय गरेको छ । संसारभरका रेस आयोजकमध्येबाट छनोट हुने यो एम्सको निकै प्रतिष्ठित अवार्ड हो ।

नर्वेको ट्रम्सोमा आगामी १८-२० जुनमा हुने एम्सको २५औं विश्व कंग्रेसमा नेपालगन्ज म्याराथनलाई सो अवार्ड प्रदान गरिनेछ । छनोट समिति संयोजक एवं एम्स उपाध्यक्ष मार्था मोरालेसबाट अवार्डबारे जानकारी गराएको नेपालगन्ज म्याराथनका संस्थापक टिएस ठकुरीले बताए । यसअघि २०१३ मा इथोपिया, २०१४ मा जापान, २०१५ मा मेक्सिको, २०१६ मा जर्मनी, २०१७ मा कोलम्बिया, २०१८ मा सर्बिया र २०१९ मा स्विट्जरल्यान्डले अवार्ड प्राप्त गरेका थिए ।

'नेपालगन्ज म्याराथन यस वर्षको प्रतिष्ठित एम्स सोसल अवार्ड प्राप्तकर्ताका रूपमा चयन भएको छ,' उनले भनिन्, 'दौडको संसारमा यो अत्यन्तै सम्मानित पुरस्कार हो ।' नेपालगन्ज म्याराथन २०१५ देखि सञ्चालन हुँदै आएको छ । कोभिड १९ को समयमा पनि सरकारको प्रोटोकल कायम राख्दै टोकियो ओलम्पिकका लागि खेलाडी छनोट गर्ने काम नेपालगन्ज म्याराथनले गरेको थियो । 'दौडलाई सामाजिकीकरण गर्न र संस्कृति बनाउन चाहन्छौं,' ठकुरीले भने, 'यो अन्तर्राष्ट्रिय अवार्डले ऊर्जा दिनेछ । नेपाललाई विश्वभर चिनाउनेछ ।'

■ महिला टोलीको बिदाइ



काठमाडौं/ नेपाल क्रिकेट संघ (क्यान)ले मलेसियामा आयोजना हुने एसिसी प्रिमियर कप र २०औं एसियन खेलकुदको छनोटमा सहभागी हुने नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीलाई आइतबार बिदाइ गरेको छ । टोलीमा इन्दु बर्मा कप्तान र पूजा महतो उपकप्तान रहेका छन् । एसियन छनोट २३ देखि ३१ मेसम्म हुनेछ । प्रिमियर कप १ देखि १३ जुनसम्म मलेसियामा हुनेछ ।

तस्बिरः अमुल थापा/नयाँ पत्रिका

■ फिफा विश्वकप २०२६

जर्मन मूलका खेदिरा ट्युनिसियाको टोलीमा

एजेन्सी

ट्युनिसियाले अर्को महिना हुने फिफा विश्वकप फुटबल प्रतियोगिताका लागि २६ सदस्यीय राष्ट्रिय टोली घोषणा गरेको छ । मुख्य प्रशिक्षक साब्री लामुचीले आइतबार अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्ने विश्वकपका लागि टोली घोषणा गरेका हुन् । विश्वकपको समूह 'एफ'मा रहेको ट्युनिसियाले जापान, नेदरल्यान्ड्स र स्विडेनको सामना गर्नेछ । प्रशिक्षक साब्रीले टोली घोषणा गर्दा जर्मन मूलका रानी खेदिरालाई समेटेका छन् । ट्युनिसियाको टोलीमा चर्चित खेलाडी नै खेदिरा नै हुन् । उनले पहिलोपटक ट्युनिसियाबाट विश्वकपमा आफ्नो उपस्थिति जनाउनेछन् । ३२ वर्षीय खेदिराले गच मार्चमा ट्युनिसियाबाट विश्वकप खेल्ने निर्णय गरेका थिए । यसअघि उनले हायटी र क्यानडाविरुद्धको मैत्रीपूर्ण खेलमा ट्युनिसियाबाट प्रतिस्पर्धा गरेका थिए ।



प्रशिक्षक साब्रीले विश्वकप टोली घोषणा गर्दा युवा खेलाडीलाई पहिलो प्राथमिकतामा राखेका छन् । सन् २०२५ को अफ्रिका कप अफ नेसन्समा सहभागी सबै खेलाडीले विश्वकपका लागि स्थान बनाउन सकेनन् । प्रशिक्षक साब्रीले नयाँ अनुहार समावेश गरेका छन् । ट्युनिसियाको राष्ट्रिय टोली हेरेयता साब्रीले विश्वकपकै मध्यनजर गरेर टोलीलाई नयाँ स्वरूप दिने र नयाँ खेलाडीमाथि विश्वास गरेका छन् । खेदिरासँगै केही युवा खेलाडीले टोलीमा स्थान पाएका छन् । खलिल आयारी, राएद चिखाउई, रायान एलौमी र ओमार रेकिकले पुनरागमन गरे ।

आइभोरी कोस्ट डिफेन्स र मिडफिल्डमा केन्द्रित

अफ्रिकी राष्ट्र आइभरी कोस्ट १२ वर्षपछि विश्वकपमा फर्किएको हो । मुख्य प्रशिक्षक एमर्स फाएले विश्वकपका लागि टोली घोषणा गर्दा डिफेन्स र मिडफिल्डमा मुख्य ध्यान दिएका छन् । ४२ वर्षीय प्रशिक्षक फाएले यसपटक रक्षापंक्ति र मिडफिल्डमा अनुभवी खेलाडीलाई प्राथमिकतामा राखेर टोली घोषणा गरेका छन् । उनले रक्षापंक्तिमा अनुभवी खेलाडी घिस्लेन कोनान, विलिफ्रड सिंगो, गुएला डुए र आइभोरियन समावेश गरेका छन् । मिडफिल्डमा कप्तान फ्रान्कले जिम्मेवारी पाएका छन् ।

> जर्मनीमा जन्मिएका रानी खेदिराले गत मार्चमा ट्युनिसियाबाट विश्वकप खेल्ने प्रस्ताव स्विकारेका थिए

नेसन्स कपमा आइभरी कोस्टको फिनिसिङ बलियो देखिएको थियो । तर, प्रशिक्षक फाएले विश्वकपमा फरक रणनीतिका साथ प्रतिस्पर्धा गर्ने बताएका छन् । यसकारण उनले कम गोल खाने र खेल नियन्त्रणमा राख्न मिडफिल्डमा अनुभवी खेलाडी समावेश गरेको बताएका छन् । घोषित टोलीमा अमाद डयालोले आरबी लाइपजीबाट प्रतिस्पर्धा गर्छन् । यसैगरी, यान डियोमान्डे पनि बुन्डेस लिगमै आबद्ध छन् । टोलीमा नयाँ खेलाडीका रूपमा इभान गेसाँड रहेका छन् । यसैगरी, सिरिए टोली इन्टरमिलानका योआन बोन्नी पनि टोलीमा परेका छन् ।

५२ वर्षपछि फर्किएको हाइटी

सन् १९७४ पछि हाइटी विश्वकपमा फर्किएको छ । यसपटकको विश्वकपमा हाइटीले युवा तथा अनुभवी खेलाडीलाई समावेश गरी २६ सदस्यीय टोली घोषणा गरेको छ । क्यारिबियन राष्ट्र हाइटीले ५२ वर्षअघिको विश्वकपमा गतिलो प्रदर्शन गर्न सकेको थिएन । यसपटक कम्तीमा एउटा जित निकाल्ने लक्ष्य हाइटीको छ । मुख्य प्रशिक्षक सेबास्टियन मिग्नेले स्कटल्यान्ड, ब्राजिल र मोरक्को सम्मिलित समूहमा प्रतिस्पर्धा गर्ने टोलीमा सिनियर खेलाडीको बाहुल्यता छ । कप्तान तथा गोलरक्षक जोह्नी प्लासिड, डिफेन्डर रिकार्डो अडे र कार्लेन्स आर्कस हाइटीका मुख्य खेलाडीमा पर्छन् । यो सिजन फ्रेन्च लिग वानमा कार्लेन्सले उत्कृष्ट प्रदर्शन गरेका थिए । मिडफिल्डमा पिएरे र डान्ली ज्याक र स्टाइकरमा डकेन्स नाजोन छन् । प्रशिक्षक मिग्नेले प्रयोगका रूपमा नयाँ खेलाडीलाई टोलीमा राखेका छन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com